एक दशकको

यात्रा

२०७२ - २०८२

उपलब्धि, चुनौती र सम्भावनाहरुको दस्तावेज



राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

एक दशकको यात्रा

(२०७२–२०८२)

उपलब्धि, चुनौती र सम्भावनाहरूको दस्तावेज

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

बि.पि.सि. भवन (पाँचौं तला), बुद्धनगर, काठमाडौं-१०, नेपाल

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
बि.पि.सि. भवन (पाँचौं तला), बुद्धनगर, काठमाडौं-१०, नेपाल

२०८२ श्रावण

मा. दिपक खड्का
मन्त्री
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

निजी सचिवालय
सिंहदरबार, काठमाडौं ।
फोनः ९७७-१-४२११५१३
फ्याक्सः ९७७-१-४२११५१०

पत्र संख्याः
चलानी नं.:

शुभकामना सन्देश



राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको १०औँ वार्षिकोत्सवको अवसरमा सम्पूर्ण कर्मचारी तथा सरोकारवालाहरूलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

विद्युत ऊर्जाको दिगो तथा प्रभावकारी विकासका लागि नेपाल सरकारले अवलम्बन गरेको "विद्युत ऊर्जा प्रणालीको खण्डीकरण तथा पुनर्संरचना" अवधारणाअनुसार प्रसारण प्रणालीको नेतृत्व गर्ने राष्ट्रिय निकायका रूपमा राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको स्थापना गरिएको हो। सोही अनुरूप विद्युत प्रसारण तथा भार सम्प्रेषणका लागि आवश्यक विभिन्न भोल्टेज स्तर तथा प्रसारण क्षमताका प्रसारण लाइन, सवस्टेशन तथा अन्य पूर्वाधारहरूको निर्माण, विस्तार, आधुनिकीकरण तथा मर्मतसम्भार गरी प्रसारण प्रणालीको सुरक्षित तथा भरपर्दो सञ्चालन गर्नु कम्पनीको मुख्य दायित्व हो।

नेपाल सरकारको ऊर्जा विकास मार्गचित्र २०८१, सोह्रौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य तथा समग्र आर्थिक समृद्धिसँग समन्वय गर्दै कम्पनीले सन् २०४० सम्म निर्माण गरिनुपर्ने प्रसारण पूर्वाधारको गुरुयोजना तयार गरी त्यसअनुसार वार्षिक योजनाहरू कार्यान्वयन गरिरहेको छ। ऊर्जा विकास मार्गचित्र अनुसार हालको कुल विद्युत जडित क्षमता ३,८७८ मेगावाटलाई आ.व. २०८५/८६ सम्म १३,५०० मेगावाट र आ.व. २०९०/९१ सम्म २८,५०० मेगावाटमा विस्तार गर्ने लक्ष्य लिएको छ। त्यसैगरी, आ.व. २०९०/९१ सम्म १३२ के.भी. क्षमताका ६,४३१ सर्किट किलोमिटर, २२० के.भी. का ४,०६१ सर्किट किलोमिटर र ४०० के.भी. का ६,४४० सर्किट किलोमिटर प्रसारण लाइन निर्माण गर्ने र सबस्टेशनको क्षमता ४०,००० एम.भी.ए. पुऱ्याउने लक्ष्य राखेको छ।

प्रसारण आयोजनाहरूको सफल कार्यान्वयनका लागि नेपाल सरकारले प्राविधिक जनशक्ति विकास तथा आवश्यक वित्तीय स्रोतको सुनिश्चितता गर्दै आएको छ। साथै, निजी क्षेत्रको सहभागिता बढाउन नीतिगत तथा कानुनी संरचनाहरूको परिमार्जन र सुदृढीकरण गर्ने कार्य पनि अगाडि बढाइएको छ। "एक देश, एक ग्रिड" अवधारणाअनुसार प्रसारण प्रणालीलाई पुनर्संरचना गरी आधुनिक, एकीकृत तथा प्रभावकारी बनाउनु अत्यावश्यक छ। यस सन्दर्भमा सम्पूर्ण प्रसारण संरचनाको विकास, सञ्चालन तथा व्यवस्थापन कार्यलाई एउटै निकायमार्फत गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गर्दै नेपाल विद्युत प्राधिकरण अन्तर्गत रहेका प्रसारण प्रणालीहरू क्रमशः राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडमा हस्तान्तरण गर्ने व्यवस्था गर्नेछ।

त्यस्तै, विद्युत ऐन तर्जुमा तथा कार्यान्वयन, ह्विलिङ शुल्क निर्धारण र प्रशारण प्रणालीमा खुला पहुँच सुनिश्चित गर्न सरकार प्रतिवद्ध छ। राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको सफल सञ्चालनले ऊर्जा क्षेत्र सुदृढ बनाई आर्थिक विकासमा योगदान पुऱ्याउनेमा सरकार विश्वस्त छ।

दिपक खड्का
मन्त्री

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं.:

च.नं.:

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१

फ्याक्स : ९७७-१-४२११५१०

सिंहदरबार, काठमाण्डौ

शुभकामना



राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको १०औं वार्षिकोत्सवको यस सुखद अवसरमा कम्पनीका सम्पूर्ण संचालक, राष्ट्रसेवक कर्मचारी तथा सरोकारवालालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। पावर सेक्टर रिफोर्म कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणको संरचनामा खण्डिकरण गरी उत्पादन, प्रसारण र वितरण सेवा प्रवाह गर्ने भिन्न-भिन्न निकाय गठन गर्ने नेपाल सरकारको सुधार कार्यक्रमको मर्म अनुरुप विद्युत प्रसारणको रणनीतिक संवेदनशीलता समेतलाई विचार गरी यसको निर्माण, विस्तार तथा स्तरवृद्धि लगायत प्रसारण ग्रिडको समग्र व्यवस्थापनका लागि राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड कम्पनी मिति २०७४/०३/२७ मा स्थापना भएको हो।

यस एक दशकको अवधिमा कम्पनीले आफ्नो उद्देश्य अनुरुप २० वर्षे प्रसारण गुरुयोजना र ५ वर्षे कर्पोरेट प्लान अनुसार नै प्रसारण प्रणालीको खण्डिकरण अवधारणा अनुरुप नेपाल विद्युत प्राधिकरणको प्रसारण निर्देशनालयसँगको एकीकरण प्रतिवेदनको कार्यान्वयन, प्रसारण शुल्क निर्धारणको फ्रेमवर्क, नेपाल विद्युत प्राधिकरणसँग प्रसारण-प्रसारण सम्झौता एवं सोहि अनुरुप विभिन्न विद्युत उत्पादक कम्पनीसंग ग्रिड कनेक्शन सम्बन्धी समझदारीपत्र जस्ता उल्लेखनीय कार्यहरु भईरहेका छन् । हाल कम्पनीबाट कर्णाली कोरिडोर ४०० के.भी., मेवा-चाँगे १३२ के.भी. र दरौंदी कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् भने ४०० के.भी. का भेरी कोरिडोर, अरुण कोरिडोर एवं पश्चिम सेती कोरिडोर प्रसारण लाइन आयोजनाको अध्ययन कार्य सम्पन्न गरी निर्माणको लागि वित्तीय स्रोत व्यवस्थापनको कार्य भईरहेको छ । साथै, नेपाल सरकारको प्रसारण लाइन निर्माणमा निजी लगानीकर्ताहरूलाई सहभागी गराउने नीति अनुरुप कम्पनीले सार्वजनिक-निजी-साझेदारी अवधारणा मार्फत केही प्रसारण लाइन आयोजना निर्माण गर्न लागेको छ ।

यस कम्पनीले आफ्नो १० वर्षे विकास यात्रामा विभिन्न चुनौतीहरुको सामना गरिरेहको छ । नेपाल सरकारको लक्ष्य अनुरुपको प्रसारण संरचना निर्माणका लागि वित्तीय स्रोतको अभाव, प्रसारण प्रणालीका लागि मार्गाधिकार क्षेत्र प्राप्ति तथा रूख कटान सम्बन्धी प्रभावकारी एवं एकीकृत नीतिको अभाव र कम्पनीको स्थापनाको उद्देश्य अनुरुप प्रसारण संरचनागत सुधार अन्तर्गत प्राधिकरणलाई विभक्तिकरण गरी प्रसारण प्रणाली विकास गर्ने एकीकृत संस्थाको रुपमा अगाडी बढाउन र संरचनागत व्यवस्था मिलाउन आवश्यक छ । यी चुनौतीहरुलाई नीतिगत तथा व्यवस्थापकीय माध्यमबाट यथा समयमा सम्बोधन गर्दै यस कम्पनीलाई देशको समग्र प्रसारण प्रणाली निर्माण, विकास, आधुनिकीकरण र सञ्चालनमा नेतृत्वदायी संस्थाका रुपमा विकास गरी देशको ऊर्जा आपूर्ति र ऊर्जा व्यापारको शसक्त संवाहक बनाउनु जरूरी रहेको छ ।

अन्त्यमा, सदाझै यस कम्पनीको उद्देश्य प्राप्तिका लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट समय समयमा आवश्यक मार्ग निर्देशन, सहयोग र सहजीकरण हुने नै छ । कम्पनीको सञ्चालक समितिको अध्यक्षको हैसियतले यस कम्पनीको कार्य प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि समस्त शेयरधनी, सञ्चालक, कर्मचारी तथा सम्पूर्ण सरोकारवालहरुलाई १०औं वार्षिकोत्सवको उपलक्ष्यमा पुनः हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु।

(सुरेश आचार्य)
सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
एवम्
अध्यक्ष, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

बुद्धनगर, काठमाडौं

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)



प्रतिवद्धता

विद्युत् ऊर्जाको समुचित विकास र व्यवस्थित प्रवाह सुनिश्चित गर्न विद्यमान प्रणालीको पुनर्संरचना गर्दै, प्रसारण प्रणालीको नेतृत्व गर्ने राष्ट्रिय निकायको रूपमा वि.सं. २०७२ सालमा स्थापना भएको यस कम्पनीले १०औं वर्ष पूरा गरेको यस गौरवपूर्ण अवसरमा, म व्यक्तिगत रूपमा र कम्पनी परिवारको तर्फबाट संस्थापक, शेयरधनी, सरोकारवाला तथा शुभेच्छुकहरूप्रति हार्दिक शुभकामना तथा कृतज्ञता व्यक्त गर्दछु ।

नेपाल सरकारको ऊर्जा विकास मार्गचित्र, सोह्रौं पञ्च वर्षीय योजना, दीगो विकास लक्ष्य र अन्य आर्थिक लक्ष्यहरूसँग सामञ्जस्य गर्दै, कम्पनीले सन् २०४० सम्म देशभरका प्रसारण लाइनहरूको गुरुयोजना तयार गरी वार्षिक योजना कार्यान्वयन गर्दै आएको छ । हाल ३ वटा प्रसारण लाइन निर्माणको चरणमा, ५ वटा सार्वजनिक-निजी साझेदारी तथा वित्तीय संस्थासँग सहकार्यमा वित्तीय सुनिश्चितताका प्रक्रियामा, र बाँकी डिजाइन तथा वातावरणीय अध्ययनका विभिन्न चरणमा रहेका छन् । नेपाल सरकारबाट स्वीकृत प्रसारण लाइन गुरुयोजनाअनुसार नदी कोरिडोरहरूमा आधारित विभिन्न प्रसारण पूर्वाधारहरू पहिचान गरी प्राथमिकताका आधारमा विस्तृत इन्जिनियरिङ् अध्ययनको लागि विद्युत् सर्वेक्षण अनुमति प्राप्त गर्ने कार्य जारी छ । साथै, कम्पनीले निर्माणाधीन आयोजनाका डिजाइन दस्तावेजहरूलाई राष्ट्रिय प्रसारण लाइन मापदण्डका रूपमा विकसित गर्दै, ती मापदण्ड कार्यान्वयनतर्फ सक्रिय रूपमा अग्रसर छ ।

एक दशकको अनुभवले हामीलाई अझ परिपक्व र सुदृढ संस्था बन्ने आधार प्रदान गरेको छ । आगामी दिनमा, प्राथमिकताको आधारमा नदी करिडोरमा एकीकृत प्रसारण पूर्वाधार तीव्र गतिमा निर्माण गर्दै, सार्वजनिक– निजी साझेदारी प्रवर्द्धन र नवीनतम प्रविधिको प्रयोगमार्फत हाम्रो ग्रिड प्रणालीलाई भविष्यमुखी बनाउने लक्ष्य लिएका छौं । यस क्रममा, नेपाल सरकारको 'ऊर्जा विकास मार्गचित्र, २०८१' ले तय गरेका प्रसारण पूर्वाधारको लक्ष्य प्राप्तिमा हाम्रो सम्पूर्ण ध्यान केन्द्रित रहेको छ । लगानी विविधिकरण र जोखिम न्यूनिकरणका आधुनिक उपाय अपनाउँदै दीर्घकालीन वित्तीय स्रोत परिचालन र प्रणालीगत सुधारमार्फत संस्थाको प्रभावकारिता बढाउने उद्देश्यमा केन्द्रित छौं । त्यस्तै, कर्मचारीहरुको क्षमता विकास, संस्थागत सुशासन र नवीन प्रविधिको प्रयोगलाई निरन्तर प्राथमिकतामा राखेर काम गर्नेछौं ।

नेपाल सरकार एवम् ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको नीतिगत मार्गदर्शन, सञ्चालक समितिको अभिभावकीय नेतृत्व, नियामक निकाय, लगानीकर्ता, आम नेपाली जनता र सरोकारवालाहरूको सहयोग तथा कर्मचारीहरूको प्रतिबद्धताबाट कम्पनीले आफ्नो लक्ष्य हासिल गरी राष्ट्र निर्माणमा विश्वसनीय संस्था हुनेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा, यो एक दशकको यात्रामा हामीप्रति देखाइएको विश्वास, साथ र सहकार्यप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै, आगामी दिनहरूमा अझ प्रभावकारी रुपमा योगदान दिने प्रतिबद्धता व्यक्त गर्दछु ।

'बिजुली मार्ग - समृद्ध नेपालतर्फको यात्रा'

ई. सागर श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत
राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

भूमिका



सरकारले २०४८ साल ताका अवलम्बन गरेको उदारीकरण र निजीकरण नीतिअनुसार, २०४९ सालमा जल विद्युत् विकास नीति र विद्युत् ऐन जारी गर्यो। विद्युत् क्षेत्रमा निजी लगानी प्रवर्द्धन गर्न विद्युत् विकास केन्द्र (हालको विद्युत् विकास विभाग) स्थापना गरियो। निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने क्रममा विद्युत् क्षेत्रमा सुधारको आवश्यकता महसुस भयो र विभिन्न समयमा तीनवटा अध्ययन प्रतिवेदनहरू लेखिए। जलविद्युत् विकास नीति,२०५८ ले नेपाल विद्युत् प्राधिकरणको विभक्तिकरण गर्ने र अन्य निकाय स्थापना गर्ने विषयलाई अगाडि सार्यो। तत्काललाई नेपाल विद्युत् प्राधिकरणलाई विभक्तिकरण गर्दा अपेक्षित उपलब्धि हासिल नहुने र स्रोत साधन मात्र खर्च हुने अवस्था रह्यो। विद्युत् प्राधिकरणको विभक्तिकरण सर्वस्वीकार्य हुने अवस्था थिएन तर विद्युत् क्षेत्रको सुधार आवश्यक थियो र नेपालको परिस्थिति अनुसार अगाडि बढ्न जरुरी थियो।

दातृ निकायले पहिचान गराएका सेक्टर सुधारका सुझावहरु जस्ताको त्यस्तै लागू गर्न सहज थिएन। त्यसैले हालको शैलीमा सुधारलाई अगाडि बढाइएको हो। यस शैलीमा सुधारलाई अगाडी लैजान पहिलो पावर सेक्टर सुधार परियोजनाको टास्क म्यानेजरको यस अवधारणालाई क्रमशः अगाडि बढाउन नीति महाशाखा प्रमुख, कानुन महाशाखाका पदाधिकारीहरू, नेपाल विद्युत् प्राधिकरणको संचालक सामिति, सचिवज्यूहरू, मुख्य सचिवको भूमिका, कम्पनीको संचालक समिति र पहिलो कार्यकारी अधिकृतको अथक प्रयास सराहनीय छ। पावर सेक्टर सुधारका आवश्यक अवयवहरू उत्पादन, वितरण, व्यापार, नियामक निकाय आदि मध्ये विद्युत् प्रसारणका लागि छुट्टै संरचनाको स्थापना गरेर अगाडि बढ्ने र सरकारले नेपाल विद्युत् प्राधिकरण मार्फत बनाइरहेका उच्च भोल्टेज प्रसारण लाइन क्रमशः विद्युत् प्रसारण कम्पनीमा हस्तान्तरण गर्दै, १३२ किलोभोल्ट क्षमताभन्दा ठूलो प्रसारण लाइन यस कम्पनी अन्तर्गत सञ्चालन गर्ने तथा १३२ किलोभोल्ट क्षमता र सो भन्दा कम भोल्टेजका प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरणकै वितरण प्रणालीका लागि प्रयोग हुन सक्ने भएको ले सोही अनुसार हुने गरी प्रसारण कम्पनी स्थापनाको लागि यस ग्रिड कम्पनीको स्थापना गरिएको हो।

विद्युत् प्रसारण प्रणालीको ज्ञान भएको जनशक्ति क्रमशः नेपाल विद्युत् प्राधिकरणबाट पनि कम्पनीमा आवद्ध गरिनु आवश्यक छ। यस क्षेत्रको विकासक्रम अनुसार केही निकायका जिम्मेवारी थपघट हुन सक्छ। यस्तै गरेर सेयर होल्डरहरू पनि थपघट गर्न सकिने छ।

यस दस्तावेजमा कम्पनीले हालसम्म गरेका र गरिरहेका कामहरूको विस्तृत प्रस्तुति छ। यस्तै काम गर्दै जाँदा पहिचान गरिएका समस्या र चुनौतीको राम्ररी चित्रण गरिएको छ। समस्या र चुनौतीलाई सम्बोधन गर्न पहिचान गरिएका उपायहरू व्यवहारिक छन्। सरकारले प्रचलित कानूनमा सामान्य संशोधन गरेर सहज रूपमा समस्याको समाधान निकाल्न सक्ने अवस्था छ।

१९९८ मा नर कन्सल्टले तयार गरेको "ट्रान्समिसन लाइन मास्टर प्लान" लाई आवधिक गरी यस कम्पनीको पहलमा तयार गरिएको प्रसारण लाइनको योजना, जलविद्युत् नीति २०५८ को व्यवस्थाअनुसार जल तथा शक्ति आयोगको अध्यक्षका हैसियतले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएको थियो। उक्त दस्तावेज नै नेपाल सरकारको आधिकारिक दस्तावेज हो। यसता दस्तावेजलाई समय सापेक्ष परिमार्जन गर्नुपर्ने हुँदा दोस्रो संस्करण प्रसारण प्रकाशन आवश्यकता महसुस गरी प्रकाशन गरिएको छ।

पावर सेक्टरको जटिलता र प्रसारण लाइन निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको उदासीनता, सरकारको बजेट उपलब्ध गराउने क्षमता, दातृ निकायको सीमित लगानी गर्ने अवस्थालाई मध्यनजर गर्दा सार्वजनिक निजी साझेदारी (पी.पी.पी)

मोडलमा यस कम्पनीको अग्रसरतामा प्रसारण लाइन निर्माणमा लैजानु एक मात्र विकल्प रहेको छ। त्यस्तै, राइट अफ वे (Right of Way) को सीमा प्राविधिक दृष्टिले उपयुक्त हुने गरी परिमार्जन गर्न अध्ययन गरी सुझाव पनि गरिएको मापदण्ड सरकारले परिमार्जित गारि लागु गर्दा पूर्वाधार विकास थप प्रभावकारी हुनेछ। कम्पनीको सम्पत्ति व्यवस्थापन (Asset Management) प्रभावकारी रूपमा अगाडि बढाउनु पर्ने हुँदा प्रारम्भिक अवस्थादेखि नै प्रयोगको थालनी जरुरि छ।

यस कम्पनीलाई आत्मनिर्भर बनाउन अन्तरदेशीय प्रसारण लाइनका कम्पनीहरूमा यस कम्पनीको शेयर लगानी गराउँदै वा हस्तान्तरण (Merge) गर्दै जानु आवश्यक छ। प्रथम चरणमा न्यु लम्की (दोदोधारा) बरेली क्रस वोडर ४०० के.भी प्रसारण लाइनको नेपाल खण्डमा यस कम्पनी समेतको सहभागीतामा सुरु गर्न सहज र उचित हुन्छ। एक प्रकृतिको कार्य गर्न एउटा कम्पनीको अवधारणाले मूर्तरूप लिने तथा सञ्चालन सम्भारमा सहजता हुनेछ। कम्पनीको सञ्चालन सम्भार र विस्तारका लागि ह्विलिङ चार्जको व्यावहारिक मोडलहरूको निर्धारण प्राथमिकतामा राखी अगाडि बढाउनुपर्नेछ।

अन्त्यमा, यस दस्तावेजमा राजनीतिक र प्रशासनिक नेतृत्व, कम्पनीका कर्मचारी तथा सरोकारवालाहरूलाई पर्याप्त जानकारी उपलब्ध छ। यस संस्थाको उद्देश्य अनुरूपको उपलब्धि हासिल गर्न परेका कठिनाइको पहिचान गरिएको छ र नेतृत्व तहले यस समस्याको समाधान पहिल्याउन दस्तावेजले मद्दत गरेको छ। यो दस्तावेज कम्पनी सञ्चालनमा आएदेखि हालसम्मको प्रगति र समस्या समाधानका लागि गरिएका कार्यहरूको प्रतिविम्ब हो। यस दस्तावेजलाई एक श्वेतपत्र पनि मान्न सकिन्छ।

धन्यवाद।

अनुप कुमार उपाध्याय
पूर्व अध्यक्ष
राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

विषय सूची

१ भूमिका १
१.१ पृष्ठभूमि २
१.२ परिचय २
१.३ सोच, गन्तव्य र लक्ष्य ३
१.४ कार्यक्षेत्र ४
१.५ पूँजीगत संरचना ५
१.६ रणनीति ५
२. सम्पादन गरेका कार्यहरू ७
२.१ प्रसारण गुरुयोजना ८
२.२ पाँचवर्षे संस्थागत योजना ९
२.३ व्हिलिङ् शुल्कको फ्रेमवर्क १०
२.४ प्रसारण प्रणाली खण्डीकरण तथा फ्रेमवर्क योजना १०
२.५ ने.वि.प्रा.सँगको अन्तर-प्रसारण सम्झौता ११
२.६ अधिकार क्षेत्रको पुनरावलोकन १२
२.७ प्रसारण प्रणालीको सम्पत्ति व्यवस्थापन १३
२.८ वित्तीय बेरुजु १३
३ पूँजी विकासमा उपलब्धी १४
४ कार्यान्वयनमा रहेका प्रसारण लाइन आयोजनाहरू १८
४.१ निर्माणाधीन प्रसारण लाइन आयोजनाहरू १९
४.२ सार्वजनिक निजी साझेदारी अन्तर्गत निर्माण हुने प्रसारण लाइन आयोजनाहरू २१
४.३ अध्ययन सम्पन्न भएका प्रसारण लाइन आयोजनाहरू २३
४.४ अध्ययनरत प्रसारण लाइन आयोजनाहरू २५
५. प्रसारण प्रणाली निर्माणमा निजी क्षेत्रसँगको सहकार्य २७
५.१ विशिष्टीकृत आयोजना कार्यान्वयन इकाई २८
५.२ विद्युत महसुलमा आधारित प्रतिस्पर्धा २८
५.३ ऋण व्यवस्थापन २९
६ मानव संसाधन ३०
६.१ पृष्ठभूमि ३१
६. २ कम्पनीको साङ्गठनीक संरचना ३१
६.३ हाल कार्यरत कर्मचारीको विवरण ३१
६.४ लोकसेवा आयोग मार्फत पदपूर्ति ३३
६.५ उत्तराधिकारी योजना ३३
६.६ कर्मचारीहरूको क्षमता अभिवृद्धि, उत्प्रेरणा तथा मनोबल ३३

६.७ प्रशासनिक एवं मानव विकास संसाधन विकासको भावी योजना एवं मार्ग चित्र ३४
७ बजेट र लगानीको स्रोत ३५
७.१ सरकारको प्रत्यक्ष लगानी ३६
७.२ वैदेशिक सहकार्य र लगानी ३६
८ कम्पनी विकासका चुनौती ३७
८.१ वित्तीय चुनौती ३८
८.२ प्रसारण प्रणालीको संरचनात्मक सुधार ३९
८.३ वातावरणीय एवं सामाजिक चुनौती ३९
८.४ प्रसारण अधिकार क्षेत्रको प्राप्ति ४०
८.५ व्हिलिङ् शुल्क ४०
८.६ प्रविधि हस्तान्तरण र क्षमता निर्माण ४०
९ अबको बाटो ४१
१० अनुसूचीहरू ४९-६०

१. भूमिका



केराबारी–न्यू मर्स्याङ्गदी (दरौंदी कोरिडोर) १३२ के.भी. आयोजना अन्तर्गत निर्माण गरिएका प्रसारण लाइन टावरहरू, गोरखा।

१.१ पृष्ठभूमि

सार्वजनिक निकाय र संस्थानको प्रभावकारी विकास, चुस्त सञ्चालन र आर्थिक रूपमा स्वाबलम्बी गराउने उद्देश्यले विश्वव्यापी रूपमा ९० को दशकबाटै विद्युत प्रणालीको भर्टिकल विभाजन (Vertical Disintegration) सुरु भएको हो। नेपालको सन्दर्भमा भने यसको तात्विक बहस करिब २० वर्षपछि मात्र सुरु भयो। तत्कालीन अवस्थामा विद्युतको माग र आपूर्तिबिच ठूलो असन्तुलनका कारण देशले भोगेको चरम लोडसेडिङ समस्याको दिगो समाधानस्वरूप विद्युत क्षेत्र र नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) को संस्थागत सुधारमा केन्द्रित भयो।

देशको विद्युत आपूर्ति गर्ने एक मात्र सरकारी निकाय ने.वि.प्रा. संस्थागत रुपमा ठूलो तथा कार्यक्षेत्र भएका कारण काम चुस्त हुन नसक्दा, बढ्दो सार्वजनिक ऋण/लगानी अनुरूपको प्रतिफल नआएको कारणले विद्युतको विभिन्न इको-सिस्टममा निजी लगानी प्रवेश गराई प्रतिस्पर्धात्मक सेवा प्रवाह गर्ने उद्देश्य राखी ने.वि.प्रा.को खण्डीकरण गरी उत्पादन, प्रसारण र वितरण सेवा प्रवाह गर्ने भिन्न-भिन्न निकाय गठन गर्ने सरकारको दृष्टिकोण रह्यो।

विद्यमान जलविद्युत विकास नीति, २०५८ को बुँदा ६.१५.२ मा नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको विद्युत केन्द्रहरूको सञ्चालन, विद्युत प्रसारण तथा राष्ट्रिय ग्रिड सञ्चालन एवं विद्युत वितरण सम्बन्धी कार्यहरू क्रमशः विभाजन गरी यसका लागि उपयुक्त संस्थागत व्यवस्था गरिने उल्लेख छ। यही मर्म बमोजिम तथा तत्कालीन ऊर्जा मन्त्रीबाट मिति २०६७/१२/९ मा ऊर्जा सङ्कटको समाधानका सम्बन्धमा व्यवस्थापिका-संसद समक्ष प्रस्तुत सरकारको धारणा र भावी कार्यक्रम सम्बन्धी सार्वजनिक वक्तव्य तथा सम्माननीय राष्ट्रपतिबाट व्यवस्थापिका-संसद समक्ष प्रस्तुत नेपाल सरकारको नीति तथा कार्यक्रममा समेत प्रसारण लाइनसम्बन्धी काम छुट्टै संस्था खडा गर्नुपर्ने र सो संस्थाले अन्तरदेशीय प्रसारण लाइनको निर्माण र पूर्व-पश्चिम तथा उत्तर-दक्षिण नदी प्रणालीमा आधारित प्रसारण लाइनको निर्माण गरिने कुराको कार्यादेश दिइएको छ।

यसरी राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको स्थापना गर्दा प्राधिकरणको मौजुदा विद्युत प्रसारण प्रणालीलाई यही कम्पनीमा क्रमशः समाहित गरी क्रमिक रूपमा प्राधिकरणको विद्युत प्रसारण प्रणाली तथा भार प्रेषण केन्द्र समेत पछि यसै संरचनामा समाहित गरिने कुरा उल्लेख भएको छ। सोही अनुरूप नेपाल सरकारले २०६८/०४/२७ मा प्रसारण क्षेत्रको रणनीतिक संवेदनशीलता समेतलाई विचार गरी यसको निर्माण, विस्तार तथा स्तरवृद्धि लगायत प्रसारण ग्रिडको समग्र व्यवस्थापन गर्ने गरी राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको स्थापना गर्ने निर्णय गरियो, जसमा देहाय बमोजिमका विषय उल्लेख गरिएका छन्:

- राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड नामको एक छुट्टै स्वःशासित संस्था प्रचलित कम्पनी ऐन, २०६३ बमोजिम स्थापना गर्ने। स्थापना गर्ने सम्पूर्ण कार्यको जिम्मेवारी ऊर्जा मन्त्रालयलाई दिने।
- स्थापित कम्पनीले नयाँ निर्माण हुने भार सम्प्रेषण केन्द्र लगायत ३३ के.भी., १३२ के.भी., २२० के.भी., ४०० के.भी. तथा आवश्यकतानुसार सो भन्दा माथिको भोल्टेज स्तरका प्रसारण संरचनाहरूको निर्माण, सञ्चालन, पुनर्निर्माण, पुनर्संरचना, विस्तार, विविधीकरण, मर्मत-सम्भार र सोसँग सम्बन्धित कार्यको व्यवस्थापन गर्ने।
- विद्युत प्रसारण लाइनको निर्माण, विस्तार तथा सञ्चालन लगायत राष्ट्रिय प्रसारण ग्रिडको व्यवस्थापनका लागि कम्पनीलाई चाहिने आवश्यक पूँजीको स्रोत व्यवस्थापन गर्ने सम्पूर्ण कार्यको जिम्मेवारी अर्थ मन्त्रालयलाई दिने।
- प्रस्तुत कम्पनीको विधिवत स्थापनाका लागि प्राधिकरणको विद्युत प्रसारण प्रणालीको मौजुदा संरचना क्रमिक रूपमा यस कम्पनीमा समावेश गर्ने तथा कम्पनीमा प्राधिकरणको लगानी सुनिश्चित गर्न प्राधिकरणलाई अनुमति दिने।

तर, स्थापनाको सुरुवाती चरणमा ने.वि.प्रा.को सहमति नभएको कारण सो बिना नै नेपाल सरकारका आठ मन्त्रालयको शेयरधनीको रूपमा २०७२/०३/२७ गते यो कम्पनीको स्थापना भयो। यसबिच लामो समय निष्क्रिय प्राय: रह्यो र करिब डेढ वर्षपछि कम्पनीले पहिलो कार्यकारी प्रमुखको नियुक्ति गरी २०७३ पौषबाट कम्पनी रजिस्ट्रारको कार्यालयबाट सञ्चालनको अनुमति लिई विधिवत रूपमा सञ्चालनमा आयो।

१.२ परिचय

नेपाल सरकारको निर्णयानुसार विद्युत ऊर्जाको समुचित विकासका लागि विद्यमान प्रणालीलाई खण्डीकरण र पुनर्संरचना गर्ने नेपाल

सरकारको अवधारणा अनुसार प्रसारण प्रणालीको नेतृत्व गर्ने राष्ट्रिय निकायको रूपमा कम्पनी ऐन, २०६३ अनुसार यो कम्पनी स्थापना भएको हो। कम्पनी स्थापना गर्दा नेपाल विद्युत प्राधिरकण संस्थापक शेयरधनीको रूपमा नरहेकोले कम्पनीको आ.व. २०७३/७४ को वार्षिक साधारण सभाबाट कुल शेयरमध्ये ४८.७२ प्रतिशत शेयर दिने गरी ने.वि.प्रा.लाई संस्थापक शेयरधनीको रूपमा समावेश गरिएको थियो।

नेपालमा विद्युत शक्तिको प्रसारण लगायत भार सम्प्रेषण गर्ने कार्यका लागि आवश्यक विभिन्न भोल्टेज स्तर तथा प्रसारण-क्षमताका प्रसारण लाइन, सबस्टेसन तथा अन्य आवश्यक संरचनाको निर्माण, विस्तार, आधुनिकीकरण र मर्मत-सम्भार गरी प्रसारण प्रणालीको सुरक्षित एवं भरपर्दो तवरले सञ्चालन गर्ने कम्पनीको मुख्य कार्य रहेको छ। यसै क्रममा नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजनाको लक्ष्य, सहस्राब्दी विकास लक्ष्य र अन्य आर्थिक विकासका लक्ष्यबिच सामञ्जस्यता कायम गरी यस कम्पनीबाट सन् २०४० सम्म देशका विभिन्न स्थानमा प्राथमिकताको आधारमा निर्माण गरिने प्रसारण लाइनको गुरुयोजना तयार गर्ने कार्य भयो र सोही गुरुयोजनाको मर्म बमोजिम ५ वर्षे संस्थागत योजना (Corporate Plan) एवं वार्षिक नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरिएको छ।

कम्पनीको संस्थागत उपस्थितिको सन्दर्भमा नेपाल सरकारको (विभिन्न ८ मन्त्रालयको प्रतिनिधित्व हुने गरी) ५१.२८ प्रतिशत र ने.वि.प्रा.को ४८.७२ प्रतिशत शेयर लगानी सहितको सहभागिता रहेको छ र सोको विस्तृत विवरण तालिकामा दिइएको छ।

दर्ता विवरण	मिति	दर्ता नं.
कम्पनीको स्थापना (कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता)	२०७२/०३/२७	१३६९०१/०७१/७२
आन्तरिक राजश्व कार्यालयमा दर्ता	२०७३/१०/१३	६०५६७७५२४
कारोबार स्वीकृति (कम्पनी रजिस्ट्रारको कार्यालयबाट)	२०७३/११/१८	
संस्थागत शेयरधनी	**क. नेपाल सरकारको तर्फबाट:** १. श्री अर्थ मन्त्रालय २. श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ३. श्री रक्षा मन्त्रालय ४. श्री गृह मन्त्रालय ५. श्री वन तथा वातावरण मन्त्रालय ६. श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ७. श्री भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय ८. श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय **ख. नेपाल विद्युत प्राधिकरण**	

१.३ सोच, गन्तव्य र लक्ष्य

(क) सोच (Vision)

देशभर विद्युतीय ऊर्जामा पहुंच हुने गरी पर्याप्त प्रसारण संजालको प्रत्याभूति सहित विश्वस्तरीय प्रसारण कम्पनीको रूपमा रुपान्तरण हुने।

(ख) गन्तव्य (Mission)

सवल र प्रभावकारी ग्रिड मार्फत भरपर्दो विद्युत प्रसारण सेवा प्रदान गरी देशको आर्थिक विकासमा टेवा पुऱ्याउने।

(ग) उद्देश्य (Objectives)

कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख गरिए अनुसार कम्पनीका प्रमुख उद्देश्य यस प्रकार रहेको छः

- ✓ जलविद्युत उत्पादकहरूबाट उत्पादन गरेको विद्युत केन्द्रिय प्रसारण प्रणालीमा आबद्ध आपूर्ति गर्न प्रसारण ट्रान्समिशन

पूर्वाधार विकास गर्ने।

- ✓ ट्रान्समिशन ग्रिड प्रयोगकर्ताहरूसँग नियामक निकायद्धारा निर्धारित व्हिलिङ्ग चार्ज (Wheeling Charge) तथा रोयल्टी सङ्कलन गर्ने।
- ✓ प्रसारण लाइन, सबस्टेसन र भार सम्प्रेषण केन्द्रहरूको निर्माण, विस्तार र आधुनिकीकरण गर्ने।
- ✓ हाइड्रोपावर आयोजनाहरूको स्थान र भार केन्द्रहरू (Load Center) लाई दृष्टिगत गरी पूर्व-पश्चिम राजमार्गमा आधारित र उत्तर-दक्षिण नदी प्रणालीहरूमा आधारित प्रसारण ग्रिड विकास गर्ने।
- ✓ वास्तविक सञ्चालन व्यवस्थापन (Real Time Operation) को जिम्मेवारी लिने।
- ✓ ग्रिड प्रणालीको मूल्याङ्कन, अनुगमन र नियन्त्रण गर्ने।

माथि उल्लेखित उद्देश्यसहित कम्पनीको प्रबन्धपत्रमा देहायको अन्य थप व्यवस्था गरिएको छ।

- राष्ट्रिय प्रसारण ग्रिड प्रणाली विस्तार कार्य समग्रमा राष्ट्रको विद्युत पूर्वाधार लगानी हो। विद्युत प्रसारण ग्रिड त्यससँग जोडिएका अन्य संरचनागत प्रणाली सञ्चालनका विषयवस्तु राज्यको रणनीतिगत संवेदनशीलतासँग प्रत्यक्ष सम्बन्धित हुने हुँदा यस्तो विद्युत प्रसारण प्रणाली सञ्चालन गर्ने निकायको व्यवस्थापन राज्य संयन्त्रबाट पूर्णतः अलग राख्न नहुने तर त्यसको स्वायत्त व्यवस्थापन, संस्थापन र संस्थागत विकासका लागि अपरिहार्य हुने हुन्छ। अतः प्रचलित कम्पनी ऐन, २०६३ को परिधिभित्र रही यो कम्पनीको संस्थापन गरिएको हो।

- कम्पनी संस्थापन प्रयोजनका लागि नेपाल सरकारबाट राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड नामको एक छुट्टै स्वायत्व संस्था प्रचलित कम्पनी ऐन, २०६३ बमोजिम स्थापना गर्ने निर्णय भईसकेको छ। प्रस्तुत कम्पनीको विधिवत संस्थापनका लागि ने.वि.प्रा.को विद्युत प्रसारण प्रणालीको मौजुदा संरचना क्रमिक रूपमा प्रचलित कानूनको अधिनमा रही यस कम्पनीमा समावेश गरिने र यस कम्पनीमा प्राधिकरणको लगानी सुनिश्चित गर्न नेपाल सरकारले प्राधिकरणलाई अनुमति समेत दिइसकेको छ।

  कम्पनीको मूख्यतया देहायको मूल्य/मान्यताहरू (Core Values) रहेको छन्:

  - संस्थागत सुशासन
  - उत्तरदायित्व
  - पारदर्शिता एवं जवाफदेहिता
  - वातावरण स्वस्थ्य र सुरक्षा
  - रचनात्मक एवं खोजमूलक सोच

१.४ कार्यक्षेत्र

कम्पनीको उद्देश्य प्राप्तिको लागि मूख्यतया देहायको कार्यक्षेत्र रहेका छन्:

- कम्पनीले निमाण गर्ने १३२ के.भी., २२० के.भी., ४०० के.भी. तथा आवश्यकताअनुसार सो भन्दा माथिका क्षमता तथा किसिमका प्रसारण प्रणाली एवं सबस्टेसनको एकीकृतरूपमा विकास गरी प्राथमिकताका आधारमा तिनको निर्माण, विस्तार, सञ्चालन तथा व्यवस्थापन गर्ने।
- कम्पनीले आवश्यकता अनुसार भार सम्प्रेषण केन्द्रहरूको स्थापना गरी प्राविधिक एवं आर्थिक दृष्टिकोणबाट उपयुक्त प्रणाली सञ्चालन समय तालिका समय तालिका (अप्टिमम् सेड्यूल) तथा प्रेषण तालिका (डिसप्याच सेड्यूल) लाई सम्वद्ध उपयोगकर्तासँग भएको सम्झौताको आधारमा व्यवस्थापन एवं कार्यान्वयन गर्ने।
- कम्पनीले आवश्यकताअनुसार प्रचलित कानूनबमोजिम अनुमतिपत्र प्राप्त अन्य व्यक्ति वा संस्थाले विकास, निर्माण तथा सञ्चालन गरेको विद्युत प्रसारण प्रणाली तथा सम्बद्ध अन्य संरचनाहरू प्रचलित कानूनको अधिनमा रहि आफ्नो प्रणलीमा गाभ्न सक्नेछ। यसरी गाभिएको प्रसारण प्रणालीको स्वामित्व कम्पनीले लिई सञ्चालन गर्न सक्नेछ।

- कम्पनीले आफ्नो प्रसारण ग्रिडको अनुगमन निरन्तर गर्ने र ग्रिड सञ्चालनका लागि ग्रिड संहिता लगायत अन्य आवश्यक संहिता (ग्रिड कोड) निर्माण गर्ने।
- कम्पनीले आफ्नो कार्यक्षेत्र भित्रको कार्य सम्पादन गर्न आवश्यकता अनुसार प्रचलित कानूनबमोजिम कार्य, सेवा तथा वस्तु खरिद गर्न सक्नेछ र यसरी खरिद वा प्राप्त गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा कार्यविधि कम्पनीको विनियमावलीमा व्यवस्थित गरिए बमोजिमको हुनेछ।

  कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन लगायत आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने।
- कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनका सेवाका शर्तहरू निर्धारण गर्ने।
- कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने।
- कम्पनीले आफूलाई आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने क्रममा प्रचलित कानूनको अधिनमा रहि कम्पनीको नामबाट बण्ड, डिभेञ्चर तथा ऋणपत्र जारी गर्ने।
- कम्पनीको नामबाट शेयर, डिभेञ्चर, बण्ड तथा ऋणपत्र खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने।
- विद्युत प्रसारण तथा सम्बद्ध अन्य संरचनाको विकास, निर्माण तथा सञ्चालनका लागि प्रचलित कानूनको अधिनमा रहि स्वदेशी वा विदेशी संस्थाहरूबाट ऋण तथा अनुदान प्राप्त गर्ने।

१.५ पूँजीगत संरचना

यस कम्पनीको अधिकृत पूँजी रु. २५ अर्ब र जारी पूँजी रु. १० अर्ब रहेको छ। सो पूँजीलाई रु. १००।- दरका साधारण शेयरमा विभाजन गरिएको छ। कम्पनीको पूँजीको संरचना निम्नानुसार रहेको छः

कम्पनीको पूँजी संरचना

विवरण	रकम (रु.)
अधिकृत पूँजी	२५ अर्ब
जारी पूँजी	१० अर्ब
चुक्ता पूँजी (नेपाल सरकारका विभिन्न मन्त्रालयबाट)	४ अर्ब २६ करोड ६८ लाख
चुक्ता पूँजी (नेपाल विद्युत प्राधिकरणबाट)	५ करोड
जम्मा चुक्ता पूँजी	**४ अर्ब ३१ करोड ६८ लाख**
नेपाल विद्युत प्राधिकरणबाट चुक्ता हुन बाँकी	३ अर्ब २० करोड ७३ लाख ३३ हजार १ सय
हालसम्म कायम शेयर	६ अर्ब ७४ करोड ७३ लाख ३३ हजार १ सय

१.६ रणनीति

ऊर्जा विकास मार्फत देशको समग्र आर्थिक विकास गर्ने दीर्घकालीन सोचअनुरूप नेपाल सरकारले समय-समयमा विभिन्न कार्यक्रम र योजनाहरू घोषणा गर्दै आएको छ। यसै उद्देश्यले १६औं पञ्चवर्षीय योजनामा उल्लिखित रणनीतिक योजना र सोही आधारमा ऊर्जा विकास कार्ययोजना एवं मार्गचित्र २०८१ को विस्तृत कार्ययोजना तयार गरिएको छ।

सोही अनुसार गुणस्तरीय भौतिक पूर्वाधार विकास एवं सघन अन्तर-आबद्धता, रूपान्तरणकारी रणनीति अन्तर्गत विद्युत उत्पादन, प्रसारण, उपयोग र व्यापारका लागि दिगो पूर्वाधार विकास गर्न विद्युत उत्पादन हालको ३५०० मेगावाटबाट सन् २०८५/८६ मा १३,५०० मेगावाट र २०९०/९१ मा २८,५०० मेगावाट जलविद्युत उत्पादन गर्ने लक्ष्य राखिएको छ। सोही अनुसार उत्पादित विद्युत केन्द्रीय प्रसारण प्रणालीमा आवद्ध गर्न प्रसारण संरचनाको विकास, निर्माण, आधुनिकीकरण, मर्मत सम्भार र सञ्चालन गर्नुपर्ने हुन्छ।

त्यसको पूरक लक्ष्यको रूपमा २०२५ सम्म उच्च भोल्टेज स्तरका ७४३७ MVA क्षमताका ४६२७ Ckt km निर्माण भई सकेको र अबको दिनमा २०३० सम्म १३४२७ Ckt km/२९२७८MVA र २०३५ सम्म १३८१४Ckt km/३२१६८MVA र २०४० सम्म १७०३५Ckt km/३५६२२MVA का प्रसारण प्रणाली निर्माण गर्नुपर्ने औँल्याइएको छ। सो विद्युत पूर्वाधार विकासको लागि क्रमशः ५७३.५४ अर्ब, ७१३.२०अर्ब र ९०० अर्ब रुपैयाँ लगानी गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। नेपाल सरकारको यो लक्ष्य प्राप्तिका लागि राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको भूमिका अहम् रहेको छ। सोही बमोजिम कम्पनीबाट २० वर्षे प्रसारण गुरुयोजना (दीर्घकालीन), ५ वर्षे संस्थागत योजना (मध्यकालीन) र वार्षिक कार्ययोजना तय गरी तोकिएको भूमिकाको कार्य-सम्पादन गर्न अग्रसर रहेको छ।

२. सम्पादन गरेका कार्यहरू



मेवा देखि चाँगे (ढुङ्गेसाँघु) सम्म १३२ के.भी आयोजना अन्तर्गत निर्माण गरिएको प्रसारण लाइन टावर, ताप्लेजुङ ।

२.१ प्रसारण गुरुयोजना

प्रसारण प्रणालीको समुचित विकासको इतिहास हेर्दा परामर्शदाता नर कन्सल्ट (NOR Consult) बाट सन् १९९८ मा तयार गरिएको २० वर्षे प्रसारण प्रणाली गुरुयोजना (Transmission Master Plan) प्रारम्भ मान्न सकिन्छ। यसमा विद्युत प्रसारण प्रणालीको महत्त्व, प्रणालीको औचित्य र २० वर्षमा सम्भावित विद्युत उत्पादन, माग तथा सोका लागि विकास गर्नुपर्ने प्रसारण प्रणालीबारे विस्तृतमा उल्लेख गरिएको थियो। तत्-पश्चात् सो कार्यलाई अध्यावधिक गर्न परामर्शदाता एम/एस ईडिएफ फ्रान्स (M/S EDF France) बाट सन् २०१५ मा २० वर्षका लागि प्रसारण प्रणालीको गुरुयोजना तयार गरिएको थियो। जसमा प्रसारण प्रणाली प्रयोगमा व्यवस्थित गर्न अवलम्बन गर्नुपर्ने सामाग्रीहरूको अनुमानित लागत, २० वर्षमा सम्भावित विद्युत उत्पादन तथा सोका लागि विकास गर्नुपर्ने प्रसारण प्रणालीबारे विस्तृतमा लेखिएको छ।

EDF France बाट प्रस्ताव गरिएको अद्यावधिक गुरुयोजना नेपाल सरकार वा ने.वि.प्रा. कसैले पनि स्वामित्व नलिँदा देशको गुरुयोजना नभई परमार्श दाताबाट तयार गरिएको तत्कालीक सुझावमा सीमित रहनु परेको थियो। राष्ट्रिय निकायको रूपमा राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको स्थापना पश्चात् देशको प्रसारण प्रणाली विकासको एकीकृत योजना र खाका तयार गर्न आवश्यक देखिएकोले कम्पनीले आफ्नै पहल र स्रोत-साधन प्रयोग गरी ने.वि.प्रा. समेतको सुझाव समेटी **'प्रसारण प्रणाली गुरुयोजना'** तयार गऱ्यो। साथै, सो गुरुयोजना सरोकारवालासँग अन्तरक्रिया गरी अन्तिम रूप दिई नेपाल सरकारबाट मिति २०७५ साल आषाढमा त्यसको पहिलो संस्करण प्रकाशित भएको थियो।

तत्पश्चात् बढ्दो विद्युत माग र आपूर्तिको संशोधित लक्ष्यअनुरूप प्रसारण प्रणालीको विकासलाई समायोजन गर्न २०८१ सालमा 'प्रसारण प्रणाली गुरुयोजना' लाई परिमार्जन गरी दोस्रो संस्करण प्रकाशन गरियो, जसमा निम्न विषयहरू समेटिएका छन्:

विद्युत माग र उत्पादन: 'प्रसारण प्रणाली गुरुयोजना' मा सन् २०२५ देखि २०३५ सम्म कुल विद्युतको माग (आन्तरिक तथा निर्यात) तथा कुल उत्पादनको प्रक्षेपण यस प्रकारको रहेको छ:

वर्ष	आन्तरिक माग (मेगावाट	निर्यात (मेगावाट)	कुल माग (निर्यात सहित मेगावाट)	कुल उत्पादन (मेगावाट)
२०२५	४,९१७	६००	५,५१७	५,५६१
२०२६	५,५८५	८००	६,३८५	६,४६८
२०२७	६,२५३	१,०००	७,२५३	७,४१७
२०२८	६,९२१	२,०००	८,९२१	९,०८३
२०२९*	७,५८८	४,०००	११,५८८	११,७९७
२०३०	८,२५६	५,५००	१३,७५६	१४,०३१
२०३१	९,२९९	७,०००	१६,२९९	१६,७८७
२०३२	१०,३४१	८,५००	१८,८४१	२०,५४०
२०३३*	११,३८३	११,०००	२२,३८३	२४,१४८
२०३४	१२,४२५	१२,०००	२४,४२५	२६,२३३
२०३५*	१३,४६८	१५,०००	२८,४६८	२८,७१३

**सन् २०३५ सम्म १०,००० मेगावाट भारत निर्यात गर्ने*

सोही अनुरूप 'प्रसारण प्रणालीको गुरुयोजना' मा सन् २०२५ देखि २०३५ हुँदै २०४० सम्म निर्माण हुनुपर्ने प्रसारण लाइन तथा सबस्टेसन संरचनाको कुल लम्बाइ/क्षमता तथा सो निर्माण कार्यका लागि कुल लगतको प्रक्षेपण निम्नानुसार छ:

प्रसारण लाइन निर्माणतर्फ

प्रसारण लाइन भोल्टेज स्तर (के.भी.)	**सन् २०८१ सम्म निर्माण भैसकेका	प्रसारण लाइन लम्बाई (सर्किट कि.मि.)				लागत (ने. रु. अर्बमा)		
		सन् २०२५	सन् २०३०	सन् २०३५	सन् २०४०	सन् २०३०	सन् २०३५	सन् २०४०
१३२	४१३६	३८७३.९	४८७५	५४७८	६४३०	२०.८	३३.३	५३.०८४
२२०	१२१३	६७५.१	३२५२.६	३०९६	४१६५	५५.७७५	७१.५१३	१०७.०५
४००	६४४	७८	४०९९	५२४०	६४४०	२३३.९६	३००.३५	३७०.१७
कुल		**४६२७**	**११३२७**	**१३८१४**	**१७०३५**	**३१०.५४**	**४०५.२**	**५३०.३१**

*** ने.वि.प्रा. वार्षिक प्रतिवेदन २०८१*

सबस्टेसन निर्माणतर्फ

सबस्टेसन क्षमता (एम.भी.ए./एम.भी.ए.आर)	**सन् २०८१ सम्म निर्माण भइसकेका	सबस्टेसनको क्षमता				लागत (ने. रु. अर्बमा)		
		सन् २०२५	सन् २०३०	सन् २०३५	सन् २०४०	सन् २०३०	सन् २०३५	सन् २०४०
एम.भी.ए.	१३०५०	७४७३	२९२७८	३२१६८	३५६२२	२३२.०१	२६२.७६	२९९.५१
एम.भी.ए.आर	७४९	७४९	३३४०	४५२५	५६१०	३१.०३	४५.२२	३६९.७
कुल लागत						**२६३**	**३०८**	**३६९.७**
कुल लागत						**५७३.५४**	**७१३.२**	**९००.०१**

*** ने.वि.प्रा. वार्षिक प्रतिवेदन २०८१*

२.२ पाँचवर्षे संस्थागत योजना (Corporate Plan)

दिगो विकास लक्ष्य र अन्य आर्थिक विकासको लक्ष्यलाई सामञ्जस्य गरी यस कम्पनीबाट सन् २०४० सम्म देशका विभिन्न स्थानमा निर्माण गरिने प्रसारण लाइ गुरुयोजना तयार गरी सोही अनुसारको मर्म बमोजिम ५ वर्षे संस्थागत योजना एवं वार्षिक योजना कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ। उक्त पञ्चवर्षीय संथागत योजनामा समेटिएका मुख्य-मुख्य विषयहरूमध्य राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको स्थापना, लक्ष्य, अवधारणा, मूल्य तथा मान्यताबाट सुरु भई विद्युत विकासको पूर्वाधारको रूपमा रहेको प्रसारण प्रणालीको विकासमा हालको कम्पनीको अवस्था, विद्युत पूर्वाधारको निर्माणमा लगानी, योजना निर्माण व्यवस्थापन, जग्गा अधिग्रहण प्रक्रिया र सोको बजार अध्ययनलाई प्राथमिकतामा राखिएको छ।

संथागत योजनामा मूलतः निम्न सात (७) रणनितिक उद्देश्यहरू समेटिएका छन्:

१ **प्रसारण प्रणाली विकास:** नेपाल सरकारको आर्थिक विकासको लक्ष्य प्राप्तिका लागि आवश्यक पर्ने विद्युत माग धान्न सक्ने प्रसारण नेटवर्कको योजना तयार पारी निर्माण गर्ने।

२ **प्रणाली एकीकरण:** ने.वि.प्रा.बाट सञ्चालित प्रसारण प्रणालीलाई खण्डीकरण गरी यस कम्पनीमा समायोजन गर्न आफ्नो आन्तरिक तयारी र विकास गर्ने। यसका लागि, नेपाल सरकारको निर्णयानुसार, ने.वि.प्रा.बाट प्रसारण संरचनाहरूलाई क्रमशः कम्पनीमा हस्तान्तरण र प्रसारण प्रणालीको स्वामित्व एवं भार सम्प्रेषणको जिम्मेवारी लिने।

३ **प्रविधि हस्तान्तरण र क्षमता विकास:** कर्मचारीको क्षमता अभिवृद्धि गर्दै प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिने।

४ **पारदर्शिता र दक्षता:** सेवा प्रवाहमा पारदर्शिता र दक्षता अभिवृद्धि गर्न संस्थागत सुशासनको अभ्यास गर्ने।

५ **वित्तीय व्यवस्थापन:** प्रसारण प्रणाली निर्माणका लागि विभिन्न वित्तीय स्रोतहरू जुटाएर वित्तीय व्यवस्थापन गर्ने र प्रसारण शुल्कबाट आम्दानी गर्ने।

६ **रणनीतिक योजना कार्यान्वयन:** कम्पनीको सञ्चालक समिति (बोर्ड) द्वारा निर्देशित रणनीतिक योजना कार्यान्वयन

गर्ने, कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्ने, पञ्चवर्षीय संस्थागत योजना तयार गरी समयसापेक्ष अद्यावधिक गर्ने।

७ **जोखिम व्यवस्थापन:** नियमक निकायका निर्देशन, लगानीका वैकल्पिक स्रोत, तेस्रो पक्ष दायित्व, कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन जस्ता विषयहरू समेटेर जोखिम व्यवस्थापन गर्ने।

कम्पनीले विगतको ५वर्षे संस्थागत योजना (सन् २०१९-२०२४) लाई पुनरावलोकन गरी नयाँ संस्थागत योजना तर्जुमा गर्ने चरणमा रहेको छ।

२.३ व्हिलिङ् शुल्क (Wheeling Charge) को फ्रेमवर्क

विद्युत ऊर्जाको समुचित विकास गर्न विद्युत ऊर्जाको बजारमा खुला नीति अवलम्बन भएअनुसार निजी क्षेत्रबाट पनि विद्युत प्रसारण पूर्वाधारमा लगानीका लागि पहल भइरहेको छ। निजी क्षेत्रबाट लगानी हुँदा लगानीको प्रतिफल पाउने मुख्य आधार भनेको व्हिलिङ्ग चार्ज रहेको र सोको निर्धारणमा नेपाल सरकारको तर्फबाट विद्युत नियमन आयोगको प्रमुख भूमिका रहेको छ। यस कम्पनीबाट विगत ३ वर्षदेखि मेवा कोरिडोर १३२ के.भी., दरौदी कोरिडोर १३२ के.भी. तथा कर्णाली कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाहरू निर्माणको चरणमा रहेका छन्। ती आयोजनाबाट विद्युत प्रसारण अनुमतिका लागि विभिन्न स्वतन्त्र ऊर्जा उत्पादक कम्पनीहरू (IPPs) बाट यस कम्पनीसँग समझदारी-पत्र (MoU) मा हस्ताक्षर समेत सम्पन्न भइसकेको अवस्थामा यथाशीघ्र नियामक निकाय (विद्युत नियमन आयोग) मार्फत व्हिलिङ्ग चार्ज निर्धारण हुन आवश्यक छ।

निर्माणाधीन प्रसारण लाइनको निर्माण सम्पन्न मिति नजिकिदै गरेको अवस्थामा कम्पनीबाट आफ्नै पहलमा व्हिलिङ्ग चार्ज निर्धारण गर्न परामर्शदाता नियुक्त गरी यसमा केही कार्यहरू भएका छन्। मेवा कोरिडोर १३२ के.भी., तमोर कोरिडोर २२० के.भी., हाईटार-शीतालपाटी ४०० के.भी., लामाबगर-बाह्रबीसे २२० के.भी., पश्चिम सेती ४०० के.भी. जस्ता प्रसारण लाइन आयोजनालाई मध्येनजर गरी पूँजीगत खर्च, जग्गा अधिग्रहण खर्च, सञ्चालन खर्चलाई समेतलाई विस्तृत रूपमा समेटेर आयोजनाको वार्षिक आम्दानीको निर्क्योल गरी व्हिलिङ्ग चार्ज प्रस्ताव गरिएको प्रतिवेदनमा उल्लेख छ।

व्हिलिङ्ग शुल्क (Wheeling Charge) प्रस्ताव गर्दा निम्न अनुसारको तथ्याङ्कलाई मूख्य आधार मानिएका छन्:

- आयोजनाको मर्मत संभार तथा संचालन खर्च: १.६%
- ह्रासकट्टी (Depreciation) ४.६७%
- आयोजनाको उपयोगी जीवन (Project Life): २१+४ बर्ष
- ऋणको ब्याज: ९%
- बैंक चार्ज: १%

यसरी माथीको आकलनहरूलाई मध्यनजर गरी तल उल्लेखित आयोजनाहरूको व्हिलिङ्ग चार्ज निम्न अनुसार प्रस्ताव गरिएका छन्:

क्र.स.	आयोजनाको नाम	Wheeling Charge (NRs/MW/Year)
१	मेवा कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना	ने. रु. १५,८४,९१४/-
२	तमोर कोरिडोर २२० के.भी. प्रसारण लाइन आयोजना	ने. रु. ११,०९,३७५/-
३	लामाबगर-बाह्रबीसे २२० के.भी. प्रसारण लाइन आयोजना	ने. रु. १७,७९,६५७/-
४	हाईटार-सितलपाटी ४०० के.भी. प्रसारण लाइन आयोजना	ने. रु. ६,९९,६१०/-

तथापि नियमन आयोगबाट यस सम्बन्धी निर्देशिका जारी नभएकोले यसको अन्तिम रूप दिन बाँकी नै रहेको छ।

२.४ प्रसारण प्रणालीको खण्डीकरण तथा फ्रेमवर्क योजना

नेपाल सरकारको विद्युत क्षेत्रको संरचनात्मक सुधार अन्तर्गत यो कम्पनीको निर्माण भए पनि विभिन्न कारणवश सो कार्यले अपेक्षित प्रगति हासिल गर्न नसकी लामो समयसम्म संक्रमणको अवस्थामै रहेको छ। यसलाई तार्किक बिन्दुमा ल्याउन ऊर्जा, जलस्रोत तथा

सिँचाइ मन्त्रालयबाट एक कार्यसमिति बनाई प्रतिवेदन पेश गर्न कम्पनीलाई निर्देशन दिएको थियो । कम्पनीका प्रमुख कार्यकारी अधिकृत समेत सम्मिलित समितिबाट प्रतिवेदन तयार गरी मन्त्रालयमा सुझाव सहित पेश गरिएको थियो । सो प्रतिवेदन मन्त्रालयमा प्रस्तुति भई त्यसका सुझाव ग्रहण गरी स्वामित्वमा लिइएको अवस्था छ ।

उक्त प्रतिवेदनमा उल्लिखित प्रणाली पुनर्संरचना लक्ष्य तथा कार्यदिशा (Transmission System Reform of Nepal Scope & Roadmap) मा निम्न कुराहरू समेटिएका छन्:

- **पुनर्संरचनाको औचित्य:** प्रतिवेदनले नेपालको विद्युत क्षेत्रको वर्तमान अवस्था, भविष्यमा आउने चुनौतीहरू र पुनर्संरचनाको आवश्यकतालाई स्पष्ट पारेको छ । यसले देशको आर्थिक विकास, ऊर्जा सुरक्षा र दिगो विकासका लागि विद्युत प्रसारण प्रणालीको महत्त्वमा जोड दिएको छ ।
- **कार्यदलको भूमिका:** पुनर्संरचनाका लागि गठित कार्यदलको भूमिका, जिम्मेवारी र अधिकारहरू स्पष्ट पारिएको छ । कार्यदलले विभिन्न सरोकारवालासँग छलफल गरी विस्तृत अध्ययन गरेको छ ।
- **कम्पनीको संरचना:** यस कम्पनीको सङ्गठनात्मक संरचना, यसमा संलग्न विभिन्न निकायहरूको भूमिका र जिम्मेवारी स्पष्ट पारिएको छ । कम्पनीलाई एक स्वायत्त संस्थाको रूपमा विकास गर्ने र यसलाई आवश्यक अधिकार प्रदान गर्ने कुरामा जोड दिइएको छ ।
- **ने.वि.प्रा.को प्रसारण सम्पत्ति:** ने.वि.प्रा.बाट हस्तान्तरण हुने प्रसारण सम्पत्तिहरूको मूल्याङ्कन, स्वामित्व हस्तान्तरण, कर्मचारी व्यवस्थापनजस्ता विषयमा विस्तृत अध्ययन गरिएको छ । सम्पत्तिहरूको लेखाजोखा गर्ने, कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने र पुनर्संरचना पश्चात् उनीहरूलाई समायोजन गर्ने विषयमा विस्तृत योजना प्रस्तुत गरिएको छ ।
- **पुनर्संरचना पश्चात्को अवस्था:** पुनर्संरचना पश्चात् यो कम्पनी र ने.वि.प्रा.को प्रसारण प्रणालीलाई एकीकृत गरी एक स्वायत्त संस्थाको रूपमा सञ्चालन गर्ने प्रस्ताव गरिएको छ । यसले विद्युत प्रसारण प्रणालीको दक्षता, विश्वसनीयता र पारदर्शितामा वृद्धि गर्ने अपेक्षा गरिएको छ । यसले निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने र विद्युत क्षेत्रमा प्रतिस्पर्धाको वातावरण बनाउने छ ।
- **६ वर्षे मार्गचित्र:** पुनर्संरचना प्रक्रियालाई व्यवस्थित गर्न ६ वर्षे मार्गचित्र प्रस्तुत गरिएको छ जसमा चरणबद्ध रूपमा कार्ययोजनाहरू समावेश गरिएका छन् । यस मार्गचित्रले पुनर्संरचनाका विभिन्न चरणहरू र आवश्यक स्रोत-साधन तोकेको छ ।

पुनर्संरचना पश्चात्, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी र ने.वि.प्रा.को प्रसारण प्रणालीको एकीकृत प्रसारण ग्रिड कम्पनी (TSO) हुनेछ । यसलाई सञ्चालनमा स्वायत्तता दिने, ने.वि.प्रा.का कर्मचारीको वृत्ति विकासमा वृद्धि गर्ने लगायतका कुरालाई समेटी ६ वर्षे मार्गचित्र समेत प्रस्तुत गरिएको छ । तथापि, सो कार्य मन्त्रालयको स्पष्ट मार्गदर्शन र निर्णयको पर्खाइमा रहेको छ ।

२.५ ने.वि.प्रा.सँगको अन्तर-प्रसारण सम्झौता (T-T Connection Agreement)

विद्युत प्रसारण प्रणालीको पूर्ण रूपमा संरचनात्मक सुधार नहुन्जेल यो कम्पनी र प्राधिकरण दुवै संस्थाको समान्तर प्रसारण प्रणाली रहेको अवस्था छ । यसर्थ, यस कम्पनीको प्रणाली हुँदै प्राधिकरणको प्रणालीमा विद्युत प्रवाह गराउनु पर्ने संक्रमणकालीन मागलाई मध्यनजर गर्दै यी दुई संस्थाबीच प्रसारण-प्रसारण कनेक्सन सम्झौता गर्नुपर्ने हुन्छ । सोही अनुरूप सन् २०२२ को मे महिनामा प्राधिकरण र राष्ट्रिय प्रसारण कम्पनीबीच छाता सम्झौता सम्पन्न भएको थियो । यस सम्झौता पश्चात् दुवै पक्षबाट भविष्यमा हुने विद्युत प्रसारण ग्रिड कम्पनीको विकासलाई आबद्ध गर्न सम्बन्धित नियम र सर्तहरूको सन्दर्भ दिएर थप सम्झौताहरू छिटो र सजिलै गर्ने ढाँचा तयार पारिएको छ । जसले प्रत्येक पटक नयाँ सम्झौता गर्दा पुनः वार्ता गर्ने बाध्यता अन्त्य गर्दछ ।

सम्झौताका मुख्य बुँदाहरू

- **प्रसारण संरचना**: सम्झौतामा प्रसारण संरचना आबद्ध हुने ठाउँको विवरण, हाल प्रचलनमा रहेका विभिन्न प्राविधिक कुराहरू, संरचनाको विस्तृत ढाँचा, योजनामा प्रयोग भएका विभिन्न उपकरणहरू तथा सञ्चार उपकरणहरूको मानकीकरण, आयोजनास्थलमा सम्पन्न गर्नुपर्ने कार्यको तालिका तथा जिम्मेवारी समेटिएका छन् ।
- **उपकरणको गुणस्तर**: आयोजनामा प्रयोग हुने उपकरण उत्पादक कम्पनी, उपकरणको जाँच, उपकरणको गुणस्तर

विद्युत ऐन तथा ग्रिड कोडमा तोकिएबमोजिमको हुनुपर्ने जस्ता विषयहरू समेटिएका छन्।

- **सञ्चालन र मर्मत-सम्भार**: दुवै पक्षको सञ्चालन तथा सम्भारका जिम्मेवारी, समन्वय समितिको गठन, नियमित/आकस्मिक मर्मत योजना तथा त्यसको विस्तृत प्रतिवेदन विद्युत एन तथा ग्रिड कोडमा तोकिए बमोजिमको हुनुपर्ने उल्लेख छ।
- **विद्युत मापन**: योजना अन्तर्गत प्रयोग हुने विद्युत मापन यन्त्र (Metering Unit) को गुणस्तर तोकिएबमोजिम हुनुपर्ने उल्लेख छ।
- **जरिवाना र शुल्क**: स्वीकृत समयभन्दा बिलम्ब भएमा लाग्ने जरिवाना, विभिन्न शुल्क, विद्युत शक्तिको चुहावटबारे राखिएका शर्तहरू समेत समेटिएका छन्।
- **गोपनीयता:** दुवै पक्षले आपसमा भएको सम्झौतालाई गोप्य राख्नुपर्ने उल्लेख गरिएको छ।
- **बीमा र विवाद समाधान:** सम्झौतामा बीमा सम्बन्धी प्रावधान, शुल्क भुक्तानीको समयसीमा तथा जरिवाना र समस्या भएमा कानुनबमोजिमको समाधान गरिने उल्लेख छ।

यस सम्झौताले प्रसारण कम्पनीको प्रणाली हुँदै ने.वि.प्रा.सँग विद्युत खरिद सम्झौता (PPA) गर्नका लागि विभिन्न निजी क्षेत्र (IPP) का कम्पनीहरूलाई मार्ग प्रशस्त गरेको छ। यही कारण निजी क्षेत्रले आफ्नो पायकको सब-स्टेसनमा आबद्ध हुन सक्ने छन्। यसअनुरूप, हाल करिब ४ हजार मेगावाटका विभिन्न ३० भन्दा बढी आयोजनाहरूले यस कम्पनीसँग समझदारी (MOU) गरिसकेका छन्। हाइड्रोपावरहरू सँग विभिन्न मितिमा गरिएको आयोजनाहरूको नाम अनुसूची-१ मा राखिएको छ।

कम्पनी र ने.वि.प्रा.बीच T-T सम्झौता भएता पनि विद्युत प्रसारण विभिन्न भोल्टेज लेभलमा हुने र ने.वि.प्रा. को प्रणालीमा आबद्ध गर्दा कम्पनी र प्राधिकरण बीच ट्रान्सफर्मरको Sharing सम्बन्धमा केही निर्णय हुनुपर्ने देखिन्छ।

२.६ अधिकार क्षेत्रको पुनरावलोकन

प्रसारण लाइनको निर्माण प्रक्रियामा अधिकार क्षेत्र (Right of Way - ROW) व्यवस्थापनलाई अत्यन्त महत्त्वपूर्ण पक्ष मानिन्छ। यसले आयोजनाको कुल लागत, यसको प्रभाव क्षेत्र र आयोजनाको सामाजिक तथा वातावरणीय प्रभावलाई प्रत्यक्षरूपमा निर्धारण गर्दछ। ROW भन्नाले प्रसारण लाइन सञ्चालनका लागि आवश्यक करिडोरको चौडाइलाई जनाउँछ। जुन विद्युतीय लाइनको सुरक्षित सञ्चालन, मर्मत र वातावरणीय प्रभाव व्यवस्थापनका लागि अपरिहार्य छ। नेपालमा प्रचलित मापदण्ड अनुसार, विभिन्न भोल्टेजका प्रसारण लाइनका लागि निम्न ROW चौडाइ तोकिएका छन्:

- **१३२ केभी प्रसारण लाइनका लागि १८ मिटर**
- **२२० केभी प्रसारण लाइनका लागि ३० मिटर**
- **४०० केभी प्रसारण लाइनका लागि ४६ मिटर**

नेपालमा यी मापदण्ड एक विशिष्ट अर्थात् Span (दुई टावरबीचको दूरी) का लागि तयार गरिएको भए पनि सबै span मा यही अभ्यासलाई अपनाइँदै आएको छ। यस्तो एकरूपता अपनाउँदा, भौगोलिक विविधता, शहरीकरण र जमिनको उपलब्धता जस्ता महत्त्वपूर्ण पक्षहरूलाई बेवास्ता गरिएको छ। परिणामस्वरूप प्रसारण लाइन निर्माणमा **थुप्रै जमिन क्षेत्रफल** उपयोग गर्नुपर्ने जसबाट आयोजनाको लागतमा उल्लेखनीय वृद्धि हुने गरेको छ। साथै, प्रभावित क्षेत्रका समुदायले ठूलो आर्थिक र सामाजिक असर भोग्नुपरेको छ।

छिमेकी देश भारतमा प्रसारण लाइनका लागि RoW व्यवस्थापनमा सुधार ल्याउने प्रयास सफल भएको छ। भारतीय अभ्यास समेतका आधारमा, परिमार्जित Span मा आधारित RoW कायम गर्न यो कम्पनीले अध्ययनबाट प्राप्त परिणाम अनुसार सहरी तथा घना क्षेत्रमा Span अनुसार RoW चौडाइ घटाउन सकिने निष्कर्ष देखिएको छ। ती निष्कर्ष यसप्रकार छन्:

- **२२० केभी प्रसारण लाइनका लागि** RoW **चौडाइ ३० मिटरबाट घटाएर २२ मिटर** (सहरी क्षेत्रमा २० मिटर) गर्न सकिने।
- **४०० केभी प्रसारण लाइनका लागि** RoW **चौडाइ ४६ मिटरबाट घटाएर ३४ मिटर** गर्न सकिने।

यसबाट, प्रसारण लाइन निर्माण प्रक्रियालाई अधिक लागत-प्रभावी र दिगो बनाउनुको साथै वातावरणीय र सामाजिक प्रभावसमेत न्यूनीकरण गर्दै पूर्वाधार विकास थप प्रभावकारी हुनेछ।

२.७ प्रसारण प्रणालीको सम्पत्ति (Asset) व्यवस्थापन

विद्युत प्रसारण प्रणाली एक जटिल र महत्त्वपूर्ण पूर्वाधार हो, जसले देशभर विद्युत आपूर्तिलाई सुनिश्चित गर्दछ । यस प्रणालीको प्रभावकारी सञ्चालन र दीर्घकालीन टिकाउपनका लागि सम्पत्ति व्यवस्थापन अत्यन्तै महत्वपूर्ण हुन्छ । सम्पत्ति व्यवस्थापन भन्नाले प्रसारण प्रणालीका सबै भौतिक सम्पत्तिहरू, जस्तैः ट्रान्सफर्मर, प्रसारण लाइन, सबस्टेसन आदिको जीवनचक्रको अधिकतम उपयोग गर्दै कम्पनीलाई नाफा दिलाउने कार्यलाई बुझिन्छ । यसले आयोजना निर्माण पूर्वको सर्वेक्षण, डिजाइनदेखि निर्माण, मर्मत-सम्भार, सञ्चालन र अन्ततः विसर्जनसम्मका सम्पूर्ण चरणहरू समेट्छ ।

सम्पत्ति व्यवस्थापनको महत्त्व: सम्पत्ति व्यवस्थापनले विद्युत प्रसारण प्रणालीका सबै सम्पत्तिहरूको अधिकतम उपयोग सुनिश्चित गर्दछ । यसले गर्दा लगानीको प्रतिफल बढ्छ र खर्च घटाउन सकिन्छ । साथै, सम्पत्ति व्यवस्थापनले प्रणालीको दक्षता बढाउन मद्दत गर्छ । नियमित मर्मतसम्भार र अनुगमनले विद्युत चुहावट कम गर्छ र प्रणालीको विश्वसनीयता बढाउँछ । प्रभावकारी सम्पत्ति व्यवस्थापनले सम्पत्तिको आयु बढाउन मद्दत गर्छ, जसले बारम्बार नयाँ लगानी गर्नुपर्ने आवश्यकता घटाउँछ । सम्पत्ति व्यवस्थापनले विस्तृत तथ्याङ्क र जानकारी प्रदान गर्दछ । यही कारण निर्णयकर्ताहरूले उचित निर्णय लिन सक्छन् । साथै, सम्पत्ति व्यवस्थापनले सम्बन्धित नियमनकारी निकायहरूले तोकेका मापदण्डहरूको पालना गर्न मद्दत गर्छ ।

यी पृष्ठभूमिलाई मध्यनजर गर्दै, कम्पनीले आफ्ना आयोजनाहरूको सुरुदेखि नै सम्पत्ति व्यवस्थापनमा अग्रसरता लिएको छ । यसमा निर्माण पूर्वदेखि निर्माणाधीन सबै आयोजनाको अधिकतम 'डाटा बेस' व्यवस्थापन गरी त्यसलाई चुस्त भण्डारण र पुनः प्राप्ति प्रणाली बनाउने एकीकृत प्रणाली तयार गर्दैछ ।

हाल यो सुरुवाती चरणमा रहेको र यसमा विभिन्न सम्पत्तिहरूको विस्तृत विवरण सङ्कलन, तिनीहरूको अवस्थाको नियमित अनुगमन, र मर्मत-सम्भारको योजना बनाउने कार्यहरू समावेश छन् । यस प्रणालीले सम्पत्तिहरूको जीवनचक्रको प्रत्येक चरणमा आवश्यक डाटाहरूलाई एकीकृत रूपमा व्यवस्थापन गर्न मद्दत गर्छ ।

यस प्रक्रियामा, कम्पनीले अत्याधुनिक प्रविधिहरूको प्रयोग गर्दै सम्पत्तिको अवस्थाको वास्तविक-समय अनुगमन, मर्मत-सम्भारको पूर्वानुमान र आवश्यकता अनुसार तिनको प्रतिस्थापनको योजना बनाउने कार्यहरू गरिरहेको छ । व्यवस्थापनको वर्गीकरण र खाका यस प्रकार रहेको छ:

भौतिक सम्पत्तिहरू: भौतिक सम्पत्तिहरूमा प्रसारण टावरहरू, तार (Conductor) तथा केबुलहरू, इन्सुलेटरहरू र विभिन्न प्रकारका जोड्ने सामग्रीहरू (Hardware Fittings) पर्दछन् । सबस्टेसनको हकमा, ट्रान्सफर्मरहरू, विद्युत नियन्त्रण/सुरक्षाका यन्त्रहरू (Switchgears) र सञ्चारमाध्यमका उपकरणहरू समावेश छन् । साथै, खरिद/अधिग्रहण गरिएका जग्गा र जमिन पनि भौतिक सम्पत्तिहरूमा पर्छन् ।

गैर-भौतिक सम्पत्तिहरू: गैर-भौतिक सम्पत्तिहरूमा भौतिक सम्पत्तिहरूको अनुगमन, व्यवस्थापन र मर्मतका लागि प्रयोग हुने प्रक्रिया र प्रणालीहरू, सम्पत्तिसँग सम्बन्धित तथ्याङ्क, प्राविधिक डिजाइन/विशेष विवरण (Specification) र मर्मत व्यवस्थापन योजना समावेश छन् ।

२.८ वित्तीय बेरुजु नहेरेको

यस कम्पनीले आफ्नो स्थापना काल देखि नै वित्तीय प्रतिवेदन मानलाई अवलम्बन गरी लेखा परिक्षण गर्दै आएको छ र हाल सम्म कम्पनीको कुनै पनि वित्तीय विवरणमा बेरुजु नभएको अवस्था छ ।

३. पूँजी विकासमा उपलब्धी



कर्णाली कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजना अन्तर्गत टावरको फाउण्डेशन निर्माण कार्य गरिदै, कैलाली ।

एक दशकको स्थापनाकालमा कम्पनीले पूँजी वृद्धिमा महत्वपुर्ण कदम चालेको छ। कम्पनीको हालको पूँजी संरचना नै संस्थापक शेयरधनीको शेयर लगानी बापतको पूँजी लगानीको अशं हो। यस कम्पनीबाट संस्थापक शेयर बाहेक अन्य वर्गका शेयरहरू हालसम्म जारी गरिएको छैन। हालसम्म कम्पनीले ४ अर्ब ५१ करोड ६८ लाख रुपैंया बराबरको शेयरपूँजी आर्जन गरेको छ। कम्पनीले निर्माण गरेका आयोजनाबाट हालसम्म आम्दानी सिर्जना नभईसकेकोले सरकारको हालसम्मको पूँजी लगानी प्रसारण प्रणालीको निर्माण, विकास तथा विस्तारमा उपयोग भईरहेको छ। कम्पनीको आ.व. २०८०/८१ को वासलातको आकार ५ अर्ब ५७ करोड ३० लाख रहेकोमा जम्मा पूँजी ५ अर्ब १७ करोड ३८ लाख तथा जम्मा दायित्व ३९ करोड ९२ लाख रहेको देखिन्छ। त्यस्तै, कम्पनीको कुल पोर्टफोलियो ११३.२९ अर्ब रुपैँया बराबर पुग्ने अनुमान छ। उक्त पोर्टफोलियो मध्ये निर्माणाधीन आयोजनामा २४.६८ अर्ब, सार्वजिनिक निजी साझेदारी अन्तर्गत निर्माण हुने तयारीमा रहेका आयोजनामा १५.७६ अर्ब, अध्ययन सम्पन्न भई वित्तीय स्रोत सुनिश्चितताको प्रकृयामा रहेका आयोजनामा ४९.५२ अर्ब तथा आयोजना विकासको विभिन्न चरणमा रहेका आयोजनामा २३.३३ अर्ब पोर्टफोलियो पुग्ने देखिन्छ। कम्पनीले निर्माण तथा विकास गर्ने आयोजनाको अनुमानित लागतका आधारमा निम्नानुसार पोर्टफोलियो रहने देखिन्छ।

क्र.सं.	प्रसारण लाइन आयोजनाको नाम	सुरु मिति (आ.व.)	समाप्त हुने मिति (आ.व.)	कुल संशोधित लागत (रु अर्ब)
१	कर्णाली कोरिडोर ४०० के. भी.	२०७३/७४	२०८५/८६	२१.५५
२	मेवा कोरिडोर १३२ के. भी.	२०७५/७६	२०८३/८४	१.४
३	दरौंदी कोरिडोर १३२ के. भी.	२०७६/७७	२०८३/८४	१.७३
४	पश्चिम सेती कोरिडोर ४०० के. भी.	२०७४/७५	२०८८/८९	२७.५६
५	भेरी कोरिडोर ४०० के. भी.	२०७५/७६	२०८६/८७	२१.९६
६	हाईटार-शितलपाटी (अरुण कोरिडोर) ४०० के. भी.	२०७५/७६	२०८७/८८	९.४
७	तमोर कोरिडोर २२० के. भी.	२०७५/७६	२०८७/८८	२.४८
८	लामाबगर-बाह्रबिसे २२० के.भी.	२०७९/८०	२०८७/८८	३.८८
९	सितलपाटी-ढुंगेसाँघु २२० के.भी.	२०७९/८०	२०८७/८८	२.२२
१०	हुम्ला-फुकोट ४०० के.भी.	२०८१/८२	२०८८/८९	१८.७२
११	साँफेबगर-बस्ती-वेतन १३२ के.भी.	२०८२/८३	२०८७/८८	२.३९
जम्मा				११३.२९

साथै, कम्पनी आफैले विद्युत ऊर्जासँग सम्बन्धित सार्वजनिक तथा निजी संस्थामा समेत शेयर लगानी गरी पूँजीगत संरचना थप विस्तार गरेको छ। विगतमा एन.ई.ए ईन्जिनियरिङ्ग कम्पनी तथा नेपाल पावर ट्रेड कम्पनीमा मात्रै कम्पनीको शेयर स्वामित्व रहेकोमा हालै तमोर ढुङ्गेसाँघु पावर ट्रान्समिसन कम्पनीमा शेयर स्वामित्व रहने गरी पूँजी कायम भएको छ। साथै सार्वजनिक निजी साझेदारी अन्तर्गत पश्चिम सेती ४०० के.भी. आयोजनामा समेत सरकारी तर्फ ५१ प्रतिशत रहने र निजी क्षेत्रमार्फत ४९ प्रतिशत शेयर कायम रहने गरी उक्त आयोजना निर्माण गर्ने मोडालिटीले अन्तिम स्वरुप पाउँदै छ।

Karnali Corridor 400 kV Transmission Line Project

Project Name	Karnali Corridor 400 kV Transmission Line Project
Province	Karnali, Sudur Paschim
Location/Affected Area	Kalikot, Achham, Surkhet, Kailali
Power Evacuation Capacity	2500 MW
Voltage	400 kV
Length	120 km
Substations	Phukot, Betan, Dododhara
Capacity	160 MVA, 160 MVA, 1000MVA
Targeted Completion Year	2085/86
Major Hydro Powers	Phukot Karnali (480MW), Betan Karnali (688MW), Tila-1 (440MW), Tila-2 (420MW)
Estimated Project Cost	200M USD

The Karnali Corridor 400 kV Transmission Line Project is a strategically significant infrastructure initiative aimed at harnessing and evacuating hydroelectric power from the resource-rich Karnali and Sudur Paschim Provinces in western Nepal. The region is endowed with immense hydropower potential, particularly along the Karnali River and its tributaries. However, the lack of high-capacity transmission infrastructure has long hindered the optimal development and distribution of electricity generated in these remote areas.

Mewa-Change (Dhungesanghu) 132 kV Transmission Line

Project Name	Mewa-Change (Dhungesanghu) 132 kV Transmission Line
Province	Koshi
Location/Affected Area	Taplejung
Power Evacuation Capacity	154.35 MW
Voltage	132 kV
Length	20 km
Substations	Mewa Substation
Capacity	30 MVA
Targeted Completion Year	2083/84
Major Hydro Powers	Upper Mewa A (31.92MW), Palun Khola 1 HEP (30 MW), Union Mewa HEP (23MW), Palun Khola small HEP (21 MW), Sona Khola HEP (9 MW)
Estimated Project Cost	10.3 MUSD

The Mewa-Change 132 kV Transmission Line Project is a vital infrastructure development aimed at strengthening the electricity transmission network in Nepal's eastern region, particularly in Taplejung District of Province 1. This project is designed to support the growing number of hydropower projects in the region by providing a reliable and high-capacity evacuation route for generated power.

Kerabari-New Marsyangdi (Daraudi Corridor) 132 kV Transmission Line Project

Project Name	Kerabari-New Marsyangdi 132 kV Transmission Line Project
Province	Gandaki
Location/Affected Area	Gorkha, Tanahun
Power Evacuation Capacity	120 MW
Voltage	132 kV
Length	32 km
Substations	Kerabari
Capacity	30 MVA
Targeted Completion Year	2083/84
Major Hydro Powers	Middle Kabeli HEP (42.9), Upper Kabeli (37), Kabeli-B (19.4), Kabeli-1 (25), Kabeli-3 (2), Kabeli-5 (2), Kabeli-6 (1), Lungba Khola (0.09)
Estimated Project Cost	12.8 MUSD

The Kerabari-New Marsyangdi 132 kV Transmission Line Project is a critical infrastructure initiative designed to evacuate electricity from a cluster of hydropower plants in the Gorkha and Tanahun districts of Gandaki Province, Nepal. These districts are home to a number of small to medium-sized hydropower projects that contribute significantly to the local and national energy supply.

Tamor-Dhungesanghu 220 kV Transmission Line Project

Project Name	Tamor-Dhungesanghu 220 kV Transmission Line Project
Province	Koshi
Location/Affected Area	Taplejung
Power Evacuation Capacity	700 MW
Voltage	220 kV
Length	32 km
Substations	Tamor Substation, Dhungesanghu Bay Extension
Capacity	315 MVA
Targeted Completion Year	2087/88
Major Hydro Powers	Ghunsa Khola HEP (77.5MW), Super Tamor (66MW), Simbuwa Khola (70.3MW)

Subsidiary Company named Tamor Dhungesanghu Power Transmission Company Limited formed. 26% Share of RPGCL.

Haitar-Sitalpati (Arun Corridor) 400 kV Transmission Line Project

Project Name	Haitar-Sitalpati (Arun Corridor) 400 kV Transmission Line Project
Province	Koshi
Location/Affected Area	Sankhuwasabha
Power Evacuation Capacity	2260 MW
Voltage	400 kV
Length	35 km
Substations	Haitar, Sitalpati
Capacity	300 MVA, 630 MVA
Targeted Completion Year	2087/88
Major Hydro Powers	Kimathanka Arun (450MW), Upper Arun (1061 MW), Kusuwa Khola (45MW), Chujung Khola(48MW), Lower Barun Khola (55MW), Ikhuwa Khola (40MW)
Estimated Project Cost	69.65 MUSD

Lambagar-Barhabise 220 kV Transmission Line Project

Project Name	Lambagar-Barhabise 220 kV Transmission Line Project
Province	Bagmati
Location/Affected Area	Dolakha, Sindhupalchowk
Power Evacuation Capacity	1240 MW
Voltage	220 kV
Length	43 km
Substations	Lambagar Substation, Barabishe Bay Extension
Capacity	315 MVA
Targeted Completion Year	2087/88
Major Hydro Powers	Lapche HEP (160MW), Upper Lepche HEP (52MW), Lapche Tamakoshi HEP (22MW), Jhoom HEP (56MW), Rolwaling HEP (88MW)
Estimated Project Cost	28.78 MUSD





Bheri Corridor 400 kV Transmission Line Project

Project Name	Bheri Corridor 400 kV Transmission Line Project
Province	Karnali
Location/Affected Area	Jajarkot, West Rukum, Salyan, Surkhet
Power Evacuation Capacity	2400 MW
Voltage	400 kV
Length	93 km
Substations	Nalgad, Maintada
Capacity	160 MVA, 315 MVA
Targeted Completion Year	2086/87
Major Hydro Powers	Nalgad (410 MW), Bheri-1 (617 MW), Bheri-2 (256 MW)
Estimated Project Cost	160M USD

West Seti Corridor 400 kV Transmission Line Project

Project Name	West Seti Corridor 400 kV Transmission Line Project
Province	Sudur Paschim
Location/Affected Area	Bajhang, Doti, Dadeldhura, Kanchanpur, Kailali
Power Evacuation Capacity	2500 MW
Voltage	400 kV
Length	213 km
Substations	Bajhang, West Seti
Capacity	315 MVA, 160MVA
Targeted Completion Year	2088/89
Major Hydro Powers	West Seti (800MW), Chainpur Seti (210MW), Seti Nadi-3 (87MW), Bajhang Upper Seti (216MW)
Estimated Project Cost	204.27 MUSD



Humla-Phukot 400 kV Transmission Line Project

Project Name	Humla-Phukot 400 kV Transmission Line Project
Province	Karnali, Sudur Paschim
Location/Affected Area	Humla, Bajura, Kalikot
Power Evacuation Capacity	2250 MW
Voltage	400 kV
Length	85 km
Substations	Humla Substation, Phukot Bay Extension
Capacity	630 MVA
Targeted Completion Year	2088/89
Major Hydro Powers	Humla Karnali-1 (235MW), Humla Karnali-2 (304MW), Humla Cascade (916MW), Chuwa Khola (70MW), Mathillo Chuwa (103MW), Namlang Khola (135MW)
Estimated Project Cost	138M USD

Sanfebagar-Basti-Betan 132kV Transmission Line Project

Project Name	Sanfebagar-Basti-Betan 132kV Transmission Line Project
Province	Karnali, Sudur Paschim
Location/Affected Area	Surkhet, Accham
Power Evacuation Capacity	100 MW
Voltage	132 kV
Length	48 km
Substations	Sanfebagar, Betan
Targeted Completion Year	2087/88
Major Hydro Powers	Budi Ganga (20MW)
Estimated Project Cost	2.22 MUSD

Sitalpati-Dhungesanghu 220 kV Transmission Line Project

Project Name	Sitalpati- Dhungesanghu 220 kV Transmission Line Project
Province	Koshi
Location/Affected Area	Taplejung, Sankhuwasabha
Power Evacuation Capacity	600 MW
Voltage	220 kV
Length	48 km
Substations	Sitalpati Bay Extension, Dhungesanghu Bay Extension
Targeted Completion Year	2087/88
Estimated Project Cost	17.14 MUSD





४. कार्यान्वयनमा रहेका प्रसारण लाइन आयोजनाहरू



निर्माणाधीन दरौदी कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना ।

यस कम्पनीबाट कार्यान्वयनमा रहेका ११ वटा आयोजनाहरूमध्य कर्णाली कोरिडोर ४०० के.भी., मेवा कोरिडोर १३२ के.भी. र दरौंदी कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजनाहरू निर्माणका चरणमा रहेका छन्। त्यस्तै सार्वजनिक निजी साझेदारी अन्तर्गत तोमोर ढुङ्गेसाँघु २२० के.भी. प्रसारण लाइन आयोजना निर्माण एवं सञ्चालनको लागि कम्पनी स्थापना भएको छ भने सोही नीति अनुसार विशिष्टीकृत आयोजना कार्यान्वयन इकाई (Special Purpose Vehicle - SPV) स्थापना गरी अन्य दुईवटा (लामाबगर- बाह्रबिसे २२० के.भी. र अरुण कोरिडोर ४०० के.भी.) आयोजनाहरू निर्माणमा जाने क्रममा रहेका छन्। साथै, अध्ययन कार्य सम्पन्न भएका २ आयोजनाहरू: पश्चिम सेती कोरिडोर ४०० के.भी. र भेरी कोरिडोर ४०० के.भी. को वित्तीय स्रोत सुनिश्चितता भएमा निर्माणमा जाने तयारीमा रहेका छन्। बाँकी आयोजनाहरूको इन्जिनियरिङ्ग डिजाइन र वातावरणीय अध्ययनका विभिन्न चरणमा रहेका छन्। यी सबै आयोजनाहरूको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ:

क्र.सं.	प्रसारण लाइन आयोजनाको नाम	अनुमतिपत्र प्राप्त मिति		वर्तमान अवस्था
		सर्वेक्षण	विद्युत प्रसारण	
१	कर्णाली कोरिडोर ४०० के. भी.	२०७४/०२/१४	२०७९/०५/३१	निर्माणाधीन
२	मेवा कोरिडोर १३२ के. भी.	२०७५/०३/२७	२०७८/११/०३	निर्माणको अन्तिम चरणमा रहेको
३	दरौंदी कोरिडोर १३२ के. भी.	२०७६/०१/२२	२०७८/११/०३	निर्माणको अन्तिम चरणमा रहेको
४	पश्चिम सेती कोरिडोर ४०० के. भी.	२०७४/०७/१५		सार्वजनिक निजी साझेदारी निर्माणमा जाने सैद्धान्तिक सहमति जुटेको
५	भेरी कोरिडोर ४०० के. भी.	२०७५/११/२६		निर्माणका लागि तयार (वित्तीय स्रोतको लागि पहल भईरहेको)
६	हाईटार-शितलपाटी (अरुण कोरिडोर) ४०० के. भी.	२०७४/१२/०१	२०८०/१२/०७	निर्माणको लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत वित्तीय स्रोत जुटाउने क्रममा रहेको
७	तमोर कोरिडोर २२० के. भी.	२०७४/१२/२७	२०८१/११/२१	प्रसारण लाइन निर्माणको लागि SPV कम्पनी स्थापना भई टेन्डर प्रक्रियामा रहेको
८	लामाबगर-बाह्रबिसे २२० के.भी.	२०७८/०७/२५		विस्तृत इन्जिनियरिङ्ग तथा वातावरणीय अध्ययन सम्पन्न भएको (सार्वजनिक निजी साझेदारी अन्तर्गत SPV कम्पनी स्थापनाको क्रममा रहेको)
९	सितलपाटी-ढुंगेसाँघु २२० के.भी.	२०७९/०७/२८		विस्तृत इन्जिनियरिङ्ग सम्पन्न भई र वातावरणीय अध्ययन भइरहेको।
१०	हुम्ला-फुकोट ४०० के.भी.	२०८०/०८/१०		विस्तृत सर्भेक्षण कार्य सुरु
११	साँफेबगर-बस्ती-बेतन १३२ के.भी.	२०८१/०९/११		विस्तृत सर्भेक्षण कार्य सुरु

४.१ निर्माणाधीन प्रसारण लाइन आयोजनाहरू

(क) कर्णाली कोरिडोर ४०० के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

यस कर्णाली करिडोर ४०० के.भी. प्रसारण लाइन आयोजना फुकोट (कालिकोट)-वेतन (सुर्खेत)-दोदोधरा (कैलाली) हुँदै कर्मदेव (कैलाली) मा गई समाप्त हुन्छ। यस क्षेत्रमा निर्माण प्रस्तावित मुख्य-मुख्य विद्युत आयोजनाहरूमा फुकोट कर्णाली-४८० मे.वा., बेतन कर्णाली ४४२ मे.वा, तिला १(४४० मे. वा), तिला २ (४२०मे.वा.) लगायतका अन्य विद्युत आयोजनाहरूबाट उत्पादित करिब २५०० मे.वा. यसरी उत्पादित विद्युतलाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न तथा बढी भएको विद्युत निकट भविष्यमा भारत सम्म जोड्ने उदेश्य सहितको अन्तरदेशीय प्रसारण लाइन निर्माण योजना रहेको छ।

यस आयोजना अन्तर्गत निर्माणाधीन लाइनहरूमा मुख्य रूपमा निम्नानुसारका रहेका छन्:

१. फुकोट देखि वेतन ४०० के.भी. डबल सर्किट प्रसारण लाइन आयोजना
२. वेतन देखि दोदोधरा ४०० के.भी. डबल सर्किट प्रसारण लाइन आयोजना
३. दोदोधरा देखि कर्मदेव ४०० के.भी. डबल सर्किट प्रसारण लाइन आयोजना

यस आयोजना अन्तर्गत फुकोट, वेतन र दोदोधरा गरी तीनवटा ४००/१३२ के.भी. सबस्टेशनहरू र ४०० के.भी. डबल सर्किट भोल्टेजमा निर्माण हुनेछन् । दोदोधरा सबस्टेशन भविष्यमा नेपालको कर्मदेव हुदै भारतको बरेलीसँग जोडिने सीमा-पार समिकरण बिन्दुको रूपमा रहनेछ । यस प्रसारण लाइनको कुल लम्बाई १२१ किलोमिटर भएता पनि हाल ९६ किलोमिटर मात्र निर्माण ठेक्का सम्झौता भई निर्माण कार्य भईराखेको छ । निर्माण व्यवसायीको विवरण निम्नानुसार रहेको छ:

निर्माण कम्पनी: कल्पतरु पावर इन्टरनेसनल लिमिटेड
ठेक्का सम्झौता मिति: मिति २०७९ साल माघ १२ गते
ठेक्का सम्झौता रकम : USD 43,689,026.59 र ने.रू. २,२४२,०४६,९१९.१७)

- **आयोजनाको समग्र प्रगति र आगामी कार्य योजना**

इन्जिनियरिङ डिजाइन कार्य अन्तिम चरण रहेको, Check Survey सम्पन्न गरी टावरहरूको २२ वटा Foundation को निर्माण कार्य सम्पन्न भईसकेको र ६ वटा Foundation को निर्माण कार्य जारी रहेको । प्रसारण लाइन निर्माण गर्न आवश्यक टावरका बिभिन्न पार्टस् जस्तै Tower Structure, Stubs, N&B, Earthing Material, Insulators, Hardware Accessories हरू आयात गरी सुरक्षित भण्डारण गरी व्यवस्थापन गरिएको तथा रुख छपान तथा लागत लिने कार्य सम्पन्न गरिएको वेतन देखि दोदोधरा सम्म खण्डमा पर्ने वन क्षेत्रमा पर्ने रूख कटान तथा जग्गाको भोगाधिकार लागि आवश्यक कार्य अघि बढिरहेको । प्रसारण लाइनको अधिकार क्षेत्रमा पर्ने कैलाली, सुर्खेत र कालिकोट जिल्लाहरूका सामुदायिक वनहरूको आम भेला र निर्णय गर्ने कार्यहरू सम्पन्न भईसकेको र अछाम जिल्लामा सम्पन्न हुने क्रममा रहेको ।

आ.व. २०८२/८३ कार्य योजनाहरू:

वेतन देखि दोदोधरा ४०० के.भी. प्रसारण लाइन खण्डको Forest Clearance गरी टावरहरूको Foundation र Erection को कार्यहरू गर्ने तथा आयोजनाको अछाम जिल्ला स्थित टावर प्याडमा पर्ने जग्गाहरूको अधिग्रहण गर्ने ।

(ख) केराबारी–न्यू मर्स्याङ्गदी (दरौंदी कोरिडोर) १३२ के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

केराबारी–न्यू मर्स्याङ्गदी (दरौंदी कोरिडोर) १३२ के.भी. प्रसारण लाइन आयोजना गण्डकी प्रदेश अन्तर्गत गोरखा तथा तनहुँ जिल्लामा अवस्थित एक महत्वपूर्ण राष्ट्रिय पूर्वाधार आयोजना हो । यस आयोजना मार्फत दरौंदी, चेपे, माछा खोला लगायत गण्डकी प्रदेशका अन्य खोलाहरूमा निर्माणाधीन वा निर्माण सम्पन्न अवस्थामा रहेका जलविद्युत् आयोजनाबाट उत्पादन हुने करिब १२० मेगावाट विद्युत् राष्ट्रिय ग्रिडमा समावेश गर्ने लक्ष्य राखिएको छ । यस आयोजनाले देशको विद्युत् प्रसारण क्षमता सुदृढ गर्ने मात्र नभई, स्थानीय जलविद्युत् उत्पादनलाई पनि व्यावसायिक रूपमा उपयोग गर्न सहयोग पुऱ्याउनेछ ।

उक्त विद्युत् प्रणालीमा समावेश गर्नका लागि गोरखा जिल्लाको सिरानचोक गाउँपालिका–१ केराबारीमा निर्माणाधीन केराबारी सव-स्टेशन देखि तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका–२ स्थित मर्केचोक (न्यू मर्स्याङ्गदी) सव-स्टेशनसम्म करिब ३२ किलोमिटर लामो १३२ के.भी. डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ ।

- **आयोजनाको समग्र प्रगति र आगामी कार्य योजना**

आयोजनाको प्रारम्भिक चरणमा आवश्यक पर्ने ९० प्रतिशत जग्गा अधिग्रहण कार्य सफलतापूर्वक सम्पन्न भइसकेको छ । विस्तृत स्थल सर्भे कार्यसमेत पूर्ण भई आयोजनाको प्रविधिक तथा स्थलसम्बन्धी सम्पूर्ण विवरणहरू संकलन गरिएका छन् । आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भई परियोजनाबाट उत्पन्न हुने सम्भावित वातावरणीय प्रभावहरूको मूल्याङ्कन गर्दै आवश्यक समाधानका उपायहरू निर्धारित गरिएका छन् ।

यस अवधिमा निर्माण कार्यहरू तीव्र गतिमा अघि बढिरहेका छन्। हालसम्म आयोजनाका लागि आवश्यक कुल १०७ वटा टावरमध्ये ४५ वटा टावरहरूको संरचना निर्माण कार्य सम्पन्न भइसकेको छ भने थप १० वटा टावरहरूको जग निर्माण सम्पन्न भई टावरहरूको संरचना निर्माणका लागी तयार छन्। आयोजनाका लागि आवश्यक विभिन्न सामग्रीहरूमध्य करिब ७० प्रतिशत सामग्रीहरू आयात भइसकेका छन्। यसका साथै केराबारी सव-स्टेशनको निर्माण कार्य पनि प्रारम्भिक तयारी चरणमा प्रवेश गरिसकेको छ।

आयोजनाको समग्र प्रगतिलाई मूल्याङ्कन गर्दा हालसम्म भौतिक प्रगति करिब ६६.३ प्रतिशत र वित्तीय प्रगति करिब ५०.८८ प्रतिशत पुगेको छ। प्राप्त प्रगतिले आयोजनाले निर्धारित लक्ष्य अनुसार अगाडि बढिरहेको पुष्टि गर्छ। अझ प्रभावकारी समन्वय, निगरानी तथा निर्माण कार्यमा तीव्रता ल्याउन सकेमा यो आयोजना समयमै सम्पन्न भई राष्ट्रिय उर्जा पूर्वाधारमा एक ठूलो उपलब्धि बन्न सक्नेछ।

(ग) मेवा देखि चाँगे (ढुङ्गेसाँघु) सम्म १३२ के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

यस मेवा देखि चाँगे (ढुङ्गेसाँघु) सम्म १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजना कोशी प्रदेश अन्तर्गत ताप्लेजुङ्ग जिल्लामा पर्दछ। प्रस्तावित आयोजनाले मेवा खोला तथा यस क्षेत्रका आसपासका खोलाबाट उत्पादित करिब १२५ मे.वा. विद्युतलाई राष्ट्रिय ग्रिडमा जोड्दछ। उक्त १२५ मे.वा. विद्युतलाई राष्ट्रिय ग्रिडमा जोड्नको लागि यस आयोजना अन्तर्गत मिक्वाखोला गाउँपालिका वडा नं ५ पापुङमा निर्माण हुने मेवा सव-स्टेशन देखि सोहि जिल्लाको मैवाखोला गाउँपालिका वडा नं १ मा रहेको ढुंगेसाँघु सव-स्टेशन सम्म १३२ के.भी को करिब २० कि.मि. लामो डबल सर्किट प्रसारण लाइन निर्माणाधीन रहेको छ।

- **आयोजनाको समग्र प्रगति र आगामी कार्य योजना**

यस आयोजनाको प्रारम्भिक चरणमा, आयोजनाको लागि आवश्यक पर्ने जग्गा अधिग्रहण कार्य सम्पन्न गरिएको छ जसले निर्माण गतिविधि सुरुवात गर्न मार्ग प्रशस्त गरेको छ। आयोजनाको विस्तृत सर्भे एवं वातावरणीय अध्ययन कार्य सम्पन्न भइसकेको छ।

प्रसारण लाइनको निर्माण कार्य हाल सक्रिय रूपमा अगाडि बढिरहेको छ भने मेवा सव-स्टेशनको निर्माण कार्य प्रारम्भिक तयारीको चरणमा रहेको छ। हालसम्मको प्रगतिलाई मूल्याङ्कन गर्दा, आयोजना वित्तीय रूपले करिब ६४ प्रतिशत सम्पन्न भएको देखिन्छ भने भौतिक कार्यान्वयनको प्रगति करिब ६७ प्रतिशत पुगेको छ।

४.२ सार्वजनिक निजी साझेदारी अन्तर्गत निर्माण हुने प्रसारण लाइन आयोजनाहरू

(क) तमोर-ढुङ्गेसाँघु २२० के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

पूर्वी नेपालको ताप्लेजुङ्ग जिल्ला फक्ताङ्लुङ्ग गाँउपालिका मार्गेन स्थित प्रस्तावित तमोर (२२०/१३२) सवस्टेसनबाट थप चार (४) वटा स्थानिय तह हुँदै ढुङ्गेसाँघु स्थित नेपाल विद्युत प्राधिकरणको ढुङ्गेसाँघु सवस्टेसन मार्फत राष्ट्रिय विद्युत प्रणालीमा जोडिने गरी प्रस्तावित तमोर-ढुङ्गेसाँघु २२० के.भी. विद्युत प्रसारण लाइन आयोजना नेपालकै प्रथम सार्वजनिक-निजी साझेदारी अन्तर्गत निर्माण हुने प्रसारण लाइन आयोजना हो।

- **आयोजनाको समग्र प्रगति र आगामी कार्य योजना**

निर्माण भन्दा पूर्वका विस्तृत सर्वेक्षण, विस्तृत इञ्जिनियरिङ्ग अध्ययन, तमोर (२२०/१३२ के.भी) सवस्टेसन डिजाइन, वातावरणीय अध्ययन, बोलपत्रका लागि आवश्यक कागजात तयार गर्ने र प्रसारण लाइन निर्माण अनुमतिपत्र प्राप्ति जस्ता कार्यहरू सम्पन्न भएको छ। मिति २०८१/०८/२५ मा विभिन्न निजी प्रवर्द्धक र यस कम्पनी बीच भएको समझदारी पत्र अनुरुप यस प्रसारण लाइन आयोजना निर्माण एवं सञ्चालनको लागि विशेष प्रयोजन वाहक मार्फत मिति २०८१/१०/१३ मा "तमोर ढुङ्गेसाँघु पावर ट्रान्समिसन कम्पनी लिमिटेड" स्थापना गरिएको छ। सो कम्पनीमा ऋण-इक्विटी अनुपात ७०: ३० भएको र यस कम्पनीको २६ प्रतिशत शेयर रहेको छ। आयोजनाको प्रसारण लाइन निर्माण अनुमतिपत्र उक्त कम्पनीमा हस्तान्तरण हुने

प्रक्रियामा रहेको छ। सो पश्चात प्रसारण लाइन निर्माण एवं सञ्चालनका सम्पूर्ण कार्यहरू सोही कम्पनीबाट गरिने व्यवस्था रहेको छ।

(ख) हाईटार-सितलपाटी (अरुण कोरिडोर) ४०० के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

यस कम्पनीद्वारा प्रकाशन गरिएको 'Transmission System Master Plan 2018' अनुसार पूर्व देखि पश्चिमसम्म उत्पादित विद्युतलाई प्रसारण लाइन मार्फत राष्ट्रिय ग्रिड प्रणालीमा जडान गर्नका लागि सम्पूर्ण नेपालको प्रसारण लाइनलाई पाँच (५) भागमा बाँडिएको छ । त्यसै अनुरुप पाँचौ क्षेत्र (ZONE 5) मा झापा, इलाम, पाँचथर, ताप्लेजुङ्ग, मोरङ, धनकुटा, संखुवासभा, सुनसरी, भोजपुर, तेह्रथुम, सोलुखुम्बु, उदयपुर, खोटाङ्, ओखलढुंगा, सिराहा र सप्तरी रहेका छन्।

यस क्षेत्र अन्तर्गत संखुवासभा जिल्लामा हाईटार-सितलपाटी (अरुण कोरिडोर) ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजना प्रस्तावमा रहेको छ। उक्त आयोजनाको सुरुवाती बिन्दु मकालु गाउँपालिका वडा नं. हाईटार (साबिक पाव खोला गा.वि.स.४) र अन्तिम बिन्दु खाँदबारी नगरपालिकाको सितलपाटी रही प्रसारण लाइनको लम्बाई करिब ३५ कि.मि. रहेको छ । यस आयोजनामा दुईवटा सवस्टेसनहरू छन् जुन क्रमसः हाईटार (४००/१३२ के.भी) र सितलपाटी (४००/२२० के.भी) मा छन्।

- **आयोजनाको समग्र प्रगति र आगामी कार्य योजना**

यस आयोजनाको प्रथम चरणको कार्य अन्तर्गत विस्तृत इञ्जिनियारिंग डिजाइनको लागि एनईए इन्जिनियरिङ्ग कम्पनीसंग परामर्श सम्झौता भएकोमा हालसम्म विस्तृत इन्जिनियरिङ्ग डिजाइन अन्तर्गत सर्वेक्षण, प्रसारण लाइनको डिजाइन, हाईटार ४००/१३२ के.भी. सवस्टेसन डिजाइन, सितलपाटी ४००/२२० के.भी. सवस्टेसनको विस्तृत डिजाइन र प्रारम्भिक वातावरणीय अध्ययन सम्पन्न भई बोलपत्रका लागि आवश्यक कागजात तयार गर्ने कार्य पनि सम्पन्न भईसकेको छ। साथै सवस्टेसनका लागि आवश्यक जग्गा आधिग्रहणको कार्य पनि मुआब्जा वितरण पश्चात सम्पन्न भएको छ।

दोश्रो चरणको काममा आयोजनाको निर्माण अनुमतिपत्र प्राप्त भएको र वित्तीय व्यवस्थापनका विभिन्न मोडालिटिहरूमा काम भईरहेको छ। वित्तिय व्यवस्थापनकै क्रममा उक्त आयोजनामा निजी प्रवर्धकसंग सहकार्य गर्न अरुण नदी र सहायक नदी कोरिडोरमा अवस्थित लाइसेन्स लिई विद्युत उत्पादनको प्रक्रियामा रहेका विद्युत उत्पादकहरूलाई स्वपूँजी लगानी सहित साझेदारीमा संलग्न हुन इच्छुक प्रवर्धकहरूलाई मिति २०८१/१०/०७ मा आशय पत्र आह्वान समेत गरिएको थियो।सोही अनुरुप सार्वजनिक निजी साझेदारी अन्तर्गत कार्यहरू भइरहेका छन्।

(ग) लामाबगर-बाह्रबिसे २२० के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

लामाबगर–बाह्रबिसे २२० के.भी. डबल सर्किट प्रसारण लाइन आयोजना तामाकोशी नदी कोरिडोरमा प्रस्तावित विभिन्न जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् निकासा गरी राष्ट्रिय प्रणालीमा जडान गर्न पहिचान गरिएको आयोजना हो। "Transmission System Masterplan 2018" अनुसार Zone 4 मा पर्ने यस आयोजनाले तामाकोशी, लाप्चे र रोल्वालिङ्ग नदी क्षेत्रका विभिन्न जलविद्युत आयोजनाहरूको उत्पादनलाई राष्ट्रिय प्रणालीमा आबद्ध गराउने लक्ष्य लिएको छ । उक्त प्रसारण लाइन प्रस्तावित लामाबगर सवस्टेसनबाट (220/132 के.भी) सुरु भई दोलखा जिल्लाको बिगु गाउँपालिका वडा नं. १, २, ३, ४, ५, ७ र ८ तथा सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिकाको वडा नं. २ र ४ हुँदै जाने गरी प्रस्तावना गरिएको छ। प्रसारण लाइन हाल निर्माणाधीन अवस्थामा रहेको नेपाल विद्युत् प्राधिकरणको बाह्रबिसे सवस्टेसन (४००/२२०/१३२ के.भी), बाह्रबिसे नगरपालिका, सिन्धुपाल्चोक जिल्लामा समाप्त हुनेछ । करिब ४३.७ कि.मि. लम्बाई रहेको यस आयोजनामा १३५ वटा टावर रहेका छन्।

- **आयोजनाको समग्र प्रगति र आगामी कार्य योजना**

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको माथिल्लो क्षेत्रतिर स्वतन्त्र ऊर्जा उत्पादकहरूद्वारा प्रस्तावित करिब ४२३ मेगावाट क्षमताका विभिन्न जलविद्युत् आयोजनाहरूबाट आउने समानान्तर प्रसारण लाइन नदोहोराई राष्ट्रिय प्रणालीमा जोड्ने उद्देश्य

बोकेको यस आयोजनाको विस्तृत सर्वेक्षण, विस्तृत इञ्जिनियरिङ्ग अध्ययन र प्रारम्भिक वातावरणीय अध्ययनका कार्यहरू समाप्त भईसकेका छन्। वित्तीय व्यवस्थापनको स्रोत सुनिश्चितताका निम्ति निर्माण क्षेत्र आसपास निर्माण भईरहेका र हुने विभिन्न जलविद्युत आयोजनाहरूका प्रवर्द्धकहरू र यस कम्पनी बीच नेपाल सरकारको नीति एवं सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुरुप SPV मार्फत सहायक कम्पनी खोली आयोजना निर्माण गर्न मिति २०८१/०९/१८ गतेका दिन आशयपत्रको सूचना प्रकाशन गरिएको थियो। सो आशयपत्रको सूचनाको आधारमा २ वटा जलविद्युत प्रवर्द्धकहरूबाट आवेदन प्राप्त भएको छ र सोही विषयमा कार्यहरू द्रुत गतिमा अघि बढिरहेका छन्।

४.३ अध्ययन सम्पन्न भएका प्रसारण लाइन आयोजनाहरू

(क) पश्चिम सेती कोरिडोर ४०० के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

पश्चिम सेती नदि बेसिनमा पहिचान भई निर्माणका विभिन्न चरणमा रहेका जलविद्युत आयोजनाहरूलाई राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्न कम्पनीद्वारा बझाङ जिल्लाको प्रस्तावित चैनपुर सबस्टेशन देखि डोटी जिल्लाको बनलेक सबस्टेशन हुदैं कैलाली जिल्लाको दोदोधारा सबस्टेशनसम्म ४०० के.भी. को करिब १४५ कि.मि. डबल सर्किट प्रसारण लाइन तथा बनलेक सबस्टेशन देखि कन्चनपुर जिल्लाको बेद्कोट नगरपालिका स्थित दैजी सम्म ४०० के.भी. को करिब ६८ कि.मि. डबल सर्किट प्रसारण लाइन निर्माण गर्ने लक्ष्य रहेको छ। यस आयोजना अन्तर्गत निर्माण हुने चैनपुर सबस्टेशनमा चैनपुर सेती जल विधुत आयोजना (२१० मे.वा.), बझाङ्ग अप्पर सेती जल विधुत आयोजना (२१६ मे.वा.), सेती नदी-३ जलविधुत आयोजना (८७ मे.वा.) तथा बनलेक सबस्टेशनमा पश्चिम सेती जलविधुत आयोजना (७५० मे.वा.) मा विधुत उत्पादन जम्मा भई कैलालीको दोदोधारामा निर्माण हुने सबस्टेशनमा कुल २५०० मे.वा प्राप्त गर्ने योजना रहेको छ।

- **आयोजनाको लक्ष्य:**

आयोजना अन्तर्गत बझाङ जिल्लाको जयपृथ्वी नगरपालिका स्थित हमारसेन देखि डोटी जिल्लाको शिखर नगरपालिका हुँदै कैलाली जिल्लाको दोदोधारासम्म कुल १४५ कि.मि. प्रसारण लाइन को निर्माण गर्ने तथा डोटी जिल्लाको शिखर नगरपालिका हुँदै कंचनपुर जिल्लाको बेद्कोट नगरपालिका स्थित दैजी सम्म ६८ कि.मि. प्रसारण लाइन को निर्माण गर्ने। साथै, बझाङ जिल्लामा चैनपुर सबस्टेशन र डोटीमा जिल्लामा बनलेकमा ४००/१३२ के.भी. का सबस्टेशनहरूको निर्माण गर्ने।

- **आयोजनाको लागत अनुमान:**

बझाङ्गको चैनपुर सबस्टेशन देखि डोटीको बनलेक सबस्टेशन हुदै कैलालीको दोदोधारा सबस्टेशनसम्म १४५ कि.मि ४०० के.भी. प्रसारण लाइन निर्माण गर्ने तथा बझाङ्गमा ४००/१३२ के.भी. चैनपुर सबस्टेशन र डोटीमा ४००/१३२ के.भी. बनलेक सबस्टेशन निर्माण गर्नको लागि कूल लागत रु.२० अर्ब रहेको छ। साथै, डोटीको बनलेक सबस्टेशन हुदै कंचनपुरको बेद्कोट नगरपालिका स्थित दैजीको न्यु अत्तरिया सबस्टेशनसम्म ६८ कि.मि. ४०० के.भी. प्रसारण लाइन को निर्माण गर्नको लागि कूल लागत रु.७.५ अर्ब रहेको छ।

- **आयोजनाको समग्र प्रगति:**

क्र.सं.	क्रियाकलाप	प्रगति
१.	प्रसारण लाइनको Detail Engineering Design	सम्पन्न भएको
२.	प्रारम्भिक वातावरणीया परिक्षणको अध्ययन	सम्पन्न भएको (बझाङ्ग-बनलेक खण्डको अन्तिम चरणमा रहेको)
३.	चैनपुर सबस्टेशनको लागि जग्गा अधिग्रहण	सम्पन्न भएको
४.	बनलेक सबस्टेशनको लागि जग्गा अधिग्रहण	सम्पन्न भएको
५.	बनलेकको जग्गामा काँडेतार निर्माण	सम्पन्न भएको

- **आगामी कार्य योजना:**

  पश्चिम सेती ४०० के.भी. प्रसारण लाइन आयोजना निर्माण एवं सञ्चालन गर्नको लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत विशिष्टिकृत आयोजना (SPV) कम्पनी स्थापना गरी पश्चिम सेती नदी कोरिडोरमा लाइसेन्स लिई जलविद्युत उत्पादनको प्रक्रियामा रहेका विद्युत प्रवर्द्धकहरूबाट लगानी सहित साझेदारीमा संलग्न गराई निर्माण प्रक्रिया अगाडी बढाउने।

(ख) भेरी कोरिडोर ४०० के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

  भेरी नदि बेसिनमा पहिचान भई निर्माणका विभिन्न चरणमा रहेका जलबिधुत आयोजनाहरूलाई राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्न कम्पनीद्वारा सुर्खेत जिल्लाको प्रस्तावित मैनताडा सबस्टेशन देखि जाजारकोट जिल्लाको नलगाड सबस्टेशन सम्म ४०० के.भी. को करिब ७५ कि.मि. डबल सर्किट प्रसारण लाइन र प्रस्तावित नलगाड सवस्टेसन देखि पश्चिम रुकुम जिल्लाको बाफिकोट सवस्टेसन सम्म करिव १८ कि.मि. डबल सर्किट प्रसारण लाइन गरी जम्मा ९३ कि.मि. प्रसारण लाइन निर्माण गर्ने लक्ष्य रहेको छ। यस प्रसारण लाइन अन्तर्गत सुर्खेत जिल्लाको भेरीगंगा न.पा. मा मैनताडा सबस्टेशन, जाजरकोट जिल्लाको नलगाड नगरपालिकामा नलगाड सबस्टेसन रहनेछ र रुकुम पश्चिम जिल्लामा नेपाल बिद्युत प्राधिकरण द्वारा प्रस्तावित बाफिकोट सवस्टेसनम ४०० के.भी. बे निर्माण गरिनेछ।

  यस आयोजना अन्तर्गत निर्माण हुने नलगाड सबस्टेशनमा जगदुल्ला हाइड्रोपावर १०६ मे.वा., भेरी-१ हाईड्रोपावर २७० मे.वा., भेरी-२ जलविद्युत आयोजना (२०६ मे.वा.), अपर भेरी (३२५ मे.वा.) लगायतका आयोजनाहरूबाट उत्पादन हुने बिद्युत जोडिनेछन। त्यसका लागि भेरी नदी बेसिनमा निर्माण हुने जलबिद्युत आयोजनाका प्रबर्धकहरूले ग्रिड कनेक्सनको लागि यस कम्पनीमा निबेदन दिएका छन्। हाल सम्म भेरि कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजना अन्तर्गतको नलगाड-मैनताडा खण्डको बिस्तृत अध्ययन तथा डिजाईन र वातावरणीय अध्ययनको काम सम्पन्न भईसकेको छ।आयोजना निर्माणको लागि वि.वि.वि.मा प्रसारण अनुमतिको लागी दरखास्त पेश गरी सकिएको र वि.वि.वि.बाट अनुमति प्रत्र प्राप्त हुने चरणमा रहेको छ ।साथै, नलगाड-बाफिकोट खण्डकोको बिस्तृत सर्वेक्षण कार्य सम्पन्न भै बिस्तृत डिजाईन तथा वातावरणीय अध्ययन कार्यको लागि तयारि भईरहेको छ।

- **आयोजनाको लक्ष्य:**

  आयोजना अन्तर्गत जाजरकोट जिल्लाको नलगाड नगरपालिका स्थित नलगाड सवस्टेसन देखि सुर्खेत जिल्लाको भेरि गंगा नगरपालिका स्थित मैनताडा सवस्टेसन सम्म ७५ कि.मि प्रसारण लाइन निर्माण गर्ने तथा नलगाड सवस्टेसन देखि पश्चिम रुकुम जिल्लाको बाफिकोट गा.पा. स्थित बाफिकोट सवस्टेसन सम्म १८ कि.मि. प्रसारण लाइनको निर्माण गर्ने। साथै, जाजरकोट जिल्लामा नलगाड सवस्टेसन तथा सुर्खेत जिल्लामा मैनताडा सबस्टेशन र बाफिकोट सवस्टेसनमा ४०० के.भि. बे निर्माण गर्ने।

- **आयोजनाको लागत अनुमान:**

  जाजरकोटको नलगाड-सवस्टेसन देखि सुर्खेतको मैनताडा सवस्टेसन सम्म ७५ कि.मि ४०० के.भी. प्रसारण लाइन तथा ४००/१३२ के.भि. सवस्टेसन निर्माण गर्नको लागि कूल लागत रु. १६ अर्ब रहेको छ। साथै, नलगाड सवस्टेसन देखी बाफिकोट सवस्टेसन सम्म १८ कि.मि. प्रसारण लाइन निर्माण तथा ४०० के.भी बे निर्माण गर्न अनुमानित लागत रु. ६ अर्ब रहेको छ।

- **आयोजनाको समग्र प्रगति:**

क्र. सं.	क्रियाकलाप	प्रगति
१.	नलगाड-मैनताडा खण्डको प्रसारण लाइनको Detail Engineering Design	सम्पन्न भएको
२.	नलगाड-मैनताडा खण्डको प्रारम्भिक वातावरणीया परीक्षणको अध्ययन	सम्पन्न भएको
३.	नलगाड तथा मैनताडा सबस्टेशनको लागि जग्गा अधिग्रहण	सम्पन्न भएको
४.	नलगाड-बाफिकोट ४०० के.भी. खण्डको बिस्तृत सर्वेक्षण	सम्पन्न भएको
५.	नलगाड-मैनताडा ४०० के.भी. खण्डको प्रसारण अनुमतिपत्र	प्राप्त हुने चरणमा रहेको

- **आगामी कार्य योजना:**

  भेरी कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाको नलगाड-मैनताडा खण्डको निर्माण एवं सञ्चालन गर्नको लागि स्रोत सुनिश्चितताको लागि पहल गरी आबश्यक लगानी जुटाई निर्माण प्रक्रिया अगाडी बढाउने। साथै, नलगाड-बाफिकोट ४०० के.भी. खण्डको विस्तृत इन्जिनियरिङ्ग डिजाइन एवं प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न गर्ने।

४.४ अध्ययनरत प्रसारण लाइन आयोजनाहरू

(क) सितलपाटी-ढुङ्गेसाँघु २२० के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

  सितलपाटी-ढुङ्गेसाँघु २२० के.भी. प्रसारण लाइन आयोजना नेपालको पूर्वी भूभाग, कोशी प्रदेशअन्तर्गत संखुवासभा र ताप्लेजुङ जिल्लामा अवस्थित छ। यो प्रसारण लाइन ताप्लेजुङ जिल्लाको मैवाखोला गाउँपालिकामा स्थित ढुङ्गेसाँघु सबस्टेसनबाट सुरु भई, संखुवासभा जिल्लाको चैनपुर नगरपालिका, पाँचखपन नगरपालिका, सभापोखरी गाउँपालिका हुँदै खाँदबारी नगरपालिकामा स्थित सितलपाटी सबस्टेसनसम्म पुग्नेछ ।यो आयोजना ढुङ्गेसाँघु–बसन्तपुर–इनरुवा २२० के.भी. प्रसारण लाइनलाई सहयोग प्रदान गर्ने ब्याकअप (Backup) प्रसारण लाइनको रूपमा कार्य गर्नका लागि डिजाइन गरिएको हो।

  यस प्रसारण लाइनको लम्बाई करिब ५२ किलोमिटर रहेको छ। जसमा १५१ वटा टावरहरू रहनेछन्। उक्त लाइनले उपत्यका, खेतीयोग्य जमिन, वन क्षेत्र र कम जनघनत्व भएका क्षेत्रहरू जस्ता विभिन्न भूभागहरू पार गर्दै जानेछ। यसले अरुण नदी, सभा खोला लगायतका प्रमुख जलमार्गहरू र वर्षायाममा बग्ने विभिन्न मौसमी खोलानालाहरू समेत पार गर्नेछ ।यस आयोजनाको भोगाधिकार क्षेत्र केन्द्रीय रेखाबाट दायाँ १५ मिटर र बायाँ १५ मिटर गरी कूल ३० मिटर रहने छ ।यस आयोजना अन्तर्गत २२० के.भी. डबल-सर्किट पावर लाइनले ६०० मेगावाट भन्दा बढी विद्युत निकासी गर्न सक्षम हुनेछ।

- **आयोजनाको प्रगति:**

  यो आयोजना हाल अध्ययनको चरणमा रहेको छ ।यस प्रसारण लाइनको विस्तृत सर्वेक्षण र विस्तृत डिजाइन कार्य सम्पन्न भईसकेको छ भने, आयोजनाको वातावरणीय स्वीकृति प्राप्त गर्न तथा प्रभावकारी योजना र सफल कार्यान्वयन सुनिश्चित गर्नका लागि यस चालु आर्थिक वर्षमा प्रारम्भिक वातावरणीय परीक्षण सुरु गर्ने प्रक्रिया अघि बढाइएको छ।

(ख) हुम्ला-फुकोट ४०० के. भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

  हुम्ला-फुकोट ४०० के. भी. प्रसारण लाइन आयोजना नेपालको सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश को हुम्ला, कालिकोट र बाजुरा जिल्ला (सर्केगाड गा. पा., अदानचुली गा. पा.,सोरु गा. पा., खत्याड गा. पा., स्वामीकार्तिक खापर गा. पा., पाण्डगुफा गा. पा., पचालझरना गा. पा., सान्नी त्रिवेणी गा. पा., बुढीनन्दा नगरपालिका, रास्कोट न.पा., र खाँडाचक्र न. पा.) मा अवस्थित रहेको छ। यस प्रसारण लाइनको लम्बाई करिब ८५ किलोमिटर रहेको छ, जुन हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका स्थित तुम्चा देखि कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिका स्थित रेंगिलसम्म निर्माण हुनेछ। यस आयोजनाले हुम्लामा उत्पादित करिब २२५० मेगावाट पावर, ४०० के.भी. डबल सर्किट प्रसारण लाइनमार्फत हुम्ला सबस्टेसनदेखि फुकोट, सुर्खेत हुँदै दोदोधरा सबस्टेसनमा जोड्ने लक्ष्य राखेको छ। यस आयोजनाले हुम्लाको दुरदराजमा उत्पादित विद्युत, राष्ट्रिय प्रसारण ग्रिडमा जोडी देशको ऊर्जा आपूर्तिमा ठूलो टेवा पुर्याउनुको साथै अन्तर-देशीय विद्युत व्यापारमा समेत टेवा पुर्याउनेछ।

- **आयोजनाको प्रगति:**

  यस प्रसारण लाइनको सर्वे सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी हुम्ला सबस्टेसनको लागि सर्केगाड गा. पा. मा ४००/१३२ के.भी. सबस्टेसनको निर्माणका लागि करिब ११० रोपनी जग्गा अधिग्रहणको प्रक्रियमा रहेको छ भने फुकोट सबस्टेसनको जग्गा प्राप्तिको कार्य सम्पन्न भईसकेको छ। यस आयोजनाको विस्तृत अध्ययन गर्ने कार्य अघि बढाइएको छ।

(ग) साँफेबगर-बस्ती-बेतन १३२ के.भी.

- **आयोजनाको संक्षिप्त परिचय:**

  साँफेबगर-बस्ती-बेतन १३२ के.भी. प्रसारण लाइन परियोजना नेपालको पश्चिमी क्षेत्रमा पर्दछ, जुन कर्णाली र सुदूरपश्चिम प्रदेशभित्रका सुर्खेत र अछाम जिल्लाहरूमा फैलिएको छ। प्रस्तावित प्रसारण लाइन करिब ४८ किलोमिटर लामो हुनेछ, जसले अछाम जिल्लाको साँफेबगर नगरपालिकामा रहेको सबस्टेसनलाई सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकामा रहेको बेतन सबस्टेसनसँग जोड्नेछ ।यस १३२ के.भी. डबल-सर्किट पावर लाइनले करिब १०० मेगावाट विद्युत निकासी गर्न सक्षम हुनेछ।

  यो प्रसारण लाइन यस क्षेत्रमा रहेका तथा निर्माणाधीन जलविद्युत आयोजनाहरूबाट उत्पादित बिजुली राष्ट्रिय ग्रिडमा जोड्नका लागि महत्वपूर्ण पूर्वाधार हो। यसले राष्ट्रिय ग्रिडलाई सुदृढ पार्न र विद्युत आपूर्तिको विश्वसनीयता बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

- **आयोजनाको प्रगति:**

  यस प्रसारण लाइनको सर्वे सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी अध्ययनको चरणमा रहेको छ। यस आयोजनाको डेस्क अध्ययन, वाकओभर सर्वेक्षण, सम्भाव्यता अध्ययन र विस्तृत इन्जिनियरिङ्ग डिजाइन गर्ने क्रममा रहेको छ।





५. प्रसारण प्रणाली निर्माणमा निजी क्षेत्रसँगको सहकार्य



राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड र ६०७ मेगावाटका ५ वटा जलविद्युत् आयोजनाका प्रवर्द्धक कम्पनीबीच ग्रिड जडान सम्झौता (ग्रिड कनेक्सन एग्रिमेन्ट) का लागि सहमति पत्रमा हस्ताक्षर, काठमाडौं ।

नेपाल सरकारबाट जारी भएका गुरुयोजना एवं नीतिगत दस्तावेजहरूमा उल्लेखित लक्ष्यअनुसार प्रसारण पूर्वाधारका लागि आगामी २०३० सम्म रु. ६ खर्ब, २०३५ सम्म रु. ७ खर्ब, र २०४० सम्म रु. ९.१ खर्ब पूँजीको आवश्यकता पर्नेछ। यो पूँजी नेपालको आन्तरिक स्रोतबाट मात्र सम्भव नभएको र दातृ निकायबाट पनि अपेक्षित सहयोग नआएकोले सरकारको वार्षिक बजेटमा भारी सङ्कुचन आएको छ। साथै, सरकारले विद्युत खरिद सम्झौता गरिसकेका विद्युत आयोजनाहरू, जसको COD (Commercial Operation Date) निश्चित भइसकेको छ, उनीहरूका लागि सरकारी संयन्त्रमार्फत प्रसारण संरचना बनाइ सेवा दिनु अत्यावश्यक छ। अन्यथा, सो विद्युत खेर गई देशलाई ठूलो घाटा हुने सम्भावना छ।

यस पृष्ठभूमिमा, सरकारले पूँजी व्यवस्थापनका अन्य विकल्पहरूको खोजी र कार्यान्वयन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ, जसमा निजी क्षेत्रको सहभागिता एक मुख्य विकल्प हो। सुरुवाती चरणमा यसलाई सार्वजनिक-निजी साझेदारी (PPP) मार्फत विकास गरी आवश्यकता अनुसार पूर्ण निजी लगानीमा समेत निर्माण तथा सञ्चालन गराउन सकिन्छ। यसबाट प्रसारण लाइन निर्माणमा विविधिकरण भई यसको विकासले गति लिन सक्छ। साथै, देशको आर्थिक वृद्धिमा ठूलो योगदान पुऱ्याउने छ। निजी क्षेत्रको सहभागिताले नै नयाँ प्रविधि र व्यवस्थापन प्रणाली भित्र्याउन मद्दत गर्नेछ, जसले गर्दा प्रसारण प्रणालीको क्षमता र विश्वसनीयता समेत बढ्नेछ। अहिलेको परिप्रेक्ष्यमा प्रसारण प्रणालीको विकासमा दुई किसिमबाट निजी क्षेत्रलाई सहभागी गराउन सकिन्छ।

५.१ विशिष्टीकृत आयोजना कार्यान्वयन इकाई (Special Purpose Vehicle - SPV)

यस ईकाई मार्फत प्रसारण लाइन निर्माण र सञ्चालनको मोडेलमा हाइड्रो पावर निर्माण वा अध्ययन अनुमति प्राप्त प्रवर्द्धकहरू, जसले आ-आफ्ना आयोजनाबाट उत्पादित विद्युत प्रवाह गर्न प्रसारणसहितको अनुमतिपत्र लिएका हुन्छन्। बीचमा साझा प्रसारण लाइन निर्माण र सञ्चालनका लागि SPV गठन गरिन्छ। यस मोडेलमा विभिन्न प्रवर्द्धकहरू मिलेर एक अलग कानुनी इकाई (SPV) स्थापना गर्छन्। यसको मुख्य उद्देश्य साझा प्रसारण लाइनको निर्माण, सञ्चालन र मर्मत-सम्भार गर्नु हो। SPV मार्फत निर्माण गरिने प्रसारण लाइनले विभिन्न हाइड्रो पावर आयोजनाबाट उत्पादित विद्युत एकीकृतरूपमा राष्ट्रिय ग्रिडमा प्रवाह गर्न मद्दत गर्छ। यसले लागत साझेदारी, जोखिम व्यवस्थापन र दक्षता वृद्धि गर्न सहयोग पुऱ्याउँछ।

विशिष्टीकृत आयोजना कार्यान्वयन इकाईका फाइदाहरू

- **आयोजनाको निर्माणमा सुनिश्चितता।**
- **कुल लागत घटाउने:** साझा प्रसारण लाइन निर्माण गर्दा लागत साझेदारी हुने भएकाले कुल लागत घट्छ।
- **जोखिम व्यवस्थापन:** विभिन्न प्रवर्द्धकहरूबीच जोखिम बाँडफाँट हुने भएकाले व्यक्तिगत जोखिम कम हुन्छ।
- **दक्षता वृद्धि:** एकीकृत प्रसारण लाइनले विद्युत प्रवाहमा दक्षता वृद्धि गर्छ।
- **समन्वय सुधार:** विभिन्न प्रवर्द्धकहरूबीच समन्वय र सहकार्य बढ्छ।

५.२ विद्युत महसुलमा आधारित प्रतिस्पर्धा (Tariff Based Competitive Bidding - TBCB)

यस अवधारणामा प्रवर्द्धकहरूले प्रतिस्पर्धात्मक बिडिङ अर्थात् ठेक्का प्रक्रियामार्फत प्रसारण लाइन निर्माण र सञ्चालनको जिम्मा पाउँछन्। यसमा सरकार वा नियामक निकायले प्रसारण लाइन निर्माण र सञ्चालनका लागि विद्युत महसुलमा प्रतिस्पर्धा गर्ने प्रक्रिया सुरु गर्छ। विभिन्न प्रवर्द्धकहरूले आफ्नो प्रस्तावित महसुल दरका आधारमा प्रतिस्पर्धा गर्छन्। सबैभन्दा कम महसुल दर प्रस्ताव गर्ने प्रवर्द्धकलाई ठेक्का दिइन्छ।

TBCB मोडेलका फाइदाहरू

- **प्रतिस्पर्धात्मकता:** प्रतिस्पर्धात्मक बिडिङ प्रक्रियाले लागत कम गर्न र गुणस्तर सुधार गर्न मद्दत गर्छ।
- **पारदर्शिता:** बिडिङ प्रक्रिया पारदर्शी हुने भएकाले सबै प्रवर्द्धकहरूलाई समान अवसर मिल्छ।
- **दक्षता वृद्धि:** प्रतिस्पर्धात्मक वातावरणले प्रवर्द्धकहरूलाई दक्षता वृद्धि गर्न प्रेरित गर्छ।
- **नवीनता:** नयाँ प्रविधि र व्यवस्थापन प्रणालीको प्रयोग बढ्छ।

यी दुई मोडेलले प्रसारण प्रणालीको विकासलाई तीव्रता दिने र आर्थिक वृद्धिमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

सरकारको यही मान्यता अनुरूप राष्ट्रिय प्रसारण ग्रिडले आफूले अध्ययन गरी तयारीमा रहेका आयोजनामध्य तमोर-ढुङ्गेसाँघु २२० केभी प्रसारण लाइनलाई SPV मार्फत BOOT मोडेलमा निर्माण प्रक्रिया अगाडि बढाइसकेको छ।

जसअनुरूप यस कम्पनी सहित निम्नानुसारका उत्पादक कम्पनीहरू स्वपूँजी लगानीमा सहभागी हुनेछन्।

क्र.सं.	कम्पनी	आयोजना	जडित क्षमता (मे.वा.)	वर्तमान अवस्था
१	रेमिट हाइड्रो लिमिटेड	घुन्सा खोला जलविद्युत आयोजना	७७.५	पिपिए सम्पन्न भई उत्पादन अनुमतिपत्र प्राप्त
२	सिम्बुवा रेमिट हाइड्रो लिमिटेड	सिम्बुवा खोला जलविद्युत आयोजना	७०.३	उत्पादन अनुमतिपत्र प्राप्त भई पिपिएको प्रक्रियामा
३	क्रिस्टल पावर डेभलपमेन्ट प्राइभेट लिमिटेड	सुपर तमोर जलविद्युत आयोजना	१६६	पिपिए सम्पन्न भई उत्पादन अनुमतिपत्र प्राप्त
४	युनियन हाइड्रोपावर लिमिटेड	अपर तमोर ए जलविद्युत आयोजना	६०	सर्वेक्षण अनुमतिपत्र लिई पिपिएको प्रक्रियामा
५	नेपाल हाइड्रो भेन्चर प्राइभेट लिमिटेड	तमोर खोला जलविद्युत आयोजना	४३	सर्वेक्षण अनुमतिपत्र लिई पिपिएको प्रक्रियामा

३२ किलोमिटर लम्बाइ रहेको तमोर-ढुङ्गेसाँघु प्रसारण लाइनसँगै २२०/१३२ केभीको सबस्टेसन कार्यक्षेत्र रहेको उक्त आयोजनाको कुल लागत करिब रु. ३.८ अर्ब रहेको छ। निर्माणपूर्वका सबै कार्य सम्पन्न गरिएकोले प्रसारण अनुमतिपत्र लिने प्रक्रियामा रहेको छ। हाल करिब ७० रोपनी जग्गा अधिग्रहण गरिसकिएको र सो सहितको अन्य खर्च पछि स्थापना गरिने कम्पनीमा पूँजीकृत गरिनेछ।

हाल ७४% शेयर उत्पादक कम्पनी र २६% शेयर RPGCL लाई प्रस्ताव कायम गरिएको छ। आयोजनाको मुख्य आयस्रोत सम्बन्धित उत्पादक कम्पनीले 'बुक' गरेको ह्वीलिङ चार्ज हुनेछ। सोही आयबाट ऋण चुक्ता र सञ्चालन खर्च कटाएर हुने नाफा/नोक्सान शेयर होल्डरले बेहोर्ने अवधारणा रहेको यो आयोजना आफ्नै स्वतन्त्र कर्पोरेट मान्यताका आधारमा परिचालन हुनेछ।

५.३ ऋण व्यवस्थापन

यसको राम्रो पक्ष भनेको स्वपूँजी सँगसँगै ऋणको व्यवस्थापन गर्नु पनि हो, जसका लागि RPGCL र HIDCL बीच उक्त आयोजनामा ऋण लगानी गर्नेबारे समझदारी पत्रमा हस्ताक्षर भएको छ।

यसरी सो प्रसारण लाइनको स्वपूँजी र ऋण दुवैको व्यवस्थापनमार्फत निर्माण सुनिश्चित भई RPGCL, सरकार, निजी क्षेत्र र HIDCL सबैको दायित्व समान (विन-विन, win-win) भएको अवस्था छ। यो मोडेलको सफल परीक्षणमार्फत देशका अन्य प्रसारण आयोजनामा समेत लागु गर्न सकिने र देशमा प्रसारण लाइन विकासले गुणात्मक फड्को मार्ने विश्वास लिइएको छ।

५.४ सार्वजनिक निजी साझेदारी

सार्वजनिक निजी साझेदारी कुनै पूर्वाधार, सेवा, वा परियोजना निर्माण तथा सञ्चालनका लागि सरकार (सार्वजनिक क्षेत्र) र निजी क्षेत्रबीच हुने दीर्घकालीन सहकार्य हो। यस मोडेलमा सरकारी निकायले योजना, नीति तथा नियमनको भूमिका निर्वाह गर्छ भने निजी क्षेत्रले पूँजी लगानी, प्रविधि, दक्षता र व्यवस्थापन प्रदान गर्छ। सार्वजनिक–निजी साझेदारीले सरकारी भार घटाउने, सेवा गुणस्तरीय बनाउने, र परियोजना समयमा सम्पन्न गराउने लक्ष्य लिन्छ। यो मोडेल विशेष गरी सडक, ऊर्जा, स्वास्थ्य, शिक्षा, जल आपूर्ति, र यातायातजस्ता क्षेत्रहरूमा बढी प्रयोग गरिन्छ। PPP ले दिगो विकासमा सहयोग पुऱ्याउनुका साथै निजी क्षेत्रलाई समेत सामाजिक उत्तरदायित्वमा सहभागी गराउँछ।

पश्चिम सेती ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजना नेपालको ऊर्जा पूर्वाधार विकासका लागि अत्यन्त महत्वपूर्ण आयोजना हो, जसलाई सार्वजनिक–निजी साझेदारी मोडेलमार्फत अगाडि बढाउने प्रक्रिया सुरू भएको छ। यो आयोजनाले पश्चिम नेपालमा उत्पादन हुने जलविद्युतलाई केन्द्रीय प्रसारण प्रणालीमा समेट्न सहयोग पुऱ्याउनेछ, जसले राष्ट्रिय ऊर्जा आपूर्ति सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ। सार्वजनिक–निजी साझेदारी अन्तर्गत सरकार र निजी क्षेत्रबीच सहकार्य गरी पूँजी, प्रविधि, र व्यवस्थापनमा संयुक्त लगानी गरिनेछ, जसले आयोजनाको निर्माण, सञ्चालन, र मर्मतसम्भारलाई दिगो बनाउने अपेक्षा गरिएको छ। यसरी PPP मोडेलले आयोजना सञ्चालनमा दक्षता वृद्धि गर्नुका साथै ऊर्जा क्षेत्रको दिगो विकासमा सहयोग पुग्ने विश्वास लिइएको छ।

६. मानव संसाधन



राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडमा कार्यरत कर्मचारीहररूको सामुहिक तस्बिर।

६.१ पृष्ठभूमि

कम्पनी ऐन, २०६३ अन्तर्गत देशभर विद्युतीय ऊर्जामा पहुँच हुने गरी पर्याप्त प्रसारण संजालको प्रत्याभूति सहित विश्वस्तरीय प्रसारण कम्पनीको रुपमा रुपान्तरण हुने भन्ने सोच सहित मिति २०७२ असार २७ गते स्थापना भएको यस कम्पनीमा प्रथम प्रमुख कार्यकारी अधिकृत नियुक्ति भने मिति २०७३ पुष १४ भएको थियो। प्रमुख कार्यकारी नियुक्तिको पहिलो वर्षमा कम्पनीको दैनिक कार्य सञ्चालनका लागि आवश्यक केही कर्मचारीहरू सञ्चालक समितिको स्वीकृतिमा करार सेवामा नियुक्त गरिएको थियो।

कम्पनीको कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७४ सञ्चालक समिति एवम् लोक सेवा आयोगवाट स्वीकृत भई कार्यान्वयन भयो। कम्पनीको उद्देश्य प्राप्तिका लागि सञ्चालक समितिबाट स्वीकृत दरबन्दी एवम् करार सेवा सम्बन्धी कार्यबिधि, २०७६ का आधारमा रहेर खुला प्रतियोगिताद्वारा आवश्यकता बमोजिम करार सेवामा कर्मचारीहरूको नियुक्त गरिएको थियो। हाल कम्पनीको आवश्यकता र औचित्य हेरी समितिको निर्णयबमोजिम विभिन्न तह तथा पदमा लोक सेवा आयोगद्वारा खुला तथा प्रतियोगितात्मक परिक्षाद्वारा स्थायी सेवामा कर्मचारीहरूको नियुक्ति गरिएको छ।

कम्पनीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन बमोजिम आगामी पाँच वर्षका लागि कुल १७७ पदहरूको दरबन्दी तयार भएको छ भने हाल कम्पनीको आवश्यकता र औचित्यका आधारमा सञ्चालक समितिको निर्णयअनुसार ७१ पदहरूको दरबन्दी कायम गरिएको छ।

६.२ कम्पनीको साङ्गठनीक संरचना

यस कम्पनीको साङ्गठनीक संरचना क्रमिक रूपमा विस्तारित हुदै गइरहेको अवस्था छ। कम्पनीको उच्चतम नीति निर्माण तहमा संचालक समिति रहने व्यवस्था छ जसमा बिभिन्न मन्त्रालयका प्रतिनिधिहरू, नेपाल बिद्युत प्राधिकरणका प्रतिनिधिहरू र बिद्युत एवम वित्त क्षेत्रका विज्ञहरू सदस्य रहन्छन भने प्रमुख कार्यकारी अधिकृत कम्पनीको प्रमुख कार्यकारी पद हो जसबाट संचालक समितिद्वारा स्वीकृत योजना अनुसार कम्पनीको समग्र कार्य सञ्चालनको नेतृत्व हुने गर्दछ। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन बमोजिम कम्पनीमा प्रणाली संचालन तथा मर्मत विभाग, निर्माण तथा विकास विभाग, योजना तथा इन्जिनियरिङ्ग विभाग र प्रशासन तथा वित्त गरि चार विभाग रहने र सोको अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको प्रत्यक्ष नियन्त्रणमा रहने गरी एक कर्पोरेट डिभिजनको समेत व्यवस्था गरिएको छ। हाल कम्पनीका निर्माणको चरणमा रहेका आयोजनास्थल हरूमा आयोजना कार्यालयको स्थापना गरि संचालन समेत गरिएको छ।

६.३ हाल कार्यरत कर्मचारीको विवरण

हाल कार्यरत कर्मचारीहरूको विवरण		
१	प्रमुख कार्यकारी अधिकृत	ई. सागर श्रेष्ठ
२	प्रसारण प्रणाली विज्ञ	श्री गगन मानन्धर
३	कम्पनी सचिव	श्री राजेश पोख्रेल
स्थायी कर्मचारीहरू		
क्र.सं	**नाम**	**पद**
१	श्री विश्वास पण्डित	अधिकृत (प्रशासन)
२	श्री अभिषेक लम्साल	इन्जिनियर (सर्भे)
३	श्री सुमन तिमिल्सिना	इन्जिनियर (ईलेक्ट्रिकल)
४	श्री लेनिश श्रेष्ठ	इन्जिनियर (ईलेक्ट्रिकल)
५	श्री निधि सिंह	इन्जिनियर (ईलेक्ट्रिकल)
६	श्री मनोज पन्त	अधिकृत (वातावरण)
७	श्री आदेश कुमार जि.सी.	इन्जिनियर (सिभिल)

क्र.सं	नाम	पद
८	श्री उर्जा गेलाल	इन्जिनियर (सिभिल)
९	श्री रोशन भण्डारी	अधिकृत (लेखा)
१०	श्री अनुप कुमार धिमाल	वरिष्ठ सहायक (प्रशासन)
११	श्री शोभा कुमारी पौडेल	वरिष्ठ सहायक (लेखा)
१२	श्री अधिश चौधरी	सव- इन्जिनियर (सिभिल)
१३	श्री दिनेश थापा	सव- इन्जिनियर (ईलेक्ट्रिकल)

सेवा करार कर्मचारीहरू

क्र.सं	नाम	पद
१	श्री नागेन्द्र प्रसाद चौधरी	उप-प्रबन्धक
२	श्री देवेश सैंजू	उप-प्रबन्धक
३	श्री राज सिं	सि. ईलेक्ट्रिकल इन्जिनियर
४	श्री राज किरण वासुकला	सि. सिभिल इन्जिनियर
५	श्री निर्मल कडरिया	सि. ईलेक्ट्रिकल इन्जिनियर
६	श्री कृष्ण राज खनाल	सर्भे इन्जिनियर
७	श्री प्रज्वल भट्टराई	ईलेक्ट्रिकल इन्जिनियर
८	श्री मनिषा शर्मा	लैंगिक समानता अधिकृत
९	श्री सुवर्ण चन्द	जग्गा प्राप्ती अधिकृत
१०	श्री झरेन्द्र के.सी.	जियोलोजिष्ट
११	श्री सुवेश जोशी	वातावरण तथा जनसम्पर्क अधिकृत
१२	श्री श्याम कुमार पन्थी	वातावरण तथा जनसम्पर्क अधिकृत
१३	श्री दिलिप राई	वातावरण तथा जनसम्पर्क अधिकृत
१४	श्री सुदिप घिमिरे	वातावरण तथा जनसम्पर्क अधिकृत
१५	श्री कृष्ण प्रसाद शर्मा	सहायक अधिकृत (प्रशासन)
१६	श्री अमित श्रेष्ठ	सहायक अधिकृत (लेखा)
१७	श्री नितु गौतम	वरिष्ठ सहायक (प्रशासन)
१८	श्री रोशन सापकोटा	सव- इन्जिनियर (सर्भे)
१९	श्री रमेश बहादुर भाट	सव- इन्जिनियर (सिभिल)
२०	श्री हरिमाया गुरुङ	वरिष्ठ सहायक (प्रशासन)
२१	श्री भरत महतारा	प्रशासन सहायक
२२	श्री अपेक्षा सापकोटा	प्रशासन सहायक
२३	श्री राम बहादुर बि.क.	सवारी चालक
२४	श्री राम कुमार चौधरी	सवारी चालक
२५	श्री मदन के.सी.	सवारी चालक
२६	श्री केशव राम सुवाल	सवारी चालक

क्र.सं	नाम	पद
२७	श्री राम प्रसाद पोख्रेल	सवारी चालक
२८	श्री कृष्ण नेपाली	सवारी चालक
२९	श्री राजु श्रेष्ठ	सवारी चालक
३०	श्री सुकमान जिम्बा	सवारी चालक
३१	श्री सरोज गोले	सवारी चालक
३२	श्री बिष्णु उपरकोटी	कार्यालय सहयोगी
३३	श्री कल्पना आचार्य	कार्यालय सहयोगी
३४	श्री बुध कुमारी खड्का	कार्यालय सहयोगी
३५	श्री प्रकाश राज भारती	कार्यालय सहयोगी

६.४ लोकसेवा आयोगमार्फत पदपूर्ति

स्थापना काल देखि कम्पनीका कर्मचारीहरू करार सेवामा मात्र कार्यरत रहेका थिए। संस्थाको दीर्घकालीन स्थायित्व, गुणस्तरीय सेवा, उत्तरदायित्वपूर्ण कार्यसम्पादन, र मानव संसाधनको समुचित विकास, दक्षता र विशेषज्ञता विकास गर्नका लागि संस्थामा स्थायी कर्मचारी हुनु महत्वपूर्ण हुने पक्षलाई मध्यनजर गरी लोकसेवा आयोग, सञ्चालक समिति र सम्बन्धित मन्त्रालयको सहमतिमा स्थायी पदपूर्तिको प्रकृयाको शुरुवात गरिएको थियो। मिति २०८१/०१/०७ गते प्रथम पटक खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको लागि सूचना प्रकाशन गरिएको थियो। लोकसेवा आयोगद्वारा लिखित परिक्षा सञ्चालन गरि नतिजा प्रकाशन गरे संगै विभिन्न मूल्याङ्कनका चरणहरू पार गरी अधिकृत स्तरमा ९ जना र सहायक स्तरमा ४ जना गरि जम्मा १३ जना स्थायी कर्मचारी मिति २०८१/०९/२१ गते देखि प्रथम पटक कम्पनीमा नियुक्त गरिएको छ।

६.५ उत्तराधिकारी योजना (Succession Planning)

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको दीर्घकालीन संस्थागत स्थायित्व, दक्ष नेतृत्व विकास र महत्त्वपूर्ण पदहरूमा निरन्तरता सुनिश्चित गर्न उत्तराधिकारी योजना (Succession Planning) आवश्यक र समयानुकूल विषय हो। हालसम्म कम्पनी स्थापनाको प्रारम्भिक चरणबाट संस्थागत संरचना विकास गर्दै स्थायी जनशक्ति भर्नातर्फ अघि बढेको सन्दर्भमा, भविष्यमा नेतृत्व स्थानान्तरण प्रणाली व्यवस्थित गर्न विभिन्न प्रयासहरू गरिदै आएको छ। प्रत्येक विभाग/आयोजना कार्यालयस्तरमा 'Potential Successors' को पहिचान गर्ने हेतुले विभागीय प्रमुख वा वरिष्ठ अधिकृतहरूको कार्य जिम्मेवारी बुझ्न नव नियुक्त अधिकृतलाई छाँया तालिम (Shadow Training), Apprenticeship Training तथा Mentorship Program को समेत व्यवस्था गरिँदै आएको छ। उत्तराधिकारी योजना अन्तर्गत रहेका कर्मचारीहरूको स्पष्ट रुपमा कार्यसम्पादन मूल्याङ्कन गर्न (KPIs) निर्धारण समेत गरिएको छ। भविष्यका सम्भावित नेतृत्वकर्तालाई लक्षित गरी (Executive Leadership Program) अन्तर्गत विदेशका प्रतिष्ठित संस्थासगँको सहकार्यमा रणनीतिक, व्यवस्थापकीय र प्राविधिक नेतृत्व विकास तालीमहरूको भावी योजना समेत अगाडी सारिएको छ।

६.६ कर्मचारीहरूको क्षमता अभिवृद्धि, उत्प्रेरणा तथा मनोबल

(क) क्षमता अभिवृद्धि

हाल कम्पनीमा कार्यरत प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको ज्ञान, दक्षता र कार्यक्षमतामा निरन्तर सुधार ल्याउने उद्देश्यले कम्पनीले विभिन्न महत्वपूर्ण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस सन्दर्भमा, नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय, साथै विविध अन्तर्राष्ट्रिय विकास साझेदार संस्था र दाता राष्ट्रहरूबाट उपलब्ध हुने सार्वजनिक खरिदसम्बन्धी तालिमहरूमा कर्मचारीहरूको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ।

त्यस्तैगरी, विभिन्न मन्त्रालयहरू (जस्तैः अर्थ, ऊर्जा, सामान्य प्रशासन आदि) बाट समय-समयमा सञ्चालन गरिने आन्तरिक तालीम, कार्यशाला तथा अभिमुखीकरण कार्यक्रमहरूमा पनि कम्पनीका कर्मचारीहरूलाई प्रतिनिधित्व गराइएको छ, जसले उनीहरूको व्यवस्थापकीय र प्रशासनिक दक्षता अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

यी सबै प्रयासहरूका अतिरिक्त, कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूको प्रत्यक्ष सहकार्यमा आफ्ना प्राविधिक कर्मचारीहरूलाई प्रसारण पूर्वाधारसम्बन्धी सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ डिजाइन र परियोजना आयोजना व्यवस्थापनमा प्रत्यक्ष संलग्न गराउँदै व्यावसायिक क्षमता विकासमा उल्लेखनीय प्रगति गरेको छ।

यसबाहेक, प्रसारण प्रणालीको अध्ययन तथा डिजाइनमा प्रयोग हुने अन्तर्राष्ट्रिय स्तरका उन्नत सफ्टवेयरहरू, जस्तैः PSS®E (Power System Simulator for Engineering) र PLS-CADD (Power Line Systems-Computer Aided Design and Drafting) कम्पनीले खरिद गरी, ती सफ्टवेयरहरूको प्रयोगसम्बन्धी विस्तृत तालिम आफ्ना इन्जिनियरहरूलाई प्रदान गरेको छ। यी तालिमहरूले कर्मचारीहरूको प्राविधिक दक्षता मात्र वृद्धि गरेको छैन, समग्र संस्थाको प्रविधिमैत्री कार्य सम्पादन क्षमतालाई समेत थप सबल बनाएको छ।

(ख) उत्प्रेरणा तथा मनोबल (Motivation and Morale)

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड अन्तर्गत रहेका कर्मचारीहरूका लागि उत्प्रेरणा तथा मनोबल एवम् दीर्घकालीन संलग्नता र सन्तुष्टिका लागि विभिन्न रणनीतिक पहलहरू लागू गरेको छ। कम्पनीले नियमित तालिम, कार्यसम्पादनको मूल्याङ्कन प्रणाली, आन्तरिक पदोन्नति, पुरस्कार प्रणाली तथा सुरक्षित र सम्मानजनक कार्य वातावरण जस्ता उपायहरू अपनाएको छ। साथै, कर्मचारीहरूको सुझावलाई सुन्ने र कार्यमा समावेश गर्ने संस्कार विकास गरिएको छ। यसले कर्मचारीहरूमा स्वामित्वको भावना बढ्नुका साथै संस्थासँग लामो समयसम्म आबद्ध रहन प्रेरित गर्दछ।

यसका अतिरिक्त, अध्ययन भ्रमण, तथा स्वदेशी/विदेशी विज्ञहरूसँगको अन्तर्क्रिया मार्फत कर्मचारीहरूको सीप र ज्ञानलाई अद्यावधिक गरिन्छ। कम्पनीको प्रतिष्ठा र मर्यादाको अभिबृद्धि गर्न उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरूप पुरस्कार प्रदान गरिन्छ। साथै, कर्मचारीहरूको काम र व्यक्तिगत जीवनबीच सन्तुलन राख्ने नीतिहरू जस्तै लचिलो कार्य समय, पारदर्शी मूल्याङ्कन प्रणाली, र स्वास्थ्य/मनोबल प्रवर्द्धन कार्यक्रमहरू पनि समावेश गरिएको छ।

साथै, कम्पनीले आफ्ना कर्मचारीहरूप्रति सामाजिक उत्तरदायित्व र सहानुभूतिपूर्ण व्यवहार अभिव्यक्त गर्दै, उनीहरूलाई आकस्मिक तथा संकटपूर्ण परिस्थितिमा आवश्यक सहयोग प्रदान गर्ने उद्देश्यले एक विशेष कल्याणकारी कोषको स्थापना गरेको छ। उक्त कोषमार्फत प्राकृतिक वा दैवी प्रकोप, आकस्मिक दुर्घटना, गम्भीर बिरामी, पारिवारिक संकट वा अन्य अप्रत्याशित आपतकालीन अवस्थाहरूमा परेका कर्मचारीहरूलाई वित्तीय तथा आवश्यक सहायता उपलब्ध गराइने व्यवस्था गरिएको छ।यस पहलले कर्मचारीहरूको सुरक्षा र आत्मबलमा वृद्धि गर्दै, संस्थाप्रति उनीहरूको विश्वास, निष्ठा र मनोबललाई अझ सुदृढ बनाएको छ।

६.७ प्रशासनिक एवं मानव विकास संसाधन विकासको भावी योजना एवं मार्ग चित्र

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले आफ्नो स्थापनाको पहिलो दशकमा संगठनात्मक संरचना निर्माण, प्रारम्भिक जनशक्ति व्यवस्थापन र प्रविधिक सशक्तिकरणको जग बसाली सकेको सन्दर्भमा अबको दशक मानव संसाधनलाई संस्थाको केन्द्रीय रणनीतिक प्राथमिकतामा राखेर दिगो समावेशी र प्रविधिमैत्री प्रणाली विकास गर्नुपर्ने आवश्यक देखिन्छ। आगामी पाँचदेखि दश वर्षको परियोजना विस्तार, प्रविधिगत प्रगति तथा कार्यभार वृद्धिलाई मध्यनजर गरी मानव संसाधन आवश्यकता मूल्याङ्कन (HR Demand Forecasting) गरी रणनीतिक योजना निर्माण गर्नुपर्छ। यो सँगसँगै कार्यको पुन: संरचना (Job Restructuring) र पदहरूको पुन: संयोजन (Reclassification Of Roles) द्वारा संगठनात्मक लचकता वृद्धि गरिनुपर्छ। मानव संसाधन सूचना व्यवस्थापन प्रणाली (HRMIS) को पूर्ण कार्यान्वयनद्वारा सम्पूर्ण विवरणलाई डिजिटल बनाउँदै कार्यदक्षता अभिवृद्धि गर्न सकिन्छ। संस्थामा समावेशीता, लैङ्गिक समानता र सहयोगी कार्य संस्कृति प्रवर्द्धन गर्दै कर्मचारी सन्तुष्टि, प्रेरणा र कल्याणसम्बन्धी कार्यक्रमहरू व्यवस्थित गर्न आवश्यक छ। कर्मचारीहरूको थप मनोबल वृद्धि तथा सीप विकास गर्न कम्पनीले इन हाउस तालिम, अन्तराष्ट्रिय तालिम (जस्तै चीन, भारत) तथा रिट्रिट कार्यक्रमहरू समय समयमा आयोजना गर्दै आएको छ। अन्ततः अभिलेख व्यवस्थापन, एवम् प्रतिवेदन प्रणालीमा एकरुपता ल्याई अन्तराष्ट्रिय मापदण्ड अनुरुप प्रशासनिक प्रक्रियाहरू पुनः संरचना गरिनु कम्पनीको दीर्घकालीन सुदृढीकरणका लागि अपरिहार्य हुनेछ।

७. बजेट र लगानीको स्रोत



पश्चिम सेती कोरिडोरमा प्रसारणलाइन र जलविद्युत् आयोजना निर्माण गर्न समझदारी ।

७.१ सरकारको प्रत्यक्ष लगानी

प्रसारण प्रणाली तुलनात्मक रुपमा ठुलो लगानी आवश्यक पर्ने तथा तत्काल उच्च प्रतिफल प्राप्त नहुने विद्युत्तीय उर्जाको क्षेत्र हो। त्यसैले विगत वर्षमा प्रसारण प्रणाली संरचनामा निजी क्षेत्रको सहभागिता न्युन रहेको देखिन्छ। पछिल्ला वर्षमा भने लगानी सुनिश्चतताका लागि सार्वजनिक निजी साझेदारीका विभिन्न पद्धति अवलम्बन गर्ने कार्य सुरुवात भएको छ। यद्यपी सरकारको प्रत्यक्ष लगानी वृद्धि हुन सकेमा यस क्षेत्र अझै आत्मनिर्भर बन्नेछ। चालु सोह्रौ योजनाको उद्देश्य तथा लक्ष्य बमोजिम उत्पादित विद्युत्तीय उर्जालाई पूर्ण रुपमा उपयोग हुनेगरि ट्रान्समिशन लाइन निर्माण गर्न समेत सरकारको प्रत्यक्ष लगानी अपरिहार्य रहन्छ। कम्पनीको दश वर्षे यात्रामा नेपाल सरकार र नेपाल विद्युत प्राधिकरण बाट शेयर पूँजी बापत रु. ४ अर्व ५१ करोड ६८ लाख प्रत्यक्ष लगानी प्राप्त भएको छ, जसबाट प्रसारण प्रणालीको संरचना निर्माण, विकास तथा सञ्चालनको लागि वित्तीय स्रोत प्रबन्ध गर्ने आधार तयार भएको देखिन्छ।

७.२ वैदेशिक सहकार्य र लगानी

नेपाल सरकारको तुलनात्मक लाभको क्षेत्रमा रहेको उर्जा क्षेत्रमा विदेशी लगानी वृद्धि गर्न कानूनी तथा प्रक्रियागत सरलीकरण गर्ने रणनीति रहेकोमा प्रसारण आयोजना विकासमा विदेशी लगानी भित्र्याउन सहज हुने देखिन्छ। विद्युत प्रसारणको पुर्वाधार तयार गरी सोको विस्तार गर्न यस कम्पनीले विगतदेखि नै विदेशी दातृ निकाय तथा संस्थासँग द्विपक्षीय तथा बहुपक्षीय सहकार्यको प्रयास गरेको छ। सोको लागि दातृ संस्था तथा निकायसँग निरन्तर वार्ता, छलफल तथा समझदारीको माध्यमबाट सहकार्यको आधार तयार गरिएको छ। वैदेशिक सहकार्यबाट लगानीको सुनिश्चतता गर्न नेपाल सरकार, नेपाल सरकारका विभिन्न निकाय तथा अन्य संघसंस्थाको पहलकदमीबाट थप मद्दत पुगेको छ। विदेशी संस्थालाई प्रसारण प्रणालीमा आकर्षित गर्न एक्जिम बैंक, ईन्डियाबाट भेरी कोरिडोर ४०० के.भी. प्रसारण लाइन परियोजना विकास गर्न विभिन्न चरणमा वार्ता अघि बढाईएको छ। साथै आगामी दिनमा वैदेशिक सहायतालाई कम्पनीका अन्य आयोजनाको विकासमा लगानी हुने गरी सहकार्य गर्ने कार्यमा कम्पनी तत्पर रहने छ।

७.३ स्वदेशी लगानी प्रवर्धन

स्वदेशी लगानी भित्र्याउने उद्देश्यले, नेपालका विभिन्न कम्पनी तथा संस्थाहरूसँग प्रसारण पूर्वाधार क्षेत्रमा नवीनतम लगानीको व्यवस्था गर्न छलफलहरू जारी छन्। ती संस्थाहरूबाट प्रत्यक्ष लगानी तथा ऋण लगानीको पहल गर्दै सम्बन्धित निकायहरूसँग सहकार्यका लागि समन्वय भइरहेका छन्। पूँजी संरचना मजबुत बनाउन कम्पनीको नाममा डिबेन्चर तथा हरित ऋणपत्र (Green Bonds) जारी गर्ने तयारी भइरहेको छ। साथै, निकट भविष्यमा कम्पनी नेपाल धितोपत्र बोर्डमा सूचीकृत गरी प्राथमिक शेयर (IPO) निष्कासन गर्ने दिशातर्फ अगाडि बढिरहेको छ।

८. कम्पनी विकासका चुनौती



८.१ वित्तीय चुनौती

प्रसारण पूर्वाधारमा लगानी जुटाउनु एक जटिल र चुनौतीपूर्ण कार्य हो । जलविद्युत उत्पादनमा विद्युत खरिद बिक्री सम्झौताका आधारमा (PPA) लगानी जुटाउन सहज हुन्छ । किनकि, यसको आम्दानी निश्चित र अनुमानयोग्य हुन्छ । यसका कारण, बैंकहरू वा अन्य लगानीकर्ता सहजै लगानी गर्न तयार हुन्छन् तर प्रसारण पूर्वाधारको मामिलामा यस्तो सहजता छैन । यो क्षेत्र आफ्नो आपूर्तिको स्थायित्व र मागको सन्तुलनमा निर्भर छ, जसले लगानीमा अपेक्षित लाभ प्राप्ति सधैं स्पष्ट हुँदैन । चुनौतीका थप विषय तल उल्लेख गरिएको छ ।

- **दीर्घकालीन लगानी आवश्यकता:** प्रसारण पूर्वाधार निर्माणको लागि ठूलो प्रारम्भिक पूँजी र दीर्घकालीन लगानीको आवश्यकता पर्दछ । यी आयोजनाहरू प्रायः १५ देखि ३० वर्षसम्म चल्न सक्छन् र यसका लागि लगानीकर्ताको दीर्घकालीन प्रतिबद्धता चाहिन्छ । यद्यपि, नेपालका लगानीकर्ताहरू प्रायः छोटो अवधिमा मुनाफा आर्जन गर्न चाहन्छन्, जसले गर्दा दीर्घकालीन लगानीमा आकर्षण कम भएको छ ।
- **विद्युत मागको अनिश्चितता:** विद्युतको माग भविष्यवाणी गर्न कठिन छ र यसका उतारचढावका कारण प्रसारण पूर्वाधारको क्षमता र उपयोगिता पनि अनिश्चित रहन्छ । आगामी वर्षहरूमा विद्युत उत्पादन र वितरणका क्षेत्रमा हुने परिवर्तनको अनुमान लगाउन कठिनाई हुन्छ, जसले प्रसारण पूर्वाधारमा लगानीका जोखिमहरू बढाउँछ ।
- **प्राकृतिक प्रकोप र राजनीतिक अस्थिरता:** नेपाल एक भूकम्प र अन्य प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील देश हो । साथै, यहाँको राजनीतिक अस्थिरता र नीति परिवर्तको कारण लगानीमा जोखिम थपिएको छ । यस्ता बाह्य कारकहरूले लगानीकर्ताको विश्वासमा कमी ल्याउँछन् र लगानीको प्रवृत्तिमा बाधा पुऱ्याउँछन् ।
- **प्रसारणलाई सेवा मात्र मान्ने दृष्टिकोण:** नेपालमा विद्युत्लाई प्रमुख रूपमा सेवा मानिन्छ, जसका कारण यस क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउन चुनौतीपूर्ण भएको छ । निजी क्षेत्रको लगानीको लागि स्पष्ट वित्तीय मुनाफा र स्थिरता सुनिश्चित गर्ने वातावरण नहुँदा, उनीहरूको आकर्षण कम भएको छ ।
- **जग्गा अधिग्रहणमा समस्या:** प्रसारण लाइनको लागि आवश्यक जग्गा अधिग्रहणमा लामो समय लाग्ने र स्थानीय बासिन्दासँगको विवादका कारण आयोजना ढिलो हुने गरेको छ । यसले आयोजनाको समयसीमा र लागतमा वृद्धि ल्याउँछ ।
- **स्थानीय समुदायको विरोध:** प्रसारण लाइनको निर्माणबाट प्रभावित हुने स्थानीय समुदायहरूको विरोध पनि एक ठूलो चुनौती हो । तिनीहरूको आपत्ति र प्रतिरोधका कारण आयोजनामा ढिलाइ र लागत वृद्धि हुन्छ, जसले समग्र आयोजना प्रगति प्रभावित पार्दछ ।

यी कारणले गर्दा यसमा सजिलै निजी लगानी उत्साहित हुन्दैन । साथै, सरकारी लगानीको अभाव र दातृ निकायको चासोको कमीका कारण सरकारले स्रोत सुनिश्चितता प्रदान गरेका आयोजना समेत बर्सेनि दायित्व बढेको छ ।

Year	Budget, Crore	Liability, Crore
2073/74	99	
2074/75	100	
2075/76	50	
2076/77	50	
2077/78	50	
2078/79	50	
2079/80	0	
2080/81	27	97
2081/82	20	260



८.२ प्रसारण प्रणालीको संरचनात्मक सुधार

नेपालको ऊर्जा क्षेत्रको पुनर्संरचनाका लागि सरकारद्वारा प्रस्तुत नीति विद्युत प्राधिकरणको संरचनामा व्यापक परिवर्तन ल्याउने उद्देश्य राखेको छ। यसै अन्तर्गत यो कम्पनीको स्थापना भएको हो। सोही अनुरूप प्राधिकरणको प्रसारण पूर्वाधार र सम्बन्धित कर्मचारीहरूको संरचना नयाँ प्रसारण कम्पनीमा समाहित गर्न प्रस्ताव गरिएको छ तर यो प्रक्रिया लामो समयदेखि अल्झेर बसेको छ।

प्रारम्भमा प्राधिकरणका कर्मचारी र ट्रेड युनियनहरूले आफ्नो सेवा–सुविधा र स्वतन्त्रता कटौती हुने डर व्यक्त गरेका छन्। उनीहरूको चिन्ता के हो भने प्राधिकरणको प्रसारण पूर्वाधार र कर्मचारीहरूको संरचना नयाँ कम्पनीमा समाहित भएमा उनीहरूको अधिकार र सेवा–सुविधामा नकारात्मक असर पर्न सक्छ । यस विषयमा प्राधिकरणका उच्च अधिकारीहरूले पनि पर्याप्त अध्ययन गर्नु पर्ने देखिन्छ। यद्यपि, यस प्रक्रियामा यस्ता संवेदनशील पक्षलाई ध्यानमा राखेर अघि बढ्न महत्त्वपूर्ण छ, जसले कर्मचारीहरूको सन्तुष्टि र उत्पादकता सुनिश्चित गर्न मद्दत पुऱ्याउन सक्छ।

यस पृष्ठभूमिमा, ऊर्जा मन्त्रालयले आगामी ६ वर्षे मार्गचित्र तयार गरेको छ, जसले विद्युत क्षेत्रको पुनर्संरचनामा स्पष्ट दिशा प्रदान गर्ने उद्देश्य राख्दछ। यद्यपि, मार्गचित्रको कार्यान्वयनमा कानुनी र नीतिगत अवरोध नहुँदा पनि, नयाँ विद्युत ऐनको कार्यान्वयनको पर्खाइमा सबै पक्ष रहेको देखिन्छ।

यसरी, कम्पनीले आफ्नो स्थापनाको उद्देश्य अनुसारको कार्य पूरा गर्न नपाउँदा कार्य क्षेत्रमा कटौती भएको, बजेट व्यवस्थापनमा ध्यान नपुगेको, प्रसारण विकासमा कतै दोहोरोपन त कतै प्रथामिकतामै नपरे जस्ता समस्याले समग्र प्रसारण विकासले गति लिन सकेको छैन।

८.३ वातावरणीय एवं सामाजिक चुनौती

नेपाल ऊर्जा क्षेत्रको तिव्र विकासतर्फ अग्रसर भइरहेको अवस्थामा विद्युत प्रसारण लाइनहरूको निर्माण र विस्तार अनिवार्य भइसकेको छ। जलविद्युत उत्पादनमा ठूलो सम्भावना बोकेको नेपालले उत्पादित विद्युतलाई राष्ट्रिय सञ्जालमा जोड्न र खपतस्थलमा पुऱ्याउन उच्च क्षमताका प्रसारण लाइनहरू निर्माण गर्नुपर्दछ। तर यस्ता संरचनाहरूले वातावरण, समाज, भूमि-व्यवस्था, स्वास्थ्य र जीव–जन्तुहरूमा विभिन्न खाले प्रभाव पार्ने हुँदा त्यसको समुचित मूल्यांकन, व्यवस्थापन र समाधान अनिवार्य हुन्छ। विशेषगरी वन विनाश, जैविक विविधताको क्षति, चरा तथा अन्य वन्यजन्तुमा असर, कृषियोग्य जमिनको भू-उपयोग परिवर्तन, तथा मानव स्वास्थ्यमा पर्ने प्रभावहरू प्रसारण लाइनका प्रमुख वातावरणीय असरहरू हुन्। साथै, सामाजिक असन्तुष्टि, मुआब्जा विवाद, सूचना अभाव, तथा परियोजना ढिलाइ जस्ता चुनौतीहरू समेत त्यतिकै महत्त्वपूर्ण छन्।

नेपाल सरकारको नीति स्तरमा हेर्दा, "ऊर्जा क्षेत्रको दीगो विकास" भन्ने मूल नीतिअन्तर्गत विद्युत प्रसारण संरचना विस्तारलाई प्राथमिकता दिइएको छ। यस्ता परियोजनाहरूका लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE), वन क्षेत्र प्राप्ति, तथा सामाजिक स्वीकृति प्राप्त गर्ने प्रक्रिया कानुनी रूपमा अनिवार्य गरिएको छ। यद्यपी, कार्यान्वयन पक्षमा जटिलता देखिन्छ।

प्रसारण लाइन परियोजनाहरूमा देखिएका साझा चुनौतीहरूमा वन क्षेत्र भित्र लाइन पार गराउनुपर्ने बाध्यता, स्थानीय बासिन्दाको विरोध, मुआब्जाको पारदर्शी प्रणालीको अभाव, तथा निर्माण सामग्री ढुवानी र जनशक्ति अभाव रहेका छन्।

समस्या समाधानका लागि सरकारले विविध नीति र विधि अपनाउन थालेको छ । वन मन्त्रालयले प्रसारण लाइनका लागि वन फँडानीबापत वृक्षारोपणको दर दश गुणा गरेको छ। सामाजिक स्वीकृति पाउन Corporate Social Responsibility (CSR) कार्यक्रम अन्तर्गत प्रभावित बस्तीहरूमा सडक, खानेपानी, विद्यालय निर्माण, सिप विकास तालिम जस्ता सहायक परियोजना सञ्चालन गरिन्छ। साथै, GIS प्रविधिको प्रयोग गरेर line alignment को वैज्ञानिक मार्गनिर्धारण, ड्रोन प्रयोग गरी निगरानी, र स्मार्ट ग्रिड प्रविधि भित्र्याउने योजना समेत अघि सारिएको छ।

तर यी प्रयासहरूलाई प्रभावकारी बनाउन अझै केही गम्भीर सुधार आवश्यक देखिन्छ । सबैभन्दा पहिला, परियोजना प्रारम्भअघि स्थानीय सरोकारवालासँग दोहोरो संवाद (two-way communication) स्थापना गरी विश्वासको वातावरण बनाउनुपर्छ। IEE प्रक्रिया कागजी मात्र नभइ क्रियाशील बनाउन आवश्यक छ। वन्यजन्तु संरक्षणका लागि विशेष योजना, जस्तै बर्ड फ्लाइट डाटा एनालाइसिस, र ecological corridor mapping जस्ता उपाय अवलम्बन गरिनुपर्छ। साथै, मुआब्जाको दर स्थलगत मूल्यांकनका आधारमा तय गरिनु पर्छ र प्रभावित परिवारलाई वैकल्पिक रोजगारी, व्यावसायिक तालिम तथा पुनःस्थापना प्याकेज दिइनुपर्छ। विद्युत चुम्बकीय क्षेत्र (EMF) बाट उत्पन्न हुने स्वास्थ्य जोखिमबारे वैज्ञानिक अध्ययन, जनचेतना र आवश्यक सावधानी (जस्तै सुरक्षित दूरी कायम

गर्नु) पनि आवश्यक छ।

नेपालले ऊर्जा क्षेत्रमा विश्व बजारसम्म प्रतिस्पर्धा गर्न चाहने हो भने केवल उत्पादन मात्र होइन, प्रसारण संरचनामा समेत वैज्ञानिक योजना, वातावरणमैत्री प्रविधि, पारदर्शी प्रक्रिया र जनसहभागिता आवश्यक छ। दीगो विकास लक्ष्य (SDG), जलवायु न्याय, र जैविक सुरक्षाको दृष्टिकोण समेटी प्रसारण लाइन परियोजनाहरू विकास गर्ने हो भने यिनले वातावरणलाई नास नगरी देशको समृद्धिमा टेवा पुऱ्याउन सक्दछन्।

८.४ प्रसारण अधिकार क्षेत्रको प्राप्ति

नेपालमा प्रसारण लाइनहरूको लागि मार्ग अधिकार (RoW) प्राप्त गर्नमा भौगोलिक, कानुनी, वातावरणीय, सामाजिक, राजनीतिक र वित्तीय कारकहरूको संयोजनद्वारा उत्पन्न विभिन्न जटिल चुनौतीहरू समावेश छन्। यी समस्याहरूले पूर्वाधार विकासमा ढिलाइ, लागत वृद्धि र सरोकारवालाबीच तनाव सिर्जना गरिरहेका छन्। विशेषतः दुई वटा प्रमुख चुनौतीहरू छन् —पहिलो, वन क्षेत्रको प्राप्ति र रूखहरूको कटान र दोस्रो, जग्गा अधिग्रहण। यी समस्याले आयोजनालाई नबन्दै रुग्ण बनाएर राखेका छन्। सबै जसो MDAC, NDAC मा यो कुरा उठान भएता पनि अन्तरविभागीय समन्वय र प्राथमिकताको अभावका कारण समस्याहरू अझै यथावत रहेका छन्। यसका कारण, २ वर्षको ठेक्का अवधि तय गरिएको आयोजना ५/६ वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन। समय र लागत वृद्धि भएपछि योजना निर्माणमा ठूलो जोखिम उत्पन्न भएको छ।

- **अन्तर मन्त्रालय समन्वय:** धेरै सरकारी एजेन्सीहरूबाट आवश्यक अनुमति र क्लियरेन्स प्राप्त गर्ने प्रक्रिया ढिलो र कर्मचारीतन्त्रको अक्षमताले व्याप्त छ। RoW अधिग्रहणका लागि अनुमति सुरक्षित गर्ने काममा भएको ढिलाइले आयोजनाको समयावधि पछाडि धकेल्न सक्छ।

८.५ व्हिलिङ् शुल्क

भरपर्दो र सुनिश्चित नगद प्रवाह कुनै पनि लगानीको सफलताका लागि अत्यावश्यक हुन्छ। विशेषगरी, प्रसारण आयोजनाजस्ता पूँजी–प्रधान क्षेत्रमा यस्ता आयोजनाका लागि राजस्वको प्रमुख स्रोत प्रसारण सेवा शुल्क नै हो, जसलाई प्रायः 'व्हिलिङ् चार्ज' भनिन्छ। यो कम्पनीको मुख्य आयस्रोत भएकोले भरपर्दो प्रणाली विकास नगरी कम्पनी आत्मनिर्भर हुन सक्दैन। यसको सुनिश्चितताबिना निजी लगानी समेत भित्रिन सक्दैन। यो काम तत्काल लागु हुन नसक्दा कम्पनीको आयको योजना र निजी क्षेत्रसँग गरिने सम्झौता पनि प्रभावित भएको छ।

८.६ प्रविधि हस्तान्तरण र क्षमता निर्माण

नेपालमा प्रसारण लाइनको सन्दर्भमा प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिमा विभिन्न चुनौतीहरू देखा परेका छन्। नेपालको ऊर्जा क्षेत्रको विकास र आधुनिकीकरणको क्रममा प्रभावकारी र दिगो प्रसारण पूर्वाधारको सुनिश्चितता अत्यन्त महत्त्वपूर्ण छ। प्रभावकारी प्रविधि हस्तान्तरण र क्षमता निर्माणले पुराना पूर्वाधार, सीपको अभाव र जटिल प्रणालीहरूको व्यवस्थापन सम्बन्धी समस्याहरू समाधान गर्न सक्ने सम्भावना छ। तथापि, यस प्रक्रियामा नेपालले केही अवरोध र चुनौतीहरूको सामना गरेको छ, जसका कारण दक्ष जनशक्तिको कमी, पुराना उपकरणहरूमा निर्भरता र ज्ञान स्थानान्तरणमा कमी जस्ता समस्याहरू उत्पन्न भएका छन्।

९. अबको बाटो



प्रसारण लाइनको विकासका लागि आगामी दिनमा केही प्रमुख नीतिगत स्पष्टता आवश्यक देखिन्छ। यस सन्दर्भमा केही प्रमुख बुँदाहरू निम्नानुसार छन्:

- **प्रसारण प्रणालीको पुनर्संरचना**: ने.वि.प्रा.को प्रसारण प्रणालीलाई "एक देश, एक ग्रिड" अवधारणा अनुसार पुनर्निर्माण, आधुनिकीकरण र सञ्चालन गरिने छ। यसका लागि लामो समयदेखि पर्खाईमा रहेको ने.वि.प्रा.को प्रसारण प्रणाली र यस कम्पनी बीच छिटो एकीकरण आवश्यक देखिएको छ। अधुरो विद्युत ऐनलाई तुरुन्त लागु गर्न र एकीकृत प्रसारण प्रणालीमा पारदर्शी र प्रभावकारी व्हिलिङ् चार्ज तथा खुला पहुँच सेवाको कार्यान्वयन गर्नु पर्ने देखिन्छ।
- **वित्तीय स्रोत व्यवस्थापन**: प्रसारण प्रणाली निर्माणका लागि स्रोतहरूको व्यवस्थापनमा सरकारले स्पष्ट योजना तथा निर्देशन दिनुपर्ने हुन्छ। यसमा सरकारी बजेट, वैदेशिक सहयोग र ऋण लगानी, सार्वजनिक र निजी सहकार्यको समायोजन तथा निजी क्षेत्रको समावेशीकरणका लागि प्राथमिकता तय गर्दै वित्त व्यवस्थापन गर्नुपर्ने देखिन्छ।
- **आयोगको सक्रियता**: विद्युत नियमन आयोगले क्षेत्रको पुनर्संरचनामा प्रभावकारी पहल र नीतिगत हस्तक्षेप गर्न आवश्यक छ। आयोगको सक्रियताले समग्र प्रणालीलाई सहजीकरण र पारदर्शिता ल्याउन मद्दत पुऱ्याउने देखिन्छ।
- **वन क्षेत्र र जग्गा अधिग्रहण**: प्रसारण प्रणालीको विस्तारमा वन क्षेत्र र जग्गा अधिग्रहणमा महत्वपूर्ण चुनौती रहेको छ। यसको व्यवस्थापनका लागि प्रभावकारी कानुनी संरचना तयार गर्नुपर्ने हुन्छ। विशेषतः राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा आयोजनाका लागि विरोधी कानुनी अवरोध हटाउन "सन सेट ल" ल्याउने तर्फ विचार गरिनु पर्ने छ। एक सक्षम निकाय स्थापना गरी यो कार्य अघि बढाउनुपर्ने देखिन्छ।
- **संस्थागत क्षमता विकास**: दीर्घकालीन सफलताका लागि संस्थागत क्षमता विकास अपरिहार्य छ। यसमा व्यवस्थापन प्रणालीको सुदृढीकरण, दक्षता वृद्धि र संस्थागत संरचनामा सुधार ल्याउनुपर्ने हुन्छ।
- **प्रविधिको आन्तरिकिकरण**: नवीनतम प्रविधिहरूको आन्तरिकिकरणले प्रसारण प्रणालीको क्षमता र विश्वसनीयता बढाउन मद्दत गर्दछ। यसमा स्मार्ट ग्रिड, स्वचालित प्रणाली र अन्य अत्याधुनिक प्रविधिहरूको प्रयोगले प्रणालीलाई अझ सक्षम बनाउने।
- **मानवीय संसाधन विकास**: कुनै पनि प्रणालीको प्रभावकारी सञ्चालनका लागि दक्ष जनशक्ति आवश्यक छ। यसका लागि नियमित तालिम, सीप विकास कार्यक्रम र प्राविधिक ज्ञानको अद्यावधिक गर्नुपर्छ। यसले कर्मचारीहरूको दक्षता र उत्पादकत्व बढाउन मद्दत पुऱ्याउँछ।



कम्पनीका भावी योजनाहरू

- प्रसारण लाइन निर्माण कार्य शुरु भएका आयोजनाहरुलाई निरन्तरता दिने एवं निर्धारित समयमा सम्पन्न गर्ने
- विस्तृत अध्ययन (इन्जिनियरिङ्ग एवं वातावरणीय अध्ययन) सम्पन्न भएका आयोजनाहरुको वित्तीय स्रोत सुनिश्चितता गरी निर्माणमा लैजाने
- प्रसारण प्रणाली निर्माण गर्न विद्यमान बजेट संकुचनलाई मध्यनजर गर्दै विभिन्न विकास साझेदारसँग सहकार्य गरी वित्तीय स्रोत जुटाउने एवं सार्वजनिक निजी साझेदारी नीति अनुरुप विभिन्न वित्तीय मोडेल (Financial Modality) निर्धारण गरी लागु गर्ने
- कम्पनीको उद्देश्य अनुसार प्रसारण प्रणालीसँग सम्बन्धित परामर्श सेवा प्रदान गर्ने
- नयाँ आयोजनाहरुको विस्तृत अध्ययन लगायतका कार्य सम्पन्न गर्ने
- कम्पनीमा कार्यरत कर्मचारीहरुको प्राविधिक एवं प्रशासनिक क्षमता अभिवृद्धि गर्ने

तस्विरमा एक दशक



टावर शिलान्यास, कर्णाली कोरिडोर



फाउन्डेशन निर्माण, दरौंदी कोरिडोर, गोरखा



तत्कालीन ऊर्जा मन्त्री महेन्द्र बहादुर शाही संग आरपिजिसिएल र भियुसिएल एउटै अफिसमा बस्दाको फोटो



कार्यालय उद्घाटन पश्चात तत्कालीन ऊर्जा मन्त्री जनार्दन शर्मा संग आरपिजिसिएल कार्यालय विपिसि विल्डिङ्ग ग्राउन्ड फ्लोर



MOU Signing Ceremony

तस्विरमा एक दशक



तत्कालीन उर्जामन्त्री शक्ति बहादुर बस्नेतसँग
पूर्व प्रमुख कार्यकारी अधिकृत



सातौं वार्षिक उत्सव कार्यक्रम २०७९



कर्मचारीहरू कार्यक्रममा सहभागी हुँदै



आठौं वार्षिक साधारण सभा



आठौं वार्षिक साधारण सभा पश्चात सामुहिक फोटो संचालक, प्रतिनिधि र कर्मचारीहरु

तस्विरमा एक दशक



प्रमुख कार्यकारी अधिकृत ई. सागर श्रेष्ठज्यूको सपथ ग्रहण समारोह पश्चात



संचालक समितिका पदाधिकारीहरु



दरौदी कोरिडोर १३२ के.भी. आयोजना अनुगमनका क्रममा

'बिजुली मार्ग: समृद्ध नेपालतर्फको यात्रा'



दरौदी कोरिडोर आयोजना अन्तर्गत निर्माण भएका टावरहरू



कर्णाली कोरिडोर आयोजना अन्तर्गतको भण्डारमा भएका सामानहरू



मेवा कोरिडोर आयोजना अन्तर्गत निर्माण भएका टावरहरू



राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडमा हाल कार्यरत कर्मचारीहरूको सामूहिक तस्विर

१०. अनुसूचीहरू

अनुसूची -१

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको कम्पनी दर्ताको प्रमाण-पत्र

नेपाल सरकार
उद्योग मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनी दर्ताको प्रमाण -पत्र

दर्ता नं: १३६९०१/७१/०७२

श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी
नामको पब्लिक लिमिटेड कम्पनी संम्वत् २०७२ साल आषाढ महिना २७ गते रोज १ मा दर्ता भएको हुनाले कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम यो प्रमाण-पत्र दिइएको छ ।

२०७२।३।२७
स. रजिष्ट्रार

मिति: २०७२-०३-२७

Government of Nepal
Ministry of Industry

Office of the Company Registrar

CERTIFICATE OF INCORPORATION OF COMPANY

This Certificate of Incorporation has been issued to M/s **Rastriya Prasaran Grid Company** Public Limited having incorporated it on the 12 day of July, 2015 pursuant to sub-section (1) of section 5 of the Companies Act, 2006.

2015/7/27
Asst. Registrar
सहायक रजिष्ट्रार

Date: 2015-07-12

शर्त कम्पनी संस्थापनलाई मात्र कम्पनीको उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरिएको नेमानिने हुनाले कानून अनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्य अनुसार कारोबार गर्नु पर्नेछ ।

अनुसूची -२

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको स्थापना देखि हाल सम्म बहाल रहनु भएका सञ्चालक समितिको अध्यक्षहरुको विवरण:


श्री सुमनप्रसाद शर्मा


श्री अनुप कुमार उपाध्याय


श्री संजय शर्मा


श्री दिनेशकुमार घिमिरे


श्री देवेन्द्र कार्की


श्री सुशिल चन्द्र तिवारी


श्री गोपाल प्रसाद सिग्देल


श्री सरिता दवाडी


श्री सुरेश आचार्य

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको स्थापना देखि हाल सम्म बहाल रहनु भएका प्रमुख कार्यकारी अधिकृतहरुको विवरण:


श्री सन्दिप कुमार देव


श्री नेत्र प्रसाद ज्ञवाली


श्री सागर राज गौतम


श्री सागर श्रेष्ठ

अनुसूची -३

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड र जलविद्युत् आयोजनाका प्रवर्द्धक कम्पनीबीच भएको ग्रिड जडान सम्झौताको विवरण

List of Hydro Electricity Project, MOU Signed as of 22nd July, 2025:

S.N.	Transmission Line Project	TL Project Status	Name of HEP	Promoter	Capacity (MW)	Completion Date	MOU Signed Date
1	**Karnali Corridor 400 kV TL**	Under construction	Betan Karnali Hydropower Project	Betan Karnali Sanchayakarta Hydropower Limited	688	Dec-23	27-Dec-17
2			Chuwa Khola PRoR Hydroelectric Project	Bizbell Energy Pvt. Ltd.(BEPL)	98.17	FY 2084-85	15-Dec-23
3			Mathillo Chuwa Lurupya Khola PRoR Hydroelectric Project	Nepal Portfolio Energy Pvt. Ltd. (NPEPL)	110.2	FY 2084-85	15-Dec-23
4			Namlan Khola Hydroelectric Project	Apollo Energy Pvt. Ltd. (AEPL)	135	FY 2084-85	29-Jan-24
5			Upper Mugu Karnali Hydrelectric Project	Elevate Energy Pvt. Ltd. (EEPL)	306	FY 2084-85	29-Jan-24
6			Mugu Karnali Storage Electricity Hydroelectric Project	Vidhyut Utpadan Company Limited (VUCL)	1902	FY 2092-93	5-July-2024
7			Urja Tila Power Company Private Limited (UTPC)	Tila-2 PROR hydroelectric Project	420	FY 2087-88	23- Jan-2025
8			Phukot Karnali PRoR Hydro Electric Project	Vidhyut Utpadan Company Limited (VUCL)	480	April-2029	25-Mar-22
9			Tila-1 Hydroelectric Project	S.C. Power Company Pvt.Ltd.	440	FY 2086-87	1-Jul-2025
10	**Tamor-Dhungesangu 220 kV Double Circuit TL**	SPV Company Established-RPGCL 26% Share	Ghunsa Khola Hydroelectricity Project	Remit Hydro Limited (RHL)	77.5	08 June-2026	05-Oct-21
11			Simbuwa Khola Hydroelectric Project	Simbuwa Remit Hydro Limited (SRHL)	70.3	Dec-2026	05-Oct-21
12			Super Tamor Hydroelectric Plant	Crystal Power Development Pvt.Ltd. (CPDPL)	166	June-2028	26-Feb-23

S.N.	Transmission Line Project	TL Project Status	Name of HEP	Promoter	Capacity (MW)	Completion Date	MOU Signed Date
13	**Bheri Corridor 400 kV Double Circuit TL**	under study	Jagdulla Hydroelectricity Project	Jagdulla Hydropower Company Ltd. (JHCL)	106	April-2028	05-Oct-21
14			Bheri-I Hydropower Project	Gezhouba Group Power Investment Nepal Pvt.Ltd.	270	2030	09-Apr-23
15			Integrated Mobility Solutions Private Limited (IMS)	Upper Bheri PROR Hydroelectric Project	325	FY 2088-89	21-Nov-2024
16	**Haitar- Shitalpati 400 kV Double Circuit TL**	Study Completed	Kimathanka Arun Hydroelectric Project	Vidhyut Utpadan Company Limited (VUCL)	454	2028	26-Jun-22
17	**West Seti Corridor 400 kV Double Circuit TL**	Under Study	Seti Nadi-3 Hydroelectric Project	Chilime Jalavidhyut Company Ltd. (CJCL)	87	May-2028	18-Jul-22
18			Mathillo Sunigad Hydroelectric Plant	Omega Energy Developer Pvt.Ltd. (OEDPL)	14	April-2028	28-Aug-22
19			Super Seti Hydropower Project	Sunstar Energy Pvt. Ltd. (SEPL)	46	FY 2086-87	28-Aug-23
20			Bajhang Mathillo Seti Hydropower Project	Samriddhi Energy Ltd. (SEL)	216	FY 2087-88	15-Dec-23
21			West seti HE Project	NHPC Limited	750	FY 2088-89	13-May-2024
22			Chainpur Seti Jalbidhyut Company Limited (CJCL)	Chainpur Seti HEP	210	FY 2088-89	23-Aug-2024
23		Study Completed	Malumela Seti Nadi Peaking HEP	Mata Malika Energy Multiple Pvt.Ltd.	72	FY 2088-89	1-Jul-2025
24			Maakali Seti Cascade Peaking HEP	Surma Sarobar Hydropower Pvt.Ltd.	54	FY 2088-89	1-Jul-2025

S.N.	Transmission Line Project	TL Project Status	Name of HEP	Promoter	Capacity (MW)	Completion Date	MOU Signed Date
25	**Mewa -Dhungesangu 132 kV Double Circuit TL**	Under construction	Mewa Khola Hydroelectric Project	A Cuba Energy Pvt.Ltd.(ACE)	6.63	March-2026	27-Nov-22
26			Sona Khola Hydropower Project	Himali Hydro Fund Ltd. (HHFL)	9	May-2025	05-Feb-23
27			Mewa Khola Hydropower Project	Union Mewa Hydro Ltd (UMHL)	23	Dec-2025	24-Feb-23
28			Palun Khola Small Hydropower Project	Palun Khola Hydropower pvt. Ltd. (PKHPL)	21	Oct-2025	10-Jul-23
29			Upper Mewa Khola A HEP	Surya Holding Pvt.Ltd.	31.92	FY 2084-85	1-Jul-2025
30	**Kerabari -New Marsyangdi 132 kV Double Circuit TL**	Under construction	Upper Daraudi Hydropower Project	Green Gorkha Energy Ltd.(GGEL)	9.2	15-July-2025	09-Mar-23
31			Upper Daraudi-B Small Hydropower project	Kalika Construction Pvt.Ltd. (KCPL)	8.3	28-Dec-2025	15-Jun-23
32			Upper Daraudi-C Small Hydropower Project	Kalika Construction Pvt.Ltd. (KCPL)	9.82	28-Dec-2025	
33			Super Machhakhola Hydropower Project.	Budhigandaki Hydropower Pvt.Ltd. (BHPL)	4.6	July-2028	28-Aug-23
34			Machha Khola Hydropower Project	Water Energy Development Pvt.Ltd (WEDPL)	16	Nov-2027	28-Aug-23
35			Yarukhola Hydropower Project	Yaru Hydropower Pvt. Ltd. (YHPL)	30.5	July-2027	28-Aug-23
36			Dobhan Khola Hydropower Project	Upper Syange Hydropower Ltd. (USHL)	24.5	April-2028	28-Aug-23
37			Super Daraudi Hydropower Project	Himjal Hydropower Pvt.Ltd.	9.413	FY 2085-86	1-Jul-2025
38	**Lamabagar-Bahrabise 220 kV TL**	Under Study, SPV LOI published	Lapchi Khola Hydropower Project	NASA Hydropower Ltd. (NHL)	160	-	29-Jan-24
39			Sanima Jum Hydropower Limited (SJHM)	Jum Khola jalabidhyut Ayojana	56	FY2084-85	17- Jan - 2025
40	**Humla- Phukot 400 kV Double Circuit TL**	Under Study	RURU Jalbidhyut Pariyojna Limited (RURU)	Humla Karnali -1 hydroelectric Project	235	FY 2089-90	23- Jan-2025
41			RURU Jalbidhyut Pariyojna Limited (RURU)	Humla Karnali -2 hydroelectric Project	335	FY 2089-90	23- Jan-2025

अनुसूची -४

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको भावी प्रसारण लाइन आयोजनाहरुको विवरण

Project	Voltage (kV)	Approx. Length (km)	Key Substations
Hapure-Tulsipur-Ghorahi	132	50	Tulsipur (New)
Balanch-West Seti	132	75	Upper Kalanga, Banlek
Mugu-Chainpur	400	110	Tumcha, Chainpur
Danipipal-Triveni	400	120	Triveni (New)
Kusma-Banfikot	400	130	Kusma, Banfikot
Nalgad-Phukot	400	50	Nalgad, Phukot
New Damauli-Kusma	400	70	New- Damauli, Kusma

अनुसूची -५
नेपालको बिद्युत प्रसारण नेटवर्क जोन

ZONE 1
NEPAL POWER TRANSMISSION NETWORK MAP FOR 2040 PLUS



ZONE 2
NEPAL POWER TRANSMISSION NETWORK MAP FOR 2040 PLUS



ZONE 3
NEPAL POWER TRANSMISSION NETWORK MAP FOR 2040 PLUS



ZONE 4
NEPAL POWER TRANSMISSION NETWORK MAP FOR 2040 PLUS



ZONE 5
NEPAL POWER TRANSMISSION NETWORK MAP FOR 2040 PLUS



टिपोट .....


NEPAL POWER TRANSMISSIO
INDIA
LEGEND
Transmission Line
132 kV HTLS
220 kV HTLS
PROPOSED 400kV
PROPOSED 220kV
PROPOSED 132 kV
EXISTING/UNDERCONSTRUCTION 400 kV
EXISTING 220 kV
Underconstruction_220kV
Underconstruction_132kV
EXISTING 132 kV
Hydorpower Plants
CONSTRUCTION LICENSE APPLICATION
SURVEY LICENSE APPLICATION
CONSTRUCTION LICENSE
IN OPERATION
GOVERNMENT RESERVED PROJECT
SURVEY LICENSE
UNDER CONSTRUCTION
HYDROPOWER CLUSTERS BELOW 20 MW
Substations
FUTURE_S/S
UNDER_CONSTRUCTION_S/S
EXISTING_S/S
Other Legends
Rivers/Streams
National Boundary
Protected Area
Type
BUFFER ZONE
CONSERVATION AREA
HUNTING RESERVE
NATIONAL PARK
WILDLIFE RESERVE
Land Use Area
Water body
Snow/glacier
Shrubland
Grassland
Forest
Built-up area
Barren area
Agriculture area
Coordinate System: MUTM EVEREST 1830
Projection: Transverse Mercator
Datum: Everest Bangladesh
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter
0 10 20 40 60 80
KM
1:400,000
राष्ट्रिय प्रसारण ग्रिड कम्प
Rastriya Prasaran Grid Com
(An Undertaking Company of Governm

SSION NETWORK MAP 2040



ग्रिड कम्पनी लिमिटेड
Grid Company Limited
mpany of Government of Nepal)

'बिजुली मार्ग - समृद्ध नेपालतर्फको यात्रा'

एक दशकको यात्रा

विद्युत् ऊर्जाको समुचित विकास र व्यवस्थित प्रवाह सुनिश्चित गर्ने उद्देश्यले विद्यमान प्रणालीको पुनर्संरचना गर्दै, राष्ट्रिय प्रसारण प्रणालीको नेतृत्व गर्ने निकायका रूपमा यस कम्पनीको स्थापना वि.सं. २०७२ मा गरिएको हो। 'एक दशकको यात्रा' शीर्षकको यो प्रकाशन कम्पनीको प्रारम्भदेखि हालसम्मको समग्र विकास यात्राको चित्रण हो। यसमा हामीले संस्थाले हासिल गरेका प्रमुख उपलब्धिहरू, सामना गरेका चुनौतीहरू, सिकाइका पाठाहरू र आगामी समयका लागि निर्धारण गरिएका लक्ष्यहरूलाई प्रस्तुत गरेका छौं। हामी विश्वास गर्छौं कि यो प्रकाशन केवल विगतको स्मरण मात्र होइन, भविष्यका योजनाहरूलाई रूप दिनका लागि आवश्यक ज्ञानको स्रोत समेत बन्नेछ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

बिपीसी भवन, रुद्रमति मार्ग, बुद्धनगर, काठमाडौं-१०, नेपाल

९७७-०१-४६१०१०३ । ०१-५३६६६९३ । ९८५१४१३०५८ । ९८५१४१३०५९

info@rpgcl.com

www.rpgcl.com

www.linkedin.com/company/rpgcl

www.youtube.com/@RPGCLOfficial